


• वर्ष १३ • अंक ३३ • काठमाडौं, शुक्रबार, पुस २०, २०६४ … , 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-



# …जाडोमा पनि …स्तै फेसन

…लगाइने पहिरन पनि …इलिस्ट हुँदैन, …इनका सञ्चालक …श्रेष्ठ भन्छन्– … लगाउने हो भने … फेसन पनि हट …ले युवायुवतीमाझ … फ… केट, फिटिङ जिन्स तथा फ्लेट बुटको डिमान्ड आउने युवतीहरूको संख्या उल्ले… छ। गर्मी वा जाडो दुवै मौ…मका लागि उपयुक्त मा… जिन्स पनि उत्तिकै …मा देखिन्छ। पोखराको विशालबजारस्थित न्यू क्रिएसन जिन्स फिटिङ सेन्टरमा जाडोका लागि फिटिङ स्टाइलका पाइन्ट वा ज्याकेट डिमान्ड गर्नेहरूको ताँती छ। अहिले आएर जिन्सका बाक्ला सर्ट र पाइन्टहरू बढी चलेका छन्। जिन्स सर्टको भित्रपा… कटराइज हाली वास गरेर लगाउने युवाहरू पनि उत्तिकै भेटिन्छन्। बाक्लो कटनसँगै कटराइजका पाइन्ट-सर्टको लोकप्रियता पनि उत्तिकै छ, सेन्टरका सञ्चालक सुरेशकुमार राना … जाडो-गर्मी दुवै मौ…

फेसनका … पर्दैन। छोटो र पातल… हुँदैन। जाडोमा टम… फरको ज्याकेट तथ… युवतीहरू कम … देखिँदैनन्। अहिले य… सहरका गल्ली-चो… गरिरहेका छन्। … फेसनेवल युवतीहरू … लगाएर पनि हिँड्छन… संस्थामा काम गर्ने … पाइन्टमा चिरिच्याँट्ट…

उता महिल… कुर्ता-सलवारम… गरिएको पस्मि… सजिएका पाइन्छन… उलनको कुर्ता-सलवार तथा इम्ब्रोडरी गरिएको पस्मिना सल अहिले बढी चलेको कुरा सेभी बुटिककी सञ्चालिका सविता शेरचन बताउँछिन्। उलनको टप्स, पाइन्ट तथा युवाहरूका लागि कोट स्टाइलको सेरवानी बढी चलेका छन्। बुटिकहरू मागअनुसार पहिरन तयार पार्न खप्पिस मानिन्छन्। त्यही भएर पनि जाडोको फेसन स्टाइलका लागि बुटिकहरूमा ग्राहकको भीड देखिन्छ।

जाडोमा लगाइने थरीथरीका पहिरन बजारमा उपलब्ध छन्। बढी मात्रामा स्कर्टभित्र खुट्टाको तिघ्रा छोप्ने लेगिन्स र ओभरकोट लगाउनेहरूको चमकधमक छ। यो शैली अहिलेको मौसममा युवतीहरूमाझ अझ प्रचलित देखिन्छ। यो मौसममा वातावरण पनि रमाइलो र घमाइलो हुन्छ। यस्तो बेला मौसमअनुसारको पहिरनलाई हरेकले सिरोपर गर्नैपर्ने हुन्छ। एकातिर फेसन त भयो नै, अर्कातिर शरीरलाई न्यानो राख्न पनि पहिरनमा ध्यान पुऱ्याउनुपर्छ।

अहिले बढी मात्रामा ऊनीका कपडा प्रचलनमा छन्। बग्रेल्ती खुलेका फेसन हाउस, बुटिक तथा फेसन फिटिङ सेन्टरहरूले मौसमअनुसारका फेसनेवल पहिरन तयार पार्न थालेपछि गर्मीमा मात्र होइन, जाडोयाममा समेत फेसनको पारो चढेको छ। यस्तो

● **शिव शर्मा**

पोखरा– मौसम चिसो छ। यस्तो बेला कस्तो पहिरन लगाउने भन्ने दुविधा हरेक फेसनपारखीलाई हुन्छ। अहिलेको मौसममा खुला र तिघ्रा देखिने छोटो फेसन गरेर पनि भएन। छोटो र पातलो फेसन यो मौसममा उपयुक्त हुँदैन। फेरि यस्तो पहिरनले स्वास्थ्यमा प्रतिकूल असर पुग्छ। त्यसैले हिजोआज फेसनेवल युवायुवतीहरू आफ्नो लुक्स र पहिरन शैलीमा पृथक्ता दिन नयाँ स्टाइलका साथ आफूलाई प्रस्तुत गर्न दोडादौड गरिरहेका छन्।

पातलो र छोटो नभए पनि सेक्सी र स्टाइलिस देखिन बाक्ला र लामा खालको पहिरन उपयुक्त हुने फेसन डिजाइनरहरू बताउँछन्।




## जाडोका लागि ज्याकेट

**रोजिन शाक्य**

आफ्नो मुड र वातावरणअनुसार फर्मल तथा क्याजुयल रू… लगाउन सकिने, स्टाइलिस एवं फेसनेवल देखिनुका साथै आक… आकार-प्रकार, विभिन्न रंग, डिजाइन र शैलीमा पनि पाइने भएक… ज्याकेट जाडोमा निकै लोकप्रिय भएको पाइन्छ। हिजोआज लेदर ज्या… विन्डप्रुफ, विन्डचिटर, टाइट फिटिङ ज्याकेटसहित बेस्ट लेन्थ … ब्लेजर शैलीका ज्याकेटले फेसनपारखीहरूलाई आकिर्षत गरेको … पानी र हावाबाट जोगाउने पोलिस्टर माइक्रो फाइबरबाट बनेका वि… चिटर बाइकर ज्याकेट एवं विन्ड प्रुफ ज्याकेट मोटरसाइकलचालकहरूब… लोकप्रिय छ। विभिन्न साइज र रंगमा उपलब्ध यस्ता ज्याके… विशेषता भनेकै मोटरसाइकल चलाउँदा चिसोबाट छातीलाई जोगा… हो। यही प्रयोजनका लागि चेस्ट गार्डको समेत प्रयोग देख्न पाइन… यिनका अतिरिक्त लङ नेक, हाइनेकयुक्त प्यारालल फिटिङमा भित्री … र फेदर भएका जिपरयुक्त ज्याकेटको प्रचलन पनि उत्तिकै छ।

विभिन्न रंगमा उपलब्ध हुडेड ज्याकेट, बम्बर ज्याकेटका साथै डेनिम ब्लेजर, कोट शैलस्का थ्री बटन, फोर बटन र टु बटनयुक्त जिन्स तथा कटनका ज्याकेटहरूप्रतिको क्रेज पनि उत्तिकै छ। विशेष गरी कालो, खैरो, नीलो रंगमा उपलब्ध मफ्लर शैलीको कलर भएका उलन ओभरकोट, उलन कोट एवं नी-लेन्थ ब्लेजर शैलीप्रति पनि मानिसहरूको झुकाव छ।

भारत, ताइवान, अमेरिका, चीन, हङकङ, कोरिया, थाइल्यान्ड आदि मुलुकबाट भित्रिने यी ज्याकेट १ हजार २ सयदेखि ३ हजार ५ सयसम्ममा उपलब्ध छन्। युवतीहरूमाझ चेनयुक्त स्पोर्टी एवं पफी ज्याकेट लोकप्रिय छ। युवाहरूमा ब्ल्याक, ब्राउन, ह्वाइट, ग्रे, ब्लू, येलो, रेड आदि रंगमा उपलब्ध टी-नेकलाइनयुक्त सीप लेदर ज्याकेटको क्रेज छ। ३ हजारदेखि ५ हजारसम्म पर्ने यी ज्याकेट फिटिङ शैलीमा ओपन स्लीभ तथा वेष्ट लेन्थमा उपलब्ध छन्।

**बाँकी पृष्ठ १८ मा**






तयारी क्रिकेटको साथमा फुटबल विवाद

पृष्ठ २२ र २३ मा



प्रतिस्पर्धा डिजाइन…

## क्यासेट

### थाहा पाए



गीतकार थापा वसन्तको गीतिसंग्रह 'थाहा पाए' श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो संग्रहमा १० वटा गीत समावेश छन्। संग्रहमा थापा वसन्त, थापा सीता तथा तेजप्रसाद पाण्डेयको शब्द सुन्न सुन्न पाइन्छ भने त्यसमा सुरेश अधिकारी, तेजप्रसाद पाण्डेय, रोशन लामा, चित्रलाल शर्मा तथा आलोकश्रीले संगीत भरेका छन्। त्यस्तै संग्रहमा राजेशपायल राई, सञ्जीवनी, अन्जु पन्त, वीरेन्द्र अग्रहरी, यश कुमार, उदय-मनिला सोताङ, रामकृष्ण ढकाल, स्वरूपराज आचार्य तथा राहुल वैद्यको आवाज सुन्न सकिन्छ।

### सानो आवाज



१० वर्षे रक-गायक किडसोलको पहिलो एकल गीतिसंग्रह 'सानो आवाज' दर्शक-श्रोतामाझ आएको छ। हामी धेरै साना छौं, तिमी विना, आमा, आईएम रियल्ली सरी, भुल्न, एक्लो गरेर छवटा गीत समावेश यो संग्रहलाई सम्झना अडियो एन्ड भिडियो प्रा.लि.ले बजारमा ल्याएको हो। संग्रहमा शब्द रचना रितेश क्रिश, गणेश रसिक, सविन श्रेष्ठ, सनी तथा हीरादेवीको छ। त्यस्तै संगीत बिजु कर्माचार्य, गणेश रसिक, विक्रम के मानन्धर एवं श्याम महर्जनको छ।

### सिडिज ड्रिम



स्काई म्युजिकले गायकद्वय चित्र लामा र दिलीप लामाको गीतिसंग्रहलाई बजारमा ल्याएको छ। 'सिडिज ड्रिम' ले बजारमा ल्याएको यो गीतिसंग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा राजेश लामा, आशलाल लामा, चित्र लामा, रत्न लामा तथा रवि लामाको शब्द सुन्न सकिन्छ।

## रंगमञ्च

-प्राध्यापक सञ्जीव उप्रेतीले लेखेको उपन्यास 'घनचक्कर' लाई नाट्य समूह आरोहण गुरुकुलले नाटकीय रूप प्रदान गरेको छ। भारतको नयाँदिल्लीमा चलिरहेको नवौं भारत रंग महोत्सवमा पहिलो पटक उक्त नाटक प्रदर्शन गरिनेछ। 'उपन्यासमा आधारित रहेर हामीले बुझेको घनचक्करलाई नाटकको स्वरूपमा मञ्चन गर्न लागेका छौं,' नाटकका निर्देशक सुनील पोखरेलले दिल्ली जानुअघि साप्ताहिकसँग भने- आगामी सोमबार नाटक मञ्चन हुनेछ। घनचक्करको नाटक श्रृङ्खलामा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठकका साथै गुरुकुलका अन्य कलाकारहरूले अभिनय गर्नेछन्। निर्देशक पोखरेलका अनुसार यो नाटकलाई माघ ९ गतेदेखि चैत २ गतेसम्म गुरुकुलस्थित रिमाल थियटरमा पनि मञ्चन गरिनेछ।

-नवौं भारत रंग महोत्सवका अवसरमा एक्टर्स स्टुडियोको नाटक 'टलकजंग टुल्के' पनि मञ्चन हुने भएको छ। अनुप बरालले निर्देशन गरेको यो नाटकको २८ सदस्यीय टिम यही साता दिल्ली जाँदैछ। 'चिनियाँ साहित्यकार लु-सुनले लेखेको कथालाई नेपाली परिवेश सुहाउँदो मानेर नाटकमा रूपान्तर गरेका हौं,' यसअघि नेपालमा प्रदर्शन भैसकेको यो नाटकका निर्देशक बरालका अनुसार नाटकमा राजनैतिक अस्थिरताको समयमा एउटा निर्दोष युवा कसरी बलिको बोका बन्छ भन्ने कथालाई टुल्के नामको पात्रमार्फत चित्रण गर्ने प्रयास गरिएको छ। महोत्सवमा भारत सहित १७ वटा राष्ट्र सहभागी छन्।

-गत साता लिटिल एन्जल्स स्कुलको आयोजनामा विद्यालय हाताभित्र तीनदिने नाटक मेला सम्पन्न भयो। मेलामा लगातार तीन दिन भिन्न शीर्षकका तीनवटा नाटक मञ्चन गरिए। जसमध्ये दुई बालनाटक थिए भने एउटा नाटकले देशको वर्तमान अवस्थालाई प्रतिविम्बित गरेको थियो। तीनवटै नाटकको लेखन-निर्देशन रंगकर्मी कृष्ण शाह यात्रीले गरेका थिए।

-देशमा विभिन्न जातीय नारा लिएर आन्दोलनहरू भैरहेका बेला साम्प्रदायिक सद्भाव बढाउने उद्देश्यले पूर्वी नेपालमा नाटक अभियान थालिएको छ। सुनसरीको हरिनगरास्थित बिहानी समाज विकास केन्द्रले यो नाटक अभियान अगाडि बढाएको हो। 'शान्तिको खोजी' नामक यो नाटक लिएर कलाकारहरू पूर्वका तीन जिल्लाका सबै गाविस एवं नगरपालिकामा पुग्नेछन्। पूर्वाञ्चलका झापा, मोरङ र सुनसरीमा शान्तिको कामना गर्दै नेपाली, मैथिली र थारू भाषामा नाटक अभियान थालेको बताउने अभियान आयोजक संस्थाका सचिव शिवहरि श्रेष्ठले नाटकले देशमा बढ्दै गएको जातीय द्वेष एवं घृणाको अन्त्य हुनुपर्छ भन्ने सन्देश छर्ने कुरा बताए।

## ग्यालरी

-कलाकार नरबहादुर विकको दोस्रो एकल चित्रकला प्रदर्शनी गत मंगलबार सम्पन्न भएको छ। शनिबार बुटवलस्थित सुनचाँदी व्यवसायी संघको भवनमा प्रारम्भ भएको उक्त प्रदर्शनीको आयोजना नेपाल कमर्सियल आर्टिस्ट संघ रूपन्देही शाखाले गरेको थियो। अरनिको दिवसको उपलक्ष्यमा आयोजित प्रदर्शनीमा एक्रेलिक माध्यमबाट कोरिएका २८ वटा चित्र राखिएका थिए।

-ललितकला समीक्षक समाज तथा रोटरी क्लब अफ काठमाडौंको संयुक्त आयोजनामा भएको रोटरी आर्ट प्रतियोगिता-२००७ का विजयीलाई गत साता नेपाल आर्ट काउन्सिलमा आयोजित एक कार्यक्रममा पुरस्कृत गरियो। माध्यमिक विद्यालयका विद्यार्थीहरू सहभागी भएको उक्त स्पर्धामा डीएभी स्कुलकी सुप्रिमा जोशी पहिलो, ममता विद्यासदनका विशाल राना मगर दोस्रो, विनायक शिक्षा निकेतनका लक्ष्मीबहादुर भासिमा तेस्रो भएका थिए। 'नयाँ नेपाल' शीर्षकको उक्त प्रतियोगितामा राजधानीका २५ विद्यालयका ५२ विद्यार्थी सहभागी भएका थिए। विद्यार्थीहरूले कोरेका चित्रलाई नेपाल आर्ट काउन्सिलमा प्रदर्शनसमेत गरिएको थियो।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता त्यति राम्रो छैन। सुरुमा स्वास्थ्य बिग्रन सक्छ। घरेलु समस्याले पनि सताउनेछ। आफन्तहरूले धोका दिनेछन्। काममा अवरोध आउनेछ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्। व्यवसायमा अवरोध आउन सक्छ। बुधबार तथा बिहीबार मानसम्मान पाइनेछ। काम एवं अध्ययनमा सफलता हासिल हुने तथा भाग्यले साथ दिने योग पनि छ। धार्मिक कार्यमा रुचि बढ्नेछ।

### वृष

परिश्रम गरे काम बन्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नुका साथै काममा सफलता हासिल हुनेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि प्राप्त होला। अरूको मन सजिलै जित्न सकिनेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शरीरमा चोटपटक लाग्नसक्छ।

### मिथुन

ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। मन प्रसन्न रहला। बोलीको प्रभाव बढ्नेछ। व्यवसायमा सोचेभन्दा बढी सफलता पाइनेछ। आफन्तहरूको प्रयाप्त सहयोग मिल्नेछ। तपाईंको लगनशीलता एवं इमान्दारिताले अरूलाई झुकाउनेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### कर्कट

गलत विचार बढ्न सक्छ। समयमा निर्णय गर्न नसक्दा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। शत्रु पनि बढ्नेछन्। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### सिंह

घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनेछ भने गलत विचार बढ्नेछ। समयमै निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। अध्ययनमा अवरोध आउनेछ। बुधबार तथा बिहीबार काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ भने पराक्रम बढ्नेछ। नयाँ काम पनि पाइन सक्छ।

### कन्या

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। खर्च बढे पनि राम्रै आम्दानी हुनेछ। अरूबाट सहयोग पनि पाउनुहोला। सोमबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। गोपनियतामा जोड दिनु उचित होला।

### तुला

विवाद बढ्नेछ भने धनमाल हराउन सक्छ। आफन्त बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। अरूको काममै समय बित्नेछ, तर जस पाउनुको सट्टा अपजस पाउनुहोला। सोमबार तथा मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन हुनसक्छ।

### वृश्चिक

सुरुमा मानसम्मान मिल्नेछ। भोजभतेरमा संलग्न हुन पाइनेछ। व्यवसायमा सफलता हासिल हुनेछ। लाभदायी यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। राम्रै आम्दानी हुनसक्छ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### धनु

खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप पनि लाग्नेछ भने धनमाल पनि हराउन सक्छ। सोमबार तथा मंगलबार मानसम्मान पाइनुका साथै भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको मन सजिलै जित्न सकिनेछ।

### मकर

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिक कार्यमा सफलता प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि पाउनुहोला। यात्रा हुनसक्छ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। गोपनियता अपनाउनुहोला।

### कुम्भ

मानसम्मान पाइने योग छ। अरूबाट प्रशंसा पनि हुनेछ। काममा सफलता मिल्नेछ भने जोस एवं जाँगर बढ्नेछ। आफन्तहरूको उचित सहयोग प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ भने यात्रा पनि हुनसक्छ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्नेछ। अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि आइलाग्न सक्छ।

### मीन

नैराश्यता एवं उदासीनता बढ्नेछ। घरेलु समस्याले पनि सताउनेछ। कामको बीचमा अवरोध आउनाले मनोबल घट्न सक्छ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मानसम्मान पनि पाइनेछ। रोकिएका कामहरू बन्नेछन्। पराक्रम बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ।

### यो साताको पञ्चाङ्ग

पुस २० गते : एकादशी, २४ गते : औंसी, २५ गते : तोल ल्होसार



## साता संक्षेप

**पुस १३ गते शुक्रबार**

• माओवादीका १९ हजार सेनालाई राष्ट्रसंघद्वारा आधिकारिक मान्यता, माओवादीद्वारा असन्तोष व्यक्त ।

• संसदका प्राकृतिक स्रोत-साधन समितिको बैठकद्वारा मेलम्ची आयोजनालाई बहुद्देश्यीय बनाउन प्रस्ताव, बहुद्देश्यीय बनाउन सके त्यसबाट एक सय ७५ मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्न सकिने दावी ।

• सरकारले अन्य धर्मावलम्बीसहित ७ वटा पर्वमा सार्वजनिक बिदा दिने घोषणा, ल्होसार, इद, बकरिद, छठ, क्रिसमस, माघी तथा उधौली-उभौली पर्वमा सरकारी बिदा ।

**पुस १४ गते शनिबार**

• महन्त ठाकुरको अध्यक्षतामा 'तराई-मधेस लोकतान्त्रिक' नामक दलको गठन, चाँडै निर्वाचन आयोगमा दर्ता गरिने जानकारी ।

• नुवाकोटमा बस दुर्घटना, ३ को मृत्यु, ४६ घाइते ।

• इराक हिँडेका १ सय ५ नेपाली दुबईमा पक्राउ, छुट्याउने कोही भएन ।

**पुस १४ गते आइतबार**

• एसएलसी परीक्षा संविधान सभाअघि नै गर्न शिक्षामन्त्री प्रतिबद्ध, स्नातकोत्तर द्वितीय वर्षको परीक्षा पनि संविधानसभाअघि नै गर्ने सहमति ।

• नेपालमा भैरहेको लोडसेडिङ घटाउन भारतद्वारा प्रतियुनिट ८ रुपैयाँ पाए मात्र नेपालमा बिजुली पठाउने, प्राधिकरणलाई वार्षिक डेढ अर्ब रुपैयाँ घाटा हुनसक्ने अनुमान ।

• नेपालमा उडान गर्ने विदेशी विमान कम्पनीको सङ्ख्या २२ पुग्यो, थाइल्यान्डको ओरिएन्ट विमानले पनि सेवा प्रारम्भ गऱ्यो ।

• कोरियाली निर्माण कम्पनीद्वारा बाराको निजगढमा नेपालमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बनाउन प्रस्ताव, विमानस्थलबाट काठमाडौं आउने द्रुत मार्ग पनि उसैले बनाउने ।

**पुस १५ गते सोमबार**

• कृष्णबहादुर महराको नेतृत्वमा तीन नयाँ अनुहारसहित माओवादी फेरि सरकारमा, माओवादीबाट थप दुई राज्यमन्त्री सरकारमा सामेल हुने ।

• भारतका लागि नेपालको राजदूतमा शैलजा आचार्यको असमर्थता पछि दुर्गेशमान सिंह नियुक्त ।

**पुस १६ गते मंगलबार**

• एसएलसी १७ दिनअगाडि नै चैत ४ गतेदेखि हुने, अब विदेशीले पनि एसएलसी दिन पाउने ।

• सेयर धितो राखेर कर्जा दिन बन्द गरेको विरोधमा लगानीकर्ताहरूद्वारा विरोध, सेयर कारोबारमा अवरोध ।

• धनगढीको एक आवसीय क्षेत्रमा भीषण आगलागी, दुई बालबालिकासहित ३ को मृत्यु, लाखौंको क्षति ।

**पुस १७ गते बुधबार**

• भरतपुरमा भएको ट्र्याक्टर दुर्घटनामा २ को मृत्यु, कान्तिपुरकर्मी दीपेन्द्र बडुवालसहित १६ घाइते ।

• पूर्वराष्ट्रिय पञ्चायत सदस्य राधादेवी सुनुवारको घरबाट आठ टन रक्तचन्दन बरामद ।

• निर्वाचन आयुक्तहरूद्वारा प्रधानमन्त्रीसँग भेटवार्ता, निर्वाचनको तयारी तीव्र तुल्याउन प्रधानमन्त्रीको निर्देशन ।

• नेपालमा सन् २००७ मा नेपालमा आउने पर्यटकको सङ्ख्या ५ लाख नाघ्यो, हवाइमार्गबाट मात्र ३ लाख ६० हजार पर्यटक नेपाल भित्रिए ।

• राजतन्त्रका पक्षमा राप्रपा नेपालद्वारा आन्दोलनको घोषणा, पुस २३ देखि शान्तिपूर्ण आन्दोलन थालिने राप्रपा नेपालका अध्यक्ष रवीन्द्र शर्माको दावी ।

---

## कोरियन भाषा सिकाउने नाममा ब्रह्मलुट

# अर्को कोटा पनि गुम्ने खतरामा

**'सन् २००८ मा कोरिया जान प्रतीक्षा गरेका लाखौं युवाहरूको आशा पनि सरकारी कर्मचारी तथा निजी व्यवसायीको हानथापका कारण धरापमा पर्न थालेको छ ।**

**सरकारी कर्मचारी तथा निजी व्यवसायीहरू युवाहरूलाई जसरी पनि कोरिया पुऱ्याउने आस्वासन दिएर कोरिया कोटालाई कमाइ खाने बाटो बनाउने ध्याउन्नमा लागेका छन् । यही ध्याउन्नमा हुने विभिन्न क्रियाकलापका कारण अनियमितता बढ्दै गएको छ ।**

**'कोरियन भाषा जान्ने व्यक्तिको सङ्ख्या नेपालमा ५० भन्दा बढी छैन ।' कोरियन भाषा प्रशिक्षक मणि धिताल भन्छन्, 'यस्तो अवस्थामा २ सय १८ संस्थालाई श्रम मन्त्रालयले कोरियन भाषाको प्रशिक्षण लागि सूचीकृत गर्नु अनियमितताको पहिलो उदाहरण हो ।'**

**सरकारी लचकताको फाइदा उठाएर भाषाविज्ञको अभावमै कोरियाली भाषा प्रशिक्षण खोल्ने, कोरिया जानेहरूसँग सम्पर्कमा रहने, उनीहरूसँग बैना रकम लिने कार्य बढ्न थालेपछि कोरिया कोटाको विकृति सतहमा आएको अनुमान गरिन्छ ।'**

**अश्विनी कोइराला/भोला धनकौल**

काठमाडौं, वैदेशिक रोजगारमा जान चाहनेहरूको आकर्षक गन्तव्यमा परेको कोरिया कोटा श्रम मन्त्रालयका कर्मचारीहरूको चलखेलका कारण फेरि पनि धरापमा परेको छ । राजनैतिक अस्थिरता, सरकारी ढिलासुस्ती तथा व्यावहारिक कठिनाइका कारण सन् २००७ मा नेपालले कोरियामा ५ हजार नेपाली कोटा गुमाएको थियो । सन् २००८ मा कोरिया जान प्रतीक्षा गरेका लाखौं युवाहरूको आशा पनि सरकारी कर्मचारी तथा निजी व्यवसायीको हानथापका कारण धरापमा पर्न थालेको छ । यसपटक पनि कोरियाले नेपालका लागि ५ हजार कामदारको कोटा निर्धारण गरेको छ । यो वर्ष कोरियामा कामदार पठाउन मार्च महिनासम्ममा नेपाली युवाहरूको नाम कोरियन औधोगिक प्रतिष्ठानमा पठाइसक्नुपर्ने प्रावधान छ ।

नेपालबाट कोरियामा रोजगारीमा जान चाहने युवाहरूले कोरियन भाषाको प्रशिक्षण लिनुपर्ने नियम छ । प्रशिक्षण लिएका युवाहरूलाई कोरियाबाटै आएका सरकारी प्रतिनिधिहरूले भाषा परीक्षा लिनेछन् । त्यतिमात्र होइन, भाषापरीक्षामा उत्तीर्ण भएकाहरूको स्वास्थ्य अवस्था एवं तालिमको अनुगमन पनि कोरियन प्रतिनिधिले गर्ने कार्यक्रम छ । यस्तो अवस्थामा कमजोर भाषा, स्वाथ्य तथा तालिम भएका कुनै पनि युवालाई कोरिया सरकारले स्वीकार गर्ने स्थिति छैन । यति हुँदाहुँदै पनि सरकारी कर्मचारी तथा निजी व्यवसायीहरू युवाहरूलाई जसरी पनि कोरिया पुऱ्याउने आस्वासन दिएर कोरिया कोटालाई कमाइ खाने बाटो बनाउने ध्याउन्नमा लागेका छन् । यही ध्याउन्नमा हुने विभिन्न क्रियाकलापका कारण अनियमितता बढ्दै गएको छ । यही अनियमितताकै कारण यसपटक पनि कोरिया कोटामा व्यवधान आउने शंकेत देखिएको हो ।

कोरियन भाषा जान्ने व्यक्तिको सङ्ख्या नेपालमा ५० भन्दा बढी छैन भन्दै कोरियन भाषा प्रशिक्षक मणि धिताल भन्छन्, 'यस्तो अवस्थामा २ सय १८ संस्थालाई श्रम मन्त्रालयले कोरियन भाषाको प्रशिक्षण लागि सूचीकृत गर्नु अनियमितताको पहिलो उदाहरण हो ।' धितालका अनुसार कोरियन भाषा प्रशिक्षण दिलाउने संस्थाले कोरियन भाषामा दक्षता हासिल गरेका कम्तीमा दुईजना प्रशिक्षक राख्नुपर्ने नियम छ । धेरैजसो संस्थाले पैसाको बलमा अनुमतिपत्र हासिल गरेका छन् । 'धेरैजसोले लाइसेन्स होल्ड गरेर पैसा कमाउने नियत राखेको देखिन्छ ।' नाम उल्लेख नगर्ने सर्तमा एकजना लाइसेन्स होल्डरले साप्ताहिकसँग भने, 'मैले पनि लाइसेन्सका लागि लाखौं लगानी गरेको छु । आवश्यक पर्न सक्ने भएकाले मैले भर्खरै विश्वभाषा क्याम्पसमा कोरियन भाषा अध्ययन प्रारम्भ गरेको छु ।'

लाइसेन्स लिनेमा श्रम मन्त्रालयका आफन्तहरू बढी रहेको अनुमान गरिएको छ । लाइसेन्स लिन प्रतिसंस्था ५० हजारदेखि १ लाख ४० हजारसम्म घुस खाएको चर्चाबाट पनि यसलाई दीर्घकालीन रणनीतिका रूपमा बुझिएको छ । यद्यपि सरकारी अधिकारीहरूले भने बजारमा चलेको हल्लामा सत्यता नभएको बताएका छन् । श्रम तथा रोजगार प्रवर्द्धन विभागका निर्देशक केदारबहादुर बानियाँ भन्छन्, 'बजारमा के हल्ला छ त्यो हाम्रो सरोकारको विषय होइन । प्रमाण भए हामी कारबाही गर्न कटिबद्ध छौं ।'

**व्यवसायीहरू रुष्ट**

नेपालमा ७ सय ५० भन्दा बढी संस्था वैदेशिक रोजगारीका लागि क्रियाशील छन् । कोरियामा सरकारले नै कामदार पठाउने नीति सार्वजनिक गरेपछि कोरियातर्फ धेरैको ध्यान आकृष्ट भयो । फलस्वरूप वैदेशिक रोजगार व्यवसायीहरूको व्यवसायमा संकट आएपछि उनीहरू रुष्ट हुन थाले । आफ्नो व्यवसाय जोखिममा परेपछि व्यवसायीहरूले सरकारको नयाँ नीतिको विरोध गर्दै आएका छन् । उनीहरूको मुख थुन्न सरकारले कोरिया कोटामा निजी क्षेत्रलाई भाषा प्रशिक्षण, स्वास्थ्य प्रशिक्षण तथा तालिममा सहभागी गर्न सरकार लचिलो भएको हो । यो नीतिलाई आफ्नो पक्षमा पार्न व्यवसायीहरूबीच प्रतिस्पर्धा हुन थालेपछि यसमा विकृति बढ्न थालेको हो । सरकारी लचकताको फाइदा उठाएर भाषाविज्ञको अभावमै कोरियाली भाषा प्रशिक्षण खोल्ने, कोरिया जानेहरूसँग सम्पर्कमा रहने, उनीहरूसँग बैना रकम लिने कार्य बढ्न थालेपछि कोरिया कोटाको विकृति सतहमा आएको अनुमान गरिन्छ ।

**सरकारी ढिलासुस्ती**

कोरियामा नेपाली कामदार पठाउने समय क्रमशः घर्किरहेको छ । यद्यपि सरकारले अहिलेसम्म कोरिया जाने कामदारबाट कति शुल्क लिने, यसका लागि शैक्षिक तथा स्वास्थ्य मापदण्ड के हुने भन्ने विषयमा निर्णय गरेको छैन । त्यति मात्र होइन, बजारमा भाषा प्रशिक्षणका लागि विज्ञापन गरिरहेका संस्थाहरूलाई सरकारले अनुमतिपत्र समेत नदिएको दावी रोजगार प्रवर्द्धन विभागका निर्देशक बानियाँको छ । 'हामीले २ सय १९ संस्थाको नाम मात्र सूचीकृत गरेका हौं, अनुमति दिइसकेका छैनौं । उनीहरूको भौतिक पूर्वाधार, भाषा शिक्षकको योग्यता आदिका आधारमा अनुमति दिने योजनामा छौं ।' यता कोरिया जाने समय नजिकिने क्रममा सरकारले अनुमति दिनु अगावै आफूहरूले भाषा प्रशिक्षण प्रारम्भ गरेको व्यवसायीहरू बताउँछन् । 'सरकारको गतिमा हिंड्ने हो भने एकजना व्यक्तिले पनि कोरियन भाषा सिक्न सक्दैनन् ।' कोरियाली भाषा प्रशिक्षक धिताल भन्छन्, 'एकजना व्यक्तिलाई कम्तीमा पनि १ सय ५० घन्टा कोरियन भाषाको तालिम दिनुपर्ने नियम छ । सरकारी आशामा रहने हो भने एकजनाले पनि कोरियन प्रतिनिधिको परीक्षा उत्तीर्ण गर्न सक्तैनन् ।'

**आशा कायमै**

विभिन्न अप्ठ्याराका बाबजुद पनि नेपाली युवाहरू भने कस्सिएर कोरियन भाषा सिक्न थालेका छन् । अहिले करिब २ सय संस्थाले कोरियन भाषाको प्रशिक्षण प्रारम्भ गरेका छन् । जसमा करिब ७ हजार युवाले कोरियन भाषाको अध्ययन गर्न थालेका छन् । अरू बेला कोरियन कक्षा खाली रहने विश्व भाषा क्याम्पसमा अहिले यो भाषा दुई सिफ्ट अध्ययापन हुन थालेको छ । कोरिया सरकारले ८ घन्टा काम गर्दा ७ सय ५० अमेरिकी डलर बराबरको रोजगारी दिने नीतिका कारण पनि युवाहरू कोरियन भाषा सिक्न मरिहत्ते गरिरहेका छन् । कतिपयले कोरियन कोटा मिलाइदिन आश्वासनमा शैक्षिक संस्थाहरूलाई ५० हजारदेखि १ लाख ५० हजार रुपैयाँसम्म बुझाएका छन् । यद्यपि यस्तो कुरा सार्वजनिक गर्दा बन्न लागेको काम बिग्रने डरले उनीहरू यस्तो कुरालाई गोप्य नै राख्न चाहिरहेका छन् ।

## सम्पादकीय

# कामदारहरूको सुरक्षाको प्रश्न

अहिले लाखौं नेपाली रोजगारीको सिलसिलामा विदेशमा छन् । खासगरी कोरिया, मलेसिया र मध्यपूर्वका मुलुकहरूमा काम गर्ने नेपालीहरूको जीवन जोखिममा रहँदै आएको छ । स्थानीय कामदारहरूले गर्न अस्वीकार गर्ने जटिल प्रकृतिका कामहरूमा नेपाली कामदारहरूलाई खटाइने गरिएको छ भन्ने विषयले बेलाबखतमा विवाद सिर्जना गर्दै आएको छ । यस्ता जोखिमपूर्ण काममा संलग्न नेपालीहरूले ज्यान गुमाउनु परेका समाचारहरू प्रकाशित भैरहन्छन् । सन् २००७ मा खाडी क्षेत्रमा मात्रै यस्तै जोखिमपूर्ण काममा संलग्न नेपाली कामदारहरूमध्ये पाँच सयभन्दा बढीले ज्यान गुमाउनुपरेको समाचार सार्वजनिक भएपछि अहिले विदेशमा काम गर्ने नेपालीहरूको सुरक्षाका विषयमा एउटा नयाँ वहस देखापरेको छ । खाडी क्षेत्रमा काम गर्दागर्दै यसरी ज्यान गुमाउनेहरूमध्ये ५० प्रतिशतको मृत्यु अस्वाभाविक रहेको तथ्यलाई मध्यनजर गर्ने हो भने सो क्षेत्रमा नेपालीहरूको सुरक्षाका लागि सरकारले त्यहाँको सरकारसँग व्यापक छलफल गर्नुपर्ने आवश्यकता देखिएको छ । मध्यपूर्वमा कामका लागि पुग्ने अधिकांश नेपालीहरू दलालको सहयोगले पुग्छन् । नेपालीहरूसमक्ष कामको छनौट गर्ने कुनै विकल्प हुँदैन । जसरी भए पनि काम पाउनुपर्छ भन्ने मान्यतालाई आत्मसात गरेर विदेशिने नेपालीहरू नै यस्तो मृत्युवरण गर्न बाध्य हुने गरेका छन् । नेपाली कामदारहरूको यस्तो बाध्यतालाई सरकारले समयमै निराकरण गर्न सक्नुपर्छ ।

बाँच्न पाउनुपर्ने र सुरक्षित काम गर्न पाउनु पर्ने अधिकार सबै मानिसका लागि सबै ठाउँमा समानरूपले मौलिक अधिकारका रूपमा व्याख्या गरिएको हुन्छ तर मध्यपूर्वमा नेपालीलाई काम दिने स्थानीय रोजगारदाताले नेपालीहरू जस्तोसुकै काम पनि गर्छन्, उनीहरूलाई केही भैहालेमा त्यसले सिर्जना गर्ने कानुनी झन्झटहरू पनि नभए बराबर छ भन्ने मानसिकता राख्ने गरेको पाइन्छ । उनीहरूको यस्तो मानसिकताका लागि धेरै–थोरै नेपाल सरकार र यहाँका स्थानीय वैदेशिक रोजगारमा पठाउने एजेन्टहरू पनि जिम्मेवार देखिएका छन् । यस्तो स्थितिको अन्त्यका लागि सरकारले आफ्नो सुपरीवेक्षण र अनुगमन गर्ने निकायलाई सुविधा र शक्तिसम्पन्न बनाउन सक्नुपर्छ । साथै रोजगारीका लागि नेपालीहरूलाई विदेश पठाउने संघ–संस्थाहरू पनि नेपाली कामदारको हक–अधिकारप्रति सचेत रहनुपर्छ । हामीकहाँ पैसा भएपछि जे पनि हुन सक्छ भन्ने मानसिकता विद्यमान रहेकाले विदेशमा काम गर्न जाने कामदारहरूप्रति न त सरकार न त रोजगारका एजेन्टहरू नै जिम्मेवार बन्न सकेका छन् । यस्तो स्थितिको अन्त्य नभएसम्म विदेशमा नेपाली कामदारहरूले अकालमा मृत्युवरण गर्नुपर्ने बाध्यता कायम रहनेछन् । यो विषयमा सरकारले यथासक्य चाँडो आफ्नो नीति तथा योजना सार्वजनिक गर्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### शिशुहरूको सामाजिक व्यवहार

आमा र शिशुबीच घनिष्ठ सम्बन्ध हुन्छ । यो सम्बन्ध त्यतिबेलै प्रारम्भ हुन्छ, जतिबेला शिशु आमाको कोखमा हुन्छ । एउटा शिशुको सबैभन्दा नजिकको नाता आमा नै हुन् ।

शिशुहरू आफ्नो छेउछाउका वस्तुहरूबाट अनभिज्ञ हुन्छन् । त्यतिबेला आमाको भूमिका गम्भीर हुन्छ । सुरुको ६ महिना एउटा शिशुका लागि एकदमै कठिन हुन्छ । यतिबेला उनीहरूमा विभिन्न स्तरको विकास हुन्छ । जसमध्ये सबैभन्दा महत्त्वपूर्ण कुरा हो– सामाजिक व्यवहार । सुरुमा शिशुहरू आमा र आफ्नो परिवारका साथ व्यावहारिक क्रिया आरम्भ गर्छन् । उनीहरू आफ्नो आधारभूत आवश्यकताभन्दा बढी सामाजिक क्रियामा लिप्त रहन्छन् । उनीहरूलाई नातेदारसँग परिचय गराउने गहन जिम्मेवारी आमाकै हुन्छ ।

नवजात शिशुले आमाको निकटता चाहन्छ । उनीहरू विभिन्न इसाराबाट टाउको हल्लाएर, मुख खोलेर, बिज्रो चलाएर आमालाई नजिक बोलाउँछन् । यो उसको प्रथम सम्प्रेषण हो । उनीहरूको सर्वोत्तम विकासका लागि आमाले त्यस्ता संकेतहरू बुझ्नु र उनीहरूसँग कुरा गर्नु आवश्यक छ । यसले गर्दा उनीहरूले चाँडै भाषा सिक्छन् र केही समयपछि उनीहरू मुखबाट केही आवाज निकाल्न थाल्छन्, कसैलाई देखेर हाँसेर प्रतिउत्तर दिन सक्छन् ।

चार महिना भैसकेपछि शिशुले एकान्त मन पराउँदैनन्, एक्लै भए रुन थाल्छन् । उनीहरू अन्य व्यक्तिको उपस्थितिमा खुसी हुन्छन् । नातेदारको उपस्थितिमा उनीहरूमा सम्प्रेषण कलाको विकास हुन्छ ।

पाँच महिनामा शिशुसँग सञ्चालन माध्यम हुन्छ- आवाज, हावभाव, रुनु र सुत्नु । अब उनीहरू गाली गर्ने र मायाको अन्तर सिक्न थाल्छन् । ध्वनिको विविधताअनुसार उत्तर दिन सक्छन् । उनीहरू अपरिचित मानिससँग नहाँसी परिचित मानिससँग मात्र हाँस्छन् र खेल्छन् ।

६ महिनामा उनीहरू आँखाको साथै हातको प्रयोग गर्न थाल्छन् । वस्तु र मानिसहरूलाई आँखाले हेर्नुको सट्टा हातको स्पर्शद्वारा महसुस गर्न थाल्छन् ।

बालबालिकाहरू पनि परिवारका महत्त्वपूर्ण सदस्य हुन् । त्यसैले घरको नियम जान्न र त्यसमा सम्मिलित हुन उनीहरूलाई आमाको सहयोग चाहिन्छ ।

**–दीपकलाल श्रेष्ठ**

### नेपालमा पर्यटन उद्योग : स्थिति, समस्या र चुनौती

नेपाल पर्यटन गन्तव्यका लागि एक उत्कृष्ट स्थल मानिन्छ । यहाँ बर्सेनि लाखौं पर्यटक आउँछन् । पर्यटन उद्योग अहिले सबै विकसित, विकासोन्मुख र अविकसित देशहरूको प्राथमिकतामा परेको छ । प्रशस्त भौतिक सुविधा जुटाउने, धेरैभन्दा धेरै पर्यटकलाई तान्ने र सकेसम्म बढी विदेशी मुद्रा आर्जन गर्ने उद्देश्य सबै देशले राखेका हुन्छन् । पर्यटनको विकासले गर्दा विदेशी मुद्रा आर्जन त हुन्छ नै, यसका अतिरिक्त आय, रोजगारी, क्षेत्रीय विकास, औद्योगिक एवं व्यावसायिक वृद्धि, सांस्कृतिक एवं वातावरण संरक्षण आदिमा बहुआयमिक प्रभाव पर्छ ।

नेपालमासरकारी तथा गैरसरकारी क्षेत्रबाट आवश्यक कार्य नगरिएको हुँदा प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धन हुन सकेको छैन । कुनै पनि क्षेत्रको समुचित विकास हुन लगानीको आवश्यकता पर्छ, त्यसमाथि पर्यटन क्षेत्रमा अन्य क्षेत्रको तुलनामा बढी लगानी आवश्यक छ ।

सम्बन्धित निकायबाट आवश्यक कार्य गरिए नेपालमा पर्यटन उद्योगको राम्रो सम्भावना छ । नेपालको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, सांस्कृतिक विशिष्ठता एवं नेपालीहरूको अतिथिप्रतिको व्यवहारले पर्यटन विकास र विस्तार गर्न सकिने असीमित सम्भावना छन् । भौगोलिक अवस्थिति, सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता, परम्परागत कला-कौशल, ऐतिहासिक, पुरातात्त्विक सम्पदा एवं मानवीय व्यवहारले नेपालमा पर्यटन उद्योगको सम्भावना प्रशस्त मात्रामा छ ।

पर्याप्त लगानीबिना कुनै पनि उद्योग-व्यवसाय फस्टाउन सक्दैन । वास्तवमा पर्यटन व्यवसायमा सरकारी र निजी क्षेत्रको लगानी, विदेशी अनुदान एवं सहयोग, प्रत्यक्ष विदेशी लगानी आदि महत्त्वपूर्ण स्रोत हुन् ।

नेपालको पर्यटन नीति, १९९५ का अनुसार सरकारको नीति निजी क्षेत्रको सहयोगीका रूपमा मात्र रहने भन्ने उल्लेख भए पनि पर्यटनको विस्तार र विकासमा पर्याप्त लगानी हुन सकेको छैन ।

राष्ट्रिय आय, बचत र लगानीजस्ता अर्थतन्त्रका परिसूचकहरूमा अपेक्षित वृद्धि हुन नसकिरहेको अवस्थामा पर्यटन क्षेत्रमा यथेष्ट बजेट उपलब्ध नहुनु स्वाभाविक हो । त्यसमाथि नेपालको निजीक्षेत्र पर्णतः सक्षम नभैसकेको र पूँजी बजार पनि विकासकै क्रममा रहेकाले पर्यटन क्षेत्रमा थप लगानी हुने वातावरण बन्न सकेको छैन ।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

## तीतो सत्य

• देह र आत्माको वियोग नै मृत्यु हो ।

**Adtoya_raj@yahoo.com**

-देख्नेहरूले जे देखे पनि आफूले आफ्नो कर्तव्य भुलेको छैन भने उनीहरूको आँखामा पर्दा लगाइरहनु पर्दैन ।

• होसियारी नै विपत्तिको ढाल हो ।

• तिमी राम्रो मानिस बन्छौ भने कल्पनाले मात्र पुग्दैन, समयको माग अनुसार चल्नुपर्छ ।

• कुनै कुराको ज्ञान छैन भने सर्तकता अनिवार्य छ ।

• समय छँदै सोचिएन भने पछुतो बाहेक अरू केही हुँदैन ।

• आफैले बोलेका कुरा आफूलाई थाहा नभए तिनै कुराले मानिसलाई समय-समयमा दुःख दिन्छन् ।

• आत्मबल कमजोर भएपछि मानिसले हरेक काम बिगार्छ ।

• संसारमा बलियो मानिस त्यो हो जो एक्लै उभिन्छ ।

• साँचो व्यवहारले मानिसलाई सजिलोसँग हिंडाउँछ ।

• मानिसको भाग्य निधारमा होइन, पाखुरामा हुन्छ ।

**थिरबहादुर दाहाल, खोटाङ**

• कुनै व्यक्ति सुखी तथा खुसी छ भने ऊ जहाँ गए पनि आफू बसेको वतावरणलाई सुखमय बनाउन सक्छ ।

• जुन वस्तु सजिलै पाउन सकिन्छ त्यसको महत्त्व हुँदैन ।

**पद्मा सिटौला, इटहरा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुख्वाले

सीमा अतिक्रमणाको विवादका सम्बन्धमा सात दलले नबोले अनर्थ लाग्छ ।

**साहना प्रधान, परराष्ट्रमन्त्री**

अब नेपालमा कोही पनि राजा वा राजाको छोरा भएर जन्मनेछैन ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

अब म ठोकेर भन्न सक्छु चैत २० गतेसम्ममा निर्वाचन प्रारम्भ हुन्छ ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

अब राजाले नारायणहिटी राजदरबार आफैंले छोडेर गए राम्रो हुन्छ ।

**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनर्निर्माणमन्त्री**

म दोहोऱ्याएर यो कुरा भन्दैछु, राष्ट्रवादी शक्तिहरू एक हुनु आवश्यक छ ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

संघीय राज्य वा क्षेत्रीय पार्टी जन्मिएकोमा मलाई चिन्ता छैन, किनभने यसैबाट राष्ट्रिय एकता बलियो हुन्छ ।

**विमलेन्द्र निधि, महामन्त्री, नेपाली कांग्रेस**

पेट्रोलको मूल्यवृद्धि मैले गरेको होइन, प्रधानमन्त्रीले मूल्यवृद्धि गर्न जबरजस्ती गर्नुभएको हो ।

**श्यामसुन्दर गुप्ता**
**उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री**

अब केही वर्षभित्रै नेपालमा महिला प्रधानमन्त्री देख्न पाउनुहुनेछ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

राजा प्रजातन्त्रको बाटोमा नहिँडेपछि नेपाली कांग्रेस बाध्य भएर गणतन्त्रको बाटोमा गएको हो ।

**शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री**

देशमा टिके गणतन्त्र आएकाले हामीले आन्दोलनको घोषणा गरेका हौं ।

**रवीन्द्रनाथ शर्मा, अध्यक्ष, राप्रपा नेपाल**

## नीति नियम

राज्यका कर्मचारी तथा जनताको शुद्धता जाँचका लागि गुप्तचरहरूको नियुक्ति गर्नुपर्छ । उनीहरूलाई धन तथा मानद्वारा सन्तुष्ट राख्नुपर्छ । गुप्तचरहरू पाँच प्रकारका हुन्छन् । राज्य सञ्चालनका लागि गुप्तचरहरूको नियुक्ति आवश्यक छ । उनीहरूको साधारण कर्तव्य षडयन्त्रहरूका बारेमासमयमै सूचना दिनु हुन्छ । उनीहरूको विशेष कर्तव्य कर्मचारीहरूको शुद्धता पत्ता लगाई विद्रोही स्वभाववालाहरूका बारेमा बेलैमा सूचना पुऱ्याउनु । धर्मोपधा, अर्थोपधा, कामोपधा तथा भयोपधा जस्ता चार किसिमका विधिबाट कर्मचारी एवं मन्त्रीहरूको शुद्धता तथा स्वामिभक्तिको ज्ञान लिन सकिन्छ ।

प्रथम कोटीको गुप्तचरलाई कापटिक भन्छन् । यिनीहरू मर्म जान्ने काममा कुशल एवं कपटभेषधारी हुन्छन् । यिनीहरू प्रायः विद्यार्थीको भेषमा घुमफिर गर्छन् ।

दोस्रो दर्जाका गुप्तचरलाई 'उदास्थिति' नाम, दिइएको छ । यी संन्यासी भेषधारी, बुद्धिमान् तथा सुपरीक्षित हुन्छन् । यिनीहरू गाउँको बाहिरी भागमा मठ बनाएर बस्छन् र विशेष गरी किसानहरूका बीच विचरण गर्छन् ।

-चाणक्य नीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा




कस्तो अनौठो कला ? नेपाली हुन् वा विदेशी सबै छक्क पर्छन् । उनको कलामा पाइने पृथक् शैली देखेर जोकोही पनि मोहित हुन्छन् । कुनै काम गर्न विदेशी भूमिले अवरोध गर्दो रहेनछ । नेपालीहरू विदेश धन कमाउनका लागि मात्र जान्छन् भन्ने लाग्छ । तर बैदाम लेकसाइडका ३५ वर्षीय तन्नेरी हरिप्रसाद गुरुङको जीवनमा यो कुरा लागू हुँदैन । उनी हङकङको जोर्डनमा बसेर पनि कला साधनामा लागिपरेका छन् ।

गुरुङले विदेशी भूमिमा बसेर रंग र कुचीको सहायताले नेपाली कला र संस्कृतिलाई चिनाइरहेका छन् । उनको कलाले हङकङवासी नेपाली मात्र होइन, स्थानीय चिनियाँहरूलाई पनि आकर्षित गरेको छ । उनको कलामा नेपाली रहनसहन र शैली देख्न सकिन्छ ।

गुरुङद्वारा सिर्जित नेपालको प्राकृतिक सौन्दर्य झल्कने चित्रहरू हिमाल, पहाड, तराई, शान्तिका अग्रदूत गौतम बुद्ध, एसियन मूलका महिला केटाकेटीहरूका पोर्ट्रेटहरूले जोकसैको मन आल्हादित हुन्छ । उनको कलामा पानीरंग र तेलरंग दुवैको सम्मिश्रण भेटिन्छ ।

सन् २००० मा हङकङका चर्चित कलाकार मिस्टर किङसाङसँग भेट भएपछि उनको कलाको दायरा फराकिलो बन्न पुग्यो । एकल र सामूहिक गरी उनले अहिलेसम्म दर्जनौं पटक आफनो कला प्रदर्शन गरिसकेका छन् । गुरुङको कला हङकङमा ५ देखि १० हजार हङकङ डलरसम्ममा बिक्री हुँदै आएको छ ।

## साइबर गर्ल

रोशनाको घरमा बोलाउने नाम 'काली' हो । झापामा जन्मिएकी रोशनाको उचाइ ५ फिट २ इन्च छ । खैरो आँखा भएकी रोशनाले मोडल संसार डटकमका लागि तस्बिर खिचाएकी छिन् । आकर्षक अनुहारकी धनी रोशनाको शारीरिक सुन्दरतामा मख्ख पर्नेहरूको संख्या उल्लेख्य छ । रोशनाको बनावट ३४x२६x३६ छ । रोशना कुशल नृत्याङ्गना हुन् । उनले विभिन्न नृत्य प्रतियोगितामा भाग लिएर पुरस्कार पनि हासिल गरेकी छिन् । नेपाली मोडलिङमा आफ्नो अलग पहिचान राख्ने उद्देश्य लिएकी रोशनालाई विज्ञापन मोडलिङमा बढी रुचि छ । सन् १९९७ देखि मोडलिङ यात्रा प्रारम्भ गरेकी रोशनाले मोडलिङका प्रायः सबै विधाको अनुभव हासिल गरिसकेकी छिन् । उनले विभिन्न टेलिश्रृङखलामा पनि अभिनय गरेकी छिन् । नेपाली फेसन पेसागत रूपमा बलियो हुँदै गएकाले यो क्षेत्रमा क्यारियर खोज्न सक्ने अवस्था आएको छ । रोशना भन्छिन्- 'त्यसैले यो क्षेत्रमा लागेर सफल महिला बन्ने चाहना राखेकी छु ।'

### रोशना दाहाल





## हट हेडलाइन

### प्रचण्डको कूटनैतिक पासा

पार्टी आलोचनाबाट मुक्त हुन नेकपा माओवादीका अध्यक्ष प्रचण्डले नयाँ रणनीति अपनाएको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। समाचारअनुसर गत भदौमा सम्पन्न पार्टी बैठकमा चुनावमा जाने विषयमा प्रचण्डको चर्को आलोचना भएपछि माओवादी चुनावमा नजाने निर्णय गर्दै मंसिरको चुनाव रोकिएको थियो। त्यसपछि फेरि प्रचण्डको आलोचना भएपछि अहिले प्रचण्डले चलाखीपूर्ण कदम चालेका छन्। विगतमा किरण, बादल, विप्लव र गौरवको खेमाबाट आलोचित प्रचण्डले अहिले उनीहरूसँगै बसेर अन्य दलसँग सहमति गर्न थालेका छन्। विमर्शका अनुसार प्रचण्डको यो पछिल्लो रणनीतिले कतै डा.बाबुराम भट्टराई खेमालाई असन्तुष्ट बनाउने त होइन ? भन्ने चुनौती पनि देखिएको छ।

### सशस्त्रलाई चीनका हतियार

नेपालको सुरक्षा संयन्त्रणलाई आवश्यक पर्ने सम्पूर्ण सुरक्षा सामग्री प्राय: भारत र अमेरिकाबाट खरिद गरिंदै आएकोमा सशस्त्र प्रहरी बलका लागि भने चीनबाट सुटुक्क हतियार भित्र्याइएको समाचार छलफल साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार अघिल्लो मंगलबार १२ ट्रक हतियार भित्राइए पनि ती हतियारके प्रयोजनका लागि आएका हुन् भन्ने कुरा अझै केही खुल्न सकेको छैन।

### अन्तरिम संविधान मिच्दा ६ सय मुद्दा अलपत्र

संविधानको व्याख्या गर्ने निकाय सर्वोच्च अदालतले अन्तरिम संविधानले व्यवस्था गरेको विषय लागू नगराउँदा अन्तरिम संविधान घोषणा भएपछि सर्वोच्चमा पुनरावलोकनका लागि परेका ६ सयभन्दा बढी मुद्दा अलपत्र परेको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार त्यस्ता मुद्दा न्यायाधीशका गलत फैसलाबाट उत्पादित भएका हुन्। सर्वोच्चकै पूर्व नजिरहरू र नियम कानुन तथा संविधान समेतका विपरीत फैसला भएको भनी सर्वोच्च अदालतका रजिष्ट्रारले टिप्पणी उठाएपछि मात्र त्यस्ता मुद्दा पुनरावलोकनका लागि दर्ता हुन्छन्।

### नेताको बोलीमाथि प्रचण्डको प्रतिबन्ध

माओवादीका अध्यक्ष प्रचण्डले पार्टीको केन्द्रीय समितिको बैठकभन्दा अगाडि कुनै पनि किसिमको विवादित कुरा नबोल्न आग्रह गर्दै आफ्ना नेता तथा कार्यकर्तामाथि सार्वजनिक व्यक्तव्य दिन प्रतिबन्ध लगाएको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार सात दलबीच सम्पन्न पछिल्लो २३ बुँदे सहमतिप्रति पार्टीभित्रका केही नेताले असहमति जनाएपछि र पूर्ण समानुपातिक निर्वाचन पद्धतिप्रति पार्टीले आफ्नो अडान लिन नसकेको आरोप लगाउँदै प्रचण्ड विरुद्ध अडान लिएपछि यस्तो निर्णय गरिएको दाबी उक्त साप्ताहिकले गरेको छ।

### माओवादीको सिफारिसमा अपराधि छुटे

माओवादीका केही जिम्मेवार व्यक्तिहरू अहिले संगीन अपराधको अभियोगमा थुनामा रहेका व्यक्तिहरूलाई छुटाउने काममा संलग्न भएको समाचार साँघु साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार माओवादीका जिम्मेवार नेता गंगा श्रेष्ठले सिन्धुलिका होमबहादुर भुजेल जो ज्यान मुद्दाको अभियोगमा जेलमा थिए, लाई आफ्नो सिफारिसमा छुटाएका छन्। अहिले श्रेष्ठ अपराधीहरूलाई पार्टी कार्यकर्ता भएको सिफारिस गर्ने र जेलबाट छुटाउने काममा सक्रिय भएको बताइएको छ।

### तुलसी गिरीलाई आठ कोठे घर

दलविहीन पञ्चायती व्यवस्थालाई पनि क्रमश: प्रतिस्पर्धात्मक बनाउँदै लाने स्व. राजा वीरेन्द्रको नीतिप्रति असहमति जनाउँदै देशै छाडेर जाने शाहीकालका मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरी पनि अन्तत: नेपालमै बस्ने अन्तिम टुंगोमा पुगेको समाचार जनआस्था साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार भारतको बेंगलोरमा स्थायी बसोबास गर्दै आएका डा. गिरीले नेपालमा बस्नका लागि बेंगलोरको घर डेढ करोड भारतीय रुपैयाँमा बिक्री गरेका छन्। उक्त रकमले उनले काठमाडौं मन्डिखाटारमा आफू बस्दै आएको निबास खरिद गरिसकेको बताइन्छ। स्रोतका अनुसार सुरक्षा गार्डसमेत बस्न मिल्ने उक्त घरमा आठवटा कोठा छन्। उक्त घरले एक रोपनी छ आना जग्गा चर्चेको छ।

## मेरो विचार

### चाँडै चुनाव होस्

मंसिर ६ गते संविधानसभाको निर्वाचन हुन सकेन। सबै नेपालीलाई आशा छ- चाँडै नै संविधानसभाको निर्वाचन हुनेछ। यही क्रममा संविधानसभाको मिति लम्बिंदै गयो भने अर्को जनआन्दोलनको आवश्यकता हुनसक्छ।

संविधान राष्ट्रको मूल कानुन हो जसले राष्ट्रको शासन व्यवस्था सञ्चालन गर्ने विधि एवं संरचना निर्धारित गर्छ। संविधानसभा आफ्नो देशको शासन चलाउने नियम जनता आफैले चुनेका प्रतिनिधिबाट निर्माण गर्ने प्रणाली हो। संविधानसभाको निर्वाचन भाँड्न खोज्ने जो-कोहीलाई कडा सजायँ हुनुपर्छ। त्यसैले संविधानसभाको निर्वाचन भाँड्न खोज्ने दुस्प्रयास कसैले गर्नु हुँदैन।

अब हुने संविधानसभाबाट नेपाली जनताले विभिन्न अपेक्षा गरेका छन्। लोकतान्त्रिक गणतन्त्र, दिगो शान्तिको स्थापना, राजतन्त्रको अन्त्य, स्वतन्त्रताको अधिकार, सुरक्षा तथा भेदभाव विरुद्धको समाज संविधानसभाबाट नेपाली जनताको अपेक्षा हो।

नेपालको सन्दर्भमा निर्वाचनलाई पहिलो हुनेले जित्ने, समानुपातिक र मिश्रित प्रणाली गरी तीन प्रणालीमा बाँडिएको छ। यी तीनै प्रणालीमध्ये उत्कृष्ट मानिएको प्रणालीलाई सरकारले अवलम्बन गरी अघि बढ्नु आवश्यक हुन्छ। जस्तोसुकै प्रणालीलाई अवलम्बन गरे पनि अब निर्माण हुने संविधानले सबै क्षेत्र तथा वर्गका मानिसहरूको भावना समेट्नुपर्छ, जनताको माग पनि यही हो।

संविधानसभाको निर्वाचनका लागि नेपाली जनताको भूमिका सर्वाधिक महत्त्वपूर्ण हुन्छ। अहिले नेपाली जनताबीच मेलमिलापको खाँचो छ। यसका लागि कुनै बाधा तथा अड्चन उत्पन्न हुन नदिन प्रयत्न गर्नुपर्ने हुन्छ। समाजमा रहेका सबै योग्य तथा उमेर पुगेका व्यक्तिलाई मतदानका लागि प्रेरित गर्नु हाम्रो कर्तव्य हो। प्रदेशका दृष्टिले हेर्नुपर्दा पहाडीले मधेसीलाई तथा मधेसीले पहाडीलाई बाधा पुग्ने कुनै पनि काम गर्नु हुँदैन। संविधानसभाको निर्वाचनका निम्ति हामी सबैले नेपाली नागरिकको हैसियतले प्रचारप्रसार कार्यमा सहयोग गर्नु समयको माग हो।

**सन्देश शर्मा, काठमाडौं**
**(पुरस्कृत विचार)**

### संविधानसभाको तगारो

संविधानसभाले बनाएको संविधानमा जनताको आत्माको बास हुन्छ र त्यसले जनताको भावना बोल्छ। त्यसैले संविधानसभा आफूलाई अनुशासित र मर्यादित बनाई समुन्नत राज्य सञ्चालन गर्ने संविधान निर्माण गर्ने वैधानिक थलो हो। आफू शासित हुने सविधान निर्माण गर्ने प्रक्रियामा संलग्न हुन पाउने अवसर त्यसमा पनि विभिन्न वर्ग, लिङ्ग, क्षेत्र तथा जातिका प्रतिनिधिहरूको प्रतिनिधित्व हुने भएकाले यसलाई संविधान निर्माण गर्ने सबैभन्दा उत्तम एवं प्रजातान्त्रिक पद्धति मानिन्छ।

राष्ट्रको जीवनमै विरलै मात्र आउने संविधानसभाप्रति आशंका एवं वितृष्णा बढ्दै गएको छ। देशको तराई क्षेत्र यतिखेर सशस्त्र द्वन्द्वमा फसेको छ। दिनहुँजसो बन्द, हड्ताल भैरहेको छ भने हत्या-हिंसा, लुटपाट, कुटपिट एवं चोरीको श्रृंखला जारी छ। जनता डर र त्रासको अवस्थामा छन्। संविधानसभातर्फ कछुवाको चालमा ध्यान केन्द्रित गरेको सरकारले संविधानसभाको निर्वाचन तत्कालै सम्पन्न गराउन जति कठिन देखिन्छ। विभिन्न माग राख्दै सशस्त्र तथा शान्तिपूर्ण आन्दोलनमा उत्रेका मधेसी, पहाडी, हिमाली समग्र नेपाली जनताका जायज मागलाई छिटोभन्दा छिटो सम्बोधन गरी वार्ताबाटै समस्याको समाधान खोजी हत्या-हिंसाका श्रृंखला रोकी गाउँ-गाउँमा संविधानसभाप्रति जनचेतना जगाउँदै निर्वाचनको वातावरण बनाउनु आवश्यक देखिन्छ। संविधानसभा नै देशमा चलिरहेको सम्पूर्ण खालका द्वन्द्व समाधान गर्ने अचूक औषधी भएकाले विद्यमान द्वन्द्व तथा अन्य संघ-संस्थाले राखेका मागलाई वार्ताबाटै समाधान नखोजी यही अवस्थामा नेपाल र नेपालीको भाग्य कोर्ने संविधानसभा निर्वाचन गराउन खोज्नु मरुभूमिमा स्याउ खेती गर्नु सरह हुनेछ।

**-धनप्रसाद पौडेल, स्याङ्जा**

### नयाँ नेपाल निर्माण गरौं

देशको संविधान बनाउनका लागि जनताको प्रत्यक्ष वा अप्रत्यक्ष मतदानबाट निर्वाचित प्रतिनिधिहरूको सभा नै संविधानसभा हो। देशको मूल कानुन बनाउने जिम्मेवारी संविधानसभामा पुगेका प्रनिनिधिमा हुन्छ। संविधानसभामा जनविरोधीहरूले जालभेल गर्न सक्छन् भने अरू बाधा-अड्चनहरू पनि आउन सक्छन्। त्यस्ता षडयन्त्र गर्ने जुनसुकै व्यक्ति एवं समूहलाई समयमै पाखा लगाइहाल्नुपर्छ।

विभिन्न राजनैतिक दल, नागरिक समाज, मानवअधिकारवादी सञ्चारकर्मीलगायत लोकतन्त्रप्रेमी आम-जनसमुदायले आ-आफ्नो गाउँ-ठाउँमा सहयोग गरी निष्पक्ष एवं धाँधली रहित वातावरणमा संविधानसभाको निर्वाचन सफल पार्नुपर्छ। भौगोलिक क्षेत्रको आधारमा निर्वाचन गरी नागरिकले स्वतन्त्र मतदान गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ। कस्तो व्यक्तिलाई मत दिएर गाउँ-समाजका यावत् समस्याहरूको छिनोफानो गर्न सकिन्छ भन्ने सोचका साथ नागरिकले मतदान गर्नुपर्छ।

**-भरतप्रसाद देवकोटा, चुहा, कैलाली**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभामार्फत संघीयता आएपछि अहिलेका समस्या समाधान होलान् भनेर धेरैले आशा गरेका छन्, तर घटनाक्रमले त्यस्तो संकेत देखाएको छैन। संघीयताको परिणाम हेर्न मुख्य चार देशलाई अध्ययन गर्नुपर्ने हुन्छ। ती हुन् देश बेल्जियम, स्वीडेन, दक्षिण अफ्रिका तथा सुडान। यी चारवटै देशमा संघीयताले समस्या सामाधान गर्न सकेन। इथियोपिया त संघीय शासनमा जानेबित्तिकै टुक्रियो। यसबाट के देखिन्छ भने संघीयता नभएका कारण हाम्रो देशमा समस्या सिर्जना भएका होइनन्। बरु, संघीयतामा गए समस्याहरु अझ बल्झिन्छन्।

**डा. पुष्पराज कँडेल, बुद्धिजीवी**

अब हामीले गणतन्त्र पायौं, त्यसमा म विश्वस्त छु तर अहिलेको गणतन्त्रको मोडल ब्रिटिसको नक्कलजस्तो छ। संविधानसभापछि पनि यसैलाई नक्कल गर्नु पराजयको सङ्केत हो। अब हामी पूर्ण रूपमा लोकतान्त्रिक गणतन्त्रको परिपाटीमा जानुपर्छ। संविधानसभापछि हामीले अमेरिकी मोडलको गणतन्त्रलाई पछ्याउनुपर्छ।

**रामराजाप्रसाद सिंह, गणतन्त्रवादी नेता**

संविधानसभा सार्थक रूपमा सम्पन्न हुने अवस्थामा हामी निर्वाचनमा भाग लिन्छौं। संविधानसभा मधेसीको पनि चाहना हो। संविधानसभाले नै मधेस, जनजाति, आदिवासी, दलित सबैलाई उचित अधिकार दिन्छ। हामीले पनि संविधानसभामार्फत नै राज्यको पुर्नसंरचना खोजेका हौं। यसका लागि म पहिलेदेखि नै स्पष्ट छु। अहिले हाम्रो दलको माग पनि यही हो। अहिले पनि हामी सार्थक ढंगले संविधानसभा हुनुपर्छ भन्ने मागमा अडिग छौं।

**हृदयेश त्रिपाठी, नेता, तराई-मधेस लोकतान्त्रिक पार्टी**

संविधानसभाको निर्वाचन चाहँदैनन् भनेर माओवादीलाई मात्र दोष लगाउनु उपयुक्त छैन। अहिले तराई बलेको छ। त्यहाँका जनता भोट दिन जानेवाला छैनन्। माओवादीबाहेक अन्य दलभित्र पनि चिर्वाचनका लागि तयार नभएका नेताहरू धेरै छन्। त्यसैले संविधानसभाअघि जनमत-सङ्ग्रहमा जानुपर्छ। जनमतसङ्ग्रहमा जान अरू पनि तयार छन्। माओवादीले भनेको गणतन्त्र यदि जनमतसङ्ग्रहबाट आउँछ भने त्यो सबैलाई स्वीकार्य हुन्छ।

**प्रकाश कोइराला, पूर्व शाहीमन्त्री**

माओवादीले समानुपातिक निर्वाचन प्रणाली तथा गणतन्त्रको घोषणाको विषयमा अडान लिएका कारण संविधानसभाको निर्वाचन भएन भन्ने आरोपको हाम्रो दल खण्डन गर्छ। बरु सम्झनुपर्ने कुरा के छ भने हिजो संविधानसभाको निर्वाचन गर्नुपर्छ भनेर प्रस्ताव राख्ने दल नेकपा (माओवादी) नै थियो। संविधानसभाको नेतृत्व गर्न पनि माओवादी उत्सुक छ। यसको परिणामको हकदार पनि माओवादी नै हो। हामीले संविधानसभालाई रोकेको होइन। संविधानसभालाई ध्वंस गर्ने, दुरुपयोग गर्नेहरू अरु नै छन्। हामीले उनीहरूलाई रोकेका हौं।

**नेत्रविक्रम चन्द, नेता, नेकपा माओवादी**

# जोखिमपूर्ण व्यवहारबाट बचाउन किशोरी परामर्शदाता प्रभावकारी

**प्रदीप मेयाङ्बो**

धरान- बाटोमा हिँडिरहेका किशोरीहरूको झोलामा कन्डम, त्यतिमात्र कहाँ हो र ? त्यसलाई सही ढंगले प्रयोग गर्ने तरिका पनि सिकाउने, कलियुग लागेकै रै'छ। पहिलो पटक देख्नेले नकारात्मक रूपले अनुहार बिगार्दै यस्तै सोच्ने गरेका छन्।

यौन तथा प्रजनन स्वास्थ्य, सुरक्षित यौनसम्पर्क तथा एचआईभी एड्सका बारेमा खुलस्त रूपमा धाराप्रवाह बोलेको सुनेमा जो-कोही 'खत्तमै' रै'छन् भन्न पनि पछि पर्दैनन्, तर उनीहरू कुनै गलत मार्गमा लागेका किशोरीहरू भने होइनन्। उनीहरू किशोर-किशोरीमा देखिएको समसामयिक समस्याहरूका बारेमा प्रशिक्षित साथी शिक्षिका हुन्, अर्थात् विद्यालय छाडेका किशोर-किशोरीहरूलाई जोखिमपूर्ण व्यवहारमा लाग्नबाट बचाउने असल स्वयम्सेविका हुन्। कतिपयले उनीहरूप्रति गलत धारणा पाल्ने गरेका छन्। उनीहरूलाई आफ्नो विवेकले काम गर्न पनि दिँदैनन्। कन्डम, यौन, लागूपदार्थ, एचआईभी एड्सको विषयमा खुलस्त कुरा गर्दा किशोर-किशोरीले पनि यस्तो कुरा गर्ने हो र ? भनेर तर्किन्छन्।

धरान दुर्गाचोक बस्ने साथी शिक्षिका रेजु श्रेष्ठ भन्छिन्- 'हाम्रो



उदेश्य विद्यालय छाडेका कुनै पनि किशोर-किशोरी जोखिमपूर्ण व्यवहारमा नफसून् भन्ने हो। एउटा किशोरीको बानी र समस्या अर्को किशोरीलाई थाहा हुन्छ। त्यसैले हामी उनीहरूको समस्या बुझेर सही सल्लाह दिन्छौं।' श्रेष्ठका अनुसार उनीहरूले त्यस्ता किशोर-किशोरीहरूलाई साथी बनाएर जीवनोपयोगी सीप, दैनिक जीवनमा आइपर्ने समस्या तथा समाधान, आत्मजागरण, सकारात्मक तथा सिर्जनात्मक सोचका बारेमा मनोसामाजिक मनोविमर्श विधिमा परामर्श दिने गरेका छन्।

विभिन्न कारणले गाउँ, टोल र सहरका धेरै किशोर-किशोरीहरूले विद्यालय छाड्ने गरेका छन्। यस्ता किशोर-किशोरीहरू कुलतमा र गलत बाटोमा लाग्न सक्ने सम्भावना धेरै हुन्छ। धरान धर्मपथ बस्ने अर्की साथी शिक्षिका माङ्सेमी लिम्बू भन्छिन्- 'समाज र परिवारमा विद्यालय छाडेका कैयौं किशोर-किशोरीहरू सही सल्लाह नपाएर जोखिमपूर्ण व्यवहारको सिकार बनेका छन्। कुनै माध्यमबाट उनीहरूलाई पत्ता लगाएर भेटघाट गर्छौं र उनीहरूका समस्या बुझेर सल्लाह दिन्छौं।'

धरानमा १४ जना यस्ता साथी शिक्षिका तथा शिक्षक छन्। उनीहरूले दुई वर्षको अवधिमा ५ सय जना किशोर-किशोरीहरूलाई साथी बनाएका छन्। आफ्ना साथीको समस्या समाधान गर्न किरात याक्थुङ पुनर्जीवन केन्द्रद्वारा सञ्चालित युवा मैत्री सेवाकेन्द्रमा बोलाउने गरेका छन्। एक वर्षदेखि साथी शिक्षिका भएर आफूजस्तै किशोर-किशोरीलाई परामर्श दिँदै आएकी धरान अन्नपूर्णलाइनकी लक्ष्मी दर्नाल भन्छिन्- 'आफूले सिकेको र जानेको कुरा साथीलाई भनेर वा बुझाएर सचेत गराउनु एउटा साथीको कर्तव्य हो। यौन, एचआईभी एड्स तथा लागूपदार्थका बारेमा सबैले उत्तिकै बुझेका हुँदैनन्। विद्यालय छाडेका किशोर-किशोरीहरू यिनै तीन कुरामा चाँडो फस्ने गरेकाले हामी उनीहरूलाई साथी बनाएर जोखिमबाट बचाउने प्रयास गर्छौं।'

उनीहरू क्याबिन-रेस्टुरा, होटल-लज, चियापसल, सडक बालबालिका, घरेलु कामदार, लागूपदार्थका दुर्व्यसनी, रिक्साचालक, यातायातजस्ता क्षेत्रमा कार्यरत किशोर-कशोरीहरूलाई साथी बनाएर विभिन्न जोखिमपूर्ण व्यबहारबाट बचाउन विनातलब दैनिक स्वयंसेवी भएर टोल-टोलमा घुम्ने गरेको धरान शान्तिपथकी किशोरी साथी शिक्षिकाद्वय अन्जना मगर तथा बिमला मगरले बताए।

युवा मैत्री सेवाकेन्द्रका प्रमुख अरुण तिगेलाका अनुसार विद्यालय छाडेका किशोर-किशोरीहरू निम्न आर्थिक अवस्थाका छन्। त्यस्ता किशोर-किशोरीलाई उनीहरूकै समकालीन साथीले सही सल्लाह दिने कार्य प्रभावकारी भएको छ।

## इन्फोटेकमाआईटी सम्मेलन

**साप्ताहिक समाचार–**

यस पटकको क्यान इन्फोटेकमा आयोजना हुने अन्तर्राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्मेलन यसभन्दा अघिका भन्दा पृथक् हुने आयोजक कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)ले जनाएको छ ।

आईसीटी सम्मेलन होइन, यस पटकको सम्मेलनलाई 'आइस' सम्मेलन भने फरक पर्दैन । क्यानका महासचिव राजनराज पन्तले साप्ताहिकसँग भने- 'इन्फरमेसन, कम्युनिकेसन र इन्टरटेनमेन्टलाई छोटो रूपमा आइस नामकरण गरेका हौं ।' यसपटकको सम्मेलनमा मनोरञ्जनको क्षेत्रका प्रविधिका बारेमा पनि अन्तर्क्रिया हुनेछ । मनोरञ्जनसँग जोडिएका ग्राफिक्स डिजाइन, एनिमेसन, थ्रीडी, भिज्युअल इफेक्ट, नेटवर्किङ आदि प्रविधिका बारेमा सम्मेलनमा कार्यपत्र प्रस्तुत हुनेछन् । नयाँ पुस्ताका निम्ति रोजगारका दृष्टिकोणले पनि उपयोगी मानिएका यी प्रविधिले सम्मेलनको आकर्षण बढाउने पन्त बताउँछन् । यस पटकको सम्मेलनको अर्को आकर्षण भिडियो कन्फरेन्सिङ पनि हो । विदेशमा रहेका सूचना तथा सञ्चार प्रविधिविज्ञले भिडियो कन्फरेन्सको माध्यमबाट यो सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दैछन् ।

CAN InfoTech 2008
14th Nepal Information Technology Show & Conference

माघ १८ र १९ गते सञ्चालन हुने सम्मेलनको 'थिम' नेपालमा सूचना तथा सञ्चार प्रविधिको विस्तार र विकासलाई अझै महत्त्व दिनुपर्ने रहनेछ । सम्मेलनका संयोजक पंकज जलानका अनुसार प्रविधिको पहुँच ग्रामीण स्तरसम्म कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा सम्मेलन केन्द्रित हुनेछ । देशको अर्थतन्त्र ओह्रालो लाग्दो अवस्थामा भए पनि नेपाली आईसीटी क्षेत्रको कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) रेट १२ प्रतिशतभन्दा माथी छ । आईसीटीलाई माध्यम बनाएर समग्र विकासमा उल्लेख्य प्रगति गरिरहेका विकासोन्मुख राष्ट्रहरूका विभिन्न मोडलका बारेमा पनि सम्मेलनमा छलफल हुने जलान बताउँछन् । सम्मेलनमा इफेक्टिभ कम्युनिकेसन्स, बिजनेश मार्केट, आइसिटी विकासका लागि सरकारको भूमिका, आइसिटी युजर इन फाइनान्स ( इ-बैंकिङ), दक्ष आईसीटी म्यानपावरको माग, आउटसोर्सिङका सम्भावना र साइबर सेक्युरिटी शीर्षकमा सूचना प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नेछन् ।

# अनलाइन लट्‌रीको ठगीबाट बचौं

**मदनमणि अधिकारी**

कम्प्युटरको माध्यमबाट छलफल तथा कुराकानी गर्ने थलो बनेको इन्टरनेट प्रविधि बिस्तारै धोकेबाज, ठगहरूको नयाँ अनि सुरक्षित आश्रय स्थलका रूपमा विकसित भैरहेको छ । एकअर्कामा सरल माध्यमबाट सम्पर्क गर्न सकिने भएकाले छिट्टै लोकप्रिय बनेको र पब्लिक स्पेयरका रूपमा सबैभन्दा बढी प्रयोग भैरहेको आमसञ्चारको यो नयाँ माध्यममा छद्म, अनाम तथा अज्ञात नाम प्रयोग गरेर ठग्नेहरू बढिरहेका छन् । स्पाम तथा अनलाइन भाइरसको प्रकोपबाट बच्दै अघि बढ्नेहरू अब अनलाइन ठगहरूबाट पनि उस्तै प्रकारले बच्नुपर्ने भएको छ ।

ब्लग, फेसबुक, च्याट र मेलमा रमाइरहेकाहरूलाई यस्ता अनलाइन ठगहरूले पुर्पुरोमा हात लगाउनुपर्ने अवस्थामा पुऱ्याउन हरेक क्षण नयाँ रणनीति बनाइरहेका छन् । कहिले अमेरिकाको ग्रीनकार्डको नाममा त कहिले अरबौं रकमको लटरीको नाममा त्यस्ता ठगको चंगुलमा फस्ने प्रबल सम्भावना हुन्छ । आफ्नो इनबक्समा आउने अमेरिकी ग्रीनकार्ड आफ्नो नाममा बुक भैसकेको अनि याहु बेटा एवार्ड सेन्टरबाट लाखौं पाउन्डका पुरस्कार आफूलाई परेको जानकारीको शुभसमाचार नै ठगको फन्दामा पार्ने माध्यम बनेका छन् । त्यसो त इन्टरनेट एक्सप्लोररको एड्रेसबारमा कुनै एउटा वेब ठेगाना टाइप गरेर इन्टर हान्नासाथ आउने 'यु आर द लक्की भिजिटर, यु विन वान लाख डलर प्लिज क्लिक हियर टु क्लेम' लेखिएका डाइलग बक्स अनलाइन ठगीका माध्यम हुन् ।

विशेष गरेर याहु तथा एमएसएन हटमेलका इमेल सुविधा लिनेहरूका मेलमा आउने यस्ता इमेलहरू विश्वप्रसिद्ध अनलाइन कम्पनीहरूका नामबाट आउने गरेका छन् । पछिल्ला दिनहरूमा याहु, विन्डोज लाइभ मेल, माइक्रोसफ्ट, गुगल आदि कम्पनीको नाम जोडेर विभिन्न पुरस्कारको घोषणा इमेलमार्फत सम्बोधन गरेर पठाइन थालेका छन् । केही समयअघिदेखि प्रायः सबैमा इनबक्समा याहु, विन्डोज लाइभ मेलको संयुक्त तत्त्वावधानमा ७ लाख पाउन्ड स्टर्लिङको लटरी परेको शुभ समाचार आउन थालेको छ । इनबक्समा आएको त्यत्रो ठूलो धनराशिको मालिक आफू भएको पढ्नेहरूमध्ये कमैले मैले त्यसमा कहिले एप्लाइ गरें ? भनेर सोच्छन् । आफूले एप्लाइ नै नगरेको नाम नै नसुनेका चिट्ठा परेको कुरामा विश्वास गर्ने र उक्त मेलमा भनिएजसरी नै आफ्नो हक-दाबी गर्नेहरू त्यस्ता अनलाइन ठगहरूको फन्दामा पर्छन् ।

मेल आईडीमार्फत पाउन लाग्नुभएको पुरस्कारको रकम दाबी गर्नुहोस् भनी पठाइएका त्यस्ता मेलमा लटरी परेको सर्टिफिकेटको तस्बिरसमेत पठाइएको हुन्छ । जसमा लेखिएको 'अल प्राइज पेमेन्ट अप्रुभ्ड एन्ड ग्यारेन्टेड बाइ दि ब्रिटिस गेमिङ बोर्ड' शब्दका कारण मेल पाउने मानिसले उपहार साँच्चिकै भएको विश्वास गर्छ र मेलमा मागिएका व्यक्तिगत विवरणहरू भर्छ । त्यस्ता विवरणमा मागिएका फोन नम्बरमा विवरण भरेको एक दिनभित्रै ब्रिटेनका विभिन्न सहरका बैंकको फोन पनि आउन थाल्छ, जसले इमेल पाउने मानिसलाई आफू साँच्चिकै ठूलो रकमको विजेता भएको भान पार्छ । कतिपय मेलमा सुरुमै लटरीमा परेको रकम पाउन गर्नुपर्ने डकुमेन्टेसनका लागि केही रकम मास्टरकार्ड वा भिजा कार्डमार्फत मागिएको हुन्छ भने फोन गरेर पुरस्कार रकम लिन आउँदा डकुमेन्टेसन चार्जका रूपमा लिएर आउन भनिएको हुन्छ । नेपाल, भारतलगायत दक्षिण एसियाली मुलुकका मेल प्रयोगकर्तालाई परेको भनिएको पुरस्कार रकम ठूलो बक्सामा लिएर कम्पनीको मानिस मुम्बई, दिल्ली तथा कलकत्तामा आउने र उक्त मानिसलाई डकुमेन्टेसन खर्चबापत १ देखि २ हजार पाउन्ड स्टर्लिङबराबरको भारतीय रुपैयाँ दिएर इमेलबाट प्राप्त भएको आइडेन्टीटी कोड बताएर बक्सासहित पुरस्कार रकम हात पर्ने बताइएको हुन्छ । यसरी लटरी रकम पाउनका लागि गरिने डकुमेन्टेसन लगायतका विभिन्न शीर्षकका खर्चहरूको नाममा उक्त रकम दाबी गर्ने साधारण इमेल प्रयोगकर्ताहरूलाई मूर्ख बनाउने काम भैरहेको छ । त्यसैको उदाहरण हो, इनबक्समा आएको विजेताको प्रमाणपत्र ।

इन्बक्समा आउने यस्ता इमेलहरू लटरीका मात्र हुँदैनन् अमेरिकी ग्रीनकार्ड, ल्यापटप, निःशुल्क भिजा कार्ड, फ्रि युरोप ट्रिपको उपहार परेको जस्ता लोभ्याउने खालका विभिन्न कुरा पनि हुन सक्छन् । यस्ता मेल अनि ठगको फन्दाबाट बच्न अत्तो न पत्तोसँग आउने मेलहरूबाट सजग रहनु आवश्यक भैसकेको छ ।

नयाँ प्रविधि

## ज्वरो नाप्न थर्माफोकस



ज्वरो नाप्ने सर्वाधिक प्रचलित उपकरण थर्मामिटर नै हो भन्ने कुरामा दुईमत नहोला । प्रविधिको विकासले थर्मामिटरलाई अझ परिस्कृत गरेर लाने क्रममा थर्माफोकस बनाउन प्रेरित गरेको छ । चलनचल्तीमा रहेको थर्मामिटरले शरीरको तापक्रम नाप्न यसलाई शरीरको कुनै भागमा घुसाउनुपर्ने हुन्छ जस्तो मुख, काखी वा अन्य कुनै भाग । थर्मामिटरको प्रयोग गरेर बालबालिका, अचेत व्यक्तिहरूको शरीरको तापक्रम मापन गर्न कठिन हुने भएका कारण थर्माफोकस प्रविधिको विकास गरिएको हो । थर्माफोकसले शरीरको कुनै पनि भागमा स्पर्श नगरी शरीरको वास्तविक तापक्रम लिन सक्छ । यसमा भएको शरीरलाई हानी नगर्ने इन्फ्रारेडलाई शरीरको छाला नजिक राख्नुपर्छ अनि यसमा रहेको डिजिटल स्क्रिनले शरीरको तापक्रम मापन गर्छ । यसमा नौ पटकसम्मको शरीरको तापक्रम रेकर्ड गरेर राख्न सकिन्छ । थर्माफोकसको प्रयोग निधार, नाइटो वा काखीको छालामा गर्दा शरीरको वास्तविक तापक्रम आउने यसका निर्माताहरूले बताएका छन् । ब्याट्रीको सहयोगमा चल्ने थर्माफोकसको अन्तर्राष्ट्रिय बजार मुल्य ९९ अमेरिकी डलर छ ।

# ल्होसार आसिमाला



काठमाडौं- आइतबार उपत्यकाको टुँडिखेल वरपर सवारी साधनको जाम थियो। टुँडिखेलभित्र भने मानिसहरूको जाम देखिन्थ्यो। गुरुङ जातिको नयाँ वर्षका अवसरमा आयोजित सांस्कृतिक झाँकीलगायत अन्य रमाइलो कार्यक्रमका कारण उक्त दिन दिनभरि टुँडिखेल क्षेत्रमा रौनक छायो। गुरुङ समुदायले वर्षकै सर्वाधिक लामो रात र सबैभन्दा छोटो दिन अर्थात् पुस १५ लाई 'तमू ल्होसार'का रूपमा पनि मनाउँदै आएका छन्। कौडा, सोरठी नृत्यहरू नाच्दै र गुरुङ जातिका गायक-गायिकाहरूका गीतहरूमा झुम्दै मनाइएको उक्त ल्होसार कार्यक्रमको रोचक पक्ष भने आमन्त्रित नेता तथा मन्त्रीहरूको नाच थियो।

गुरुङ जातिले ओढ्ने खास्टो ओढेका काङ्ग्रेसका मन्त्री रामचन्द्र पौडेल, नेकपा माओवादीका अध्यक्ष प्रचण्ड तथा नेकपा एमालेका नेता वामदेव गौतमले केही बेर आयोजकहरूसँग हातेमालो गर्दै नाच्दा वातावरण रमाइलो भएको थियो। गुरुङ पोसाकमा सजिएका बालबालिकादेखि वृद्धवृद्धाहरूले भरिएको झाँकीमा विभिन्न सांस्कृतिक रूपमा सजिएका सहभागीहरूले गर्दा झाँकी निकै रमाइलो देखिएको थियो। नेपाल सरकारले यो वर्षदेखि ल्होसारलाई राष्ट्रिय पर्वका रूपमा मनाउन सार्वजनिक बिदा दिन थालेकाले पनि आइतबार ल्होसार मनाउनेहरूको भीड टुँडिखेलमा जम्मा भएको थियो।

गुरुङ भाषामा एक-अर्कालाई 'ल्होसार आसिमाला' अर्थात् ल्होसारको शुभकामना भन्दै आफ्ना मान्यजनबाट आशीर्वाद लिने र शुभकामना दिँदै ल्होसारमा नाच्ने-गाउने अनि मीठा परिकार खाने उक्त जमघटमा गुरुङ कलाकारहरू खेमराज गुरुङ, श्रीकृष्ण गुरुङ, मौसमी गुरुङ, दुर्गा गुरुङ आदिले आफ्ना चर्चित गीतहरू गाएका थिए। प्रत्येक १२ वर्षमा युग परिवर्तन हुने तथा यी वर्षलाई मुसा, गोरु, बाघ, खरायो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बँदेलका प्रतीकका रूपमा लिने प्रचलन छ। यसपटक खरायो वर्षलाई बिदा गरेर २१३७ औं मुसा वर्षका रूपमा 'ल्होसार'लाई स्वागत गरिएको छ।

# भव्य रह्यो मिस नेवा



'समान अधिकार र समान अवसरमध्ये कुन महत्त्वपूर्ण छ र किन ?' भन्ने प्रमुख निर्णायक सञ्चारकर्मी आर.के. मानन्धरको अन्तिम र निर्णायक प्रश्नमा सुप्रिया तुलाधरको उत्तर थियो– 'मेरा लागि समान अधिकार र समान अवसर दुवै महत्त्वपूर्ण छन्, किनभने यी दुवै एउटै सिक्काका दुई पाटा हुन्। समान अवसर भयो भने मात्र अधिकारको प्रयोग गर्न सकिन्छ। त्यसैले यसलाई कुन रूपमा प्रयोग गर्ने भन्ने कुरा हामी आफैंले बुझ्नुपर्छ।' उल्लेखित उत्तर दिँदै सुप्रिया छनौट भइन् विजेताका रूपमा र उनले शिरमा सजियो मेरो मोबाइल मिस नेवाः २००७ को ताज। तुलाधरलाई गत वर्षकी विजेता सुविता प्रधानले ताज पहिर्‍याइदिइन्। सन् २००७ कै अन्तिम तथा महत्त्वपूर्ण प्रतिस्पर्धाका रूपमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा प्रेक्षालयमा राजु पेन्टरद्वारा आकर्षक ढंगले सजाएको स्टेजमा गत शनिबार भव्य रूपमा सम्पन्न भयो मेरो मोबाइल मिस नेवाः २००७।

नयाँ पुस्ताका नेवार युवतीहरूलाई आफ्नो भाषा, कला-संस्कृतिको महत्त्व आदिका बारेमा सचेत गराउनुका साथै उनीहरूको आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व-विकास तथा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यअनुरूप सन् २००५ देखि नेप्लिज फेसन होमले आयोजना गर्दै आएको मिस नेवाः प्रतियोगिताको तेस्रो संस्करणमा ४० जना युवतीको सहभागिता थियो। पृष्ठभूमिमा बजेको फ्युजन संगीतमा रोहिया महर्जनले आकर्षक ढंगबाट कोरियोग्राफी गरेको स्वागत नृत्यसँगै प्रतिस्पर्धा प्रारम्भ भएको थियो। सामूहिक स्वागत नृत्यपछि करिब ५ साता लामो रोजिन शाक्य र राज फैजूको कोरियोग्राफी तथा राजु नापितको भाषा प्रशिक्षणबाट निखारिएका प्रतिस्पर्धीहरू नेपाल भाषामै आ-आफ्नो परिचयका साथमा मञ्चमा प्रस्तुत भए। परिचयात्मक चरणपछि प्रतिस्पर्धीहरू प्रस्तुत भए बेस्ट ड्रेस राउन्डमा, जसअन्तर्गत प्रतियोगीहरूले नेवार समुदायको कला-संस्कृति एवं परम्परा प्रतिनिधित्व गर्ने परम्परागत एवं परिमार्जित पहिरन शैलीमा ठाटिँदै क्याटवाक गरेका थिए। त्यसपछि छानिए उत्कृष्ट १८ जना सुन्दरी, अनि पालो भयो प्रत्येकले निर्णायकका प्रश्नको सामना गर्ने।

अन्तिम चरणमा पुगेका यी सुन्दरीहरूबाट अन्ततः वन्दना तण्डुकार, श्रद्धा श्रेष्ठ र सुप्रिया तुलाधर क्रमशः छानिए सेकेन्ड रनरअप, फस्ट रनरअप र मिस नेवाः २००७ का रूपमा। सेकेन्ड रनरअप उपाधिसँगै वन्दनाले १० हजार रुपैयाँ, श्रद्धाले फस्ट रनरअप उपाधिसँगै १५ हजार रुपैयाँ तथा विजेताको उपाधिसँगै सुप्रियाले १ लाख १ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। अन्य उपाधितर्फ तोयशा राजकर्णिकार (यु.एफ.ओ. मिस टयालेन्ट, शिखा श्रेष्ठ (मिस भ्युअर च्वाइस र मिस फोटोजेनिक)। सविना महर्जन (मिस ब्युटिफुल हेयर र मिस बेस्ट स्माइल), नीति श्रेष्ठ (मिस डिसिप्लिन), अर्चना श्रेष्ठ (मिस फ्रेन्डसिप), एलिना शाक्य (मिस बेस्ट स्किन), सुलोचना श्रेष्ठ (स्काइ सुज मिस पर्सनालिटी) तथा सोनिया प्रधान (मिस चार्मिङ) का रूपमा छनौट भएका थिए। दृष्टि मिस बेस्ट नेपाल भाषासहित लुमन्ति ताम्राकारले मिस बेस्ट ड्रेसको एवार्ड पनि जितिन्। उनले बेस्ट ड्रेस राउन्डमा नेपाल संवत्का प्रारम्भकर्ता शंखधर शाख्वाको ह्यान्ड पेन्ट रहेको कालो रंगको कफ्तान लगाएकी थिइन् जसको पछाडिको भागमा नेवार संस्कृति एवं परम्परा झल्कने मण्डला अंकित थियो।

– रोजिन शाक्य

# हिन्दी संगीतमा रिमिक्सको घट्दो प्रभाव



सुव्रत आचार्य

कुनै पनि कालमा संगीतले मानवजीवनलाई प्रभावित पारेकै छ। १९औं शताब्दीदेखि संगीतमा नयाँ प्रयोग गर्न थालियो। एक्काइसौं शताब्दीमा आएर प्रयोगात्मक संगीतले बजार पायो। नेपाली संगीत बजारमा अंग्रेजी संगीतभन्दा भारतीय संगीतको प्रभाव बढी छ। प्लस टु पुस्ता भने दुबै प्रकारका संगीतका श्रोता हुन्। नेपालका कतिपय पप गायक तथा संगीतकारहरू पनि हिन्दीभन्दा अंग्रेजी गीतसंगीतबाट प्रभावित छन्। वर्ष २००७ मा नेपाली बजारमा हिन्दी संगीत नै हावी रह्यो। त्यसमा पनि हिन्दी पप गीतले भन्दा बलिउड चलचित्रका गीतसंगीतले बजार तताए। अंग्रेजी संगीतबाट प्रभावित पुस्ता अंग्रेजी संगीतको असल श्रोता बनिरहे, यद्यपि उनीहरू हिन्दी गीत तथा रिमिक्स पनि उत्तिकै सुनिरहेका भेटिए।

### संगीतको ट्रेन्ड

हिन्दी संगीत बजारमा यो वर्ष रिमिक्सको लहर घटेको पाइयो। हुन पनि बलिउडका सायदै कुनै हिट गीत बाँकी होलान्, जसलाई रिमिक्स नगरिएको होस्। चलचित्रमा समावेश चर्चित गीतलाई चलचित्रको एल्बममा रिमिक्स भर्सन पनि राख्ने चलन बढेपछि रिमिक्स संगीतको जादु बलिउडबाट क्रमशः कम हुँदै गएको छ। बरु हिन्दी पपमा भारतीय संगीतको मिश्रण गरी 'फ्युजन' बनाउने ट्रेन्ड बढ्दो छ। वर्ष २००७ मा त्यस्ता केही गीतले चर्चा पाए। यद्यपि ती गीतहरू नै चर्चित भए, जसलाई म्युजिक भिडियोका रूपमा टेलिभिजन च्यानलहरूले बारम्बार बजाइरहे। टेलिभिजन च्यानलहरूको प्रभावले संगीत बजार प्रभावित रह्यो। जुन गीत टेलिभिजनमा निकै बज्यो, त्यो गीत भएको एल्बमको बिक्री पनि बढ्थ्यो। अंग्रेजी संगीतमा हिपहप गीतहरूको प्रभाव अघिल्लो वर्षझैं रह्यो। प्रविधिले गर्दा संगीतको बजारमा पनि विशेष गरी सिडीहरूको व्यापार निकै घट्यो। आइपोड र मोबाइलको बढ्दो प्रयोग तथा इन्टरनेटबाट चाहेको गीत-संगीत सीधै डाउनलोड गर्न सकिने भएकाले इन्टरनेटबाटै संगीतको व्यापार पनि धेरै भयो। यो वर्ष संगीतकर्मीहरू पुरानो संगीत वा शास्त्रीय संगीतलाई आधुनिक तरिकाबाट प्रस्तुत गर्न व्यस्त रहे। 'फ्युजन संगीत'को यही शैलीले अहिले बजार पाइरहेको छ। 'सारेगम'मा यो वर्ष 'डोरेमी'का सुर मिसाउने प्रयत्न पनि गरिएको पाइन्छ।

### नयाँ केही छैन बलिउड संगीतमा

जनवरी महिनाको दोस्रो साता सार्वजनिक भएको चलचित्र 'गुरु'को संगीतबाट विश्वविख्यात भारतीय संगीतकार एआर रहमानले आफ्नो छाप वर्षभरि पारिरहे। उक्त चलचित्रमा उनले नै गाएको एउटा गीत 'ओ हमदम बिन तेरे क्या जिना' एउटा उत्कृष्ट गीत बन्यो। यही चलचित्रमा अब बलिउडकी सम्भावना भएर देखा परेकी गायिका श्रेया घोषालले गाएको गीत 'बरसो रे मेघा' पनि चर्चित भयो।

चलचित्रले व्यावसायिक सफलता नपाए पनि त्यसको संगीतले भने चर्चा कमाएका धेरै उदाहरणहरू सन् २००७ मा देखिए। निकै प्रचार-प्रसारका साथ धेरै बजेटमा निर्माण भएको निर्देशक संजय लिला भंसालीको चलचित्र 'साँवरिया' वर्षको सबैभन्दा खर्चिलो असफल चलचित्र सावित भए पनि उक्त चलचित्रका गीतहरू अहिले पनि 'बलिउड काउन्टडाउन'हरूमा अगाडि नै छ। उक्त चलचित्रका गीतहरू मात्रै चले। चलचित्रको शीर्ष गीत युवापुस्ताबीच लोकप्रिय बन्यो।

'शोले'को रिमेकका रूपमा रामगोपाल वर्माले निर्माण गरेको चलचित्र 'रामगोपाल बर्माकी आग'मा समावेश 'महबुबा महबुबा' गीतको रिमिक्स नायिका उर्मिला मातोंडकरको 'लटका झट्का'का कारण केही मन पराइए पनि उक्त चलचित्रको संगीत पनि चलचित्रझैं 'सुपर फ्लप' भयो। अमिताभ बच्चन, अभिषेक बच्चन, बबी देवलजस्ता स्टारहरूद्वारा अभिनीत अर्को चलचित्र 'झुम बराबर झुम' पहिलो दिनमै असफल साबित भयो।

यद्यपि उक्त चलचित्रका गीतहरू भने केही हदसम्म चर्चित रहे। त्यसैगरी चलचित्र 'हनिमुन ट्राभल्स प्रा.लि.'ले व्यावसायिक असफलता पाए पनि



उक्त चलचित्रको एउटा गीत 'सजना दिवानी'ले लोकप्रियता पायो। असफल अर्को चलचित्र 'द ट्रेन'को एउटा गीत 'ओ अजनबी' गीतहरूको काउन्टडाउनमा अगाडि रह्यो। माधुरी दीक्षितको 'कम ब्याक' चलचित्र 'आजा नचले'को शीर्षगीत चर्चामा आइसकेपछि उक्त गीतका शब्दहरूमा दलित जातिको अपमान गरिएको भन्दै भारतका केही राज्यमा विभिन्न समूहले चलचित्रको विरोध गरे।

यद्यपि उक्त शीर्षगीत चर्चामा आयो, तर चलचित्र भने फ्लप भयो। सन् २००६मा तहल्का मच्चाएका संगीतकार हिमेश रेसमियाको संगीतले वर्ष २००७मा कुनै नौलो फड्को मार्न सकेन। उनी आफैं नायक भएको चलचित्र 'आपका सुरुर' पनि बक्स अफिसमा असफल भयो। उक्त चलचित्रको एउटा गीत 'तेरा मेरा मिलना' बाहेक अरू गीतले कुनै प्रभाव पार्न सकेनन्।

वर्षको अन्तिमतिर सार्वजनिक भएको चलचित्र 'ओम शान्ति ओम'का सबैगीत चर्चित भए। चलचित्र 'पार्टनर'का गीतहरू वर्ष २००७ का लोकप्रिय गीत मानिए। उक्त चलचित्रको शीर्षगीत लगायत सबै गीत वर्षकै रमाइला गीतका रूपमा चर्चित रहे। सफल चलचित्रमा 'जब वी मेट', 'ढोल' 'भुलभुलैया', 'लागा चुनरीमे दाग' आदि चलचित्रका गीतले पनि श्रोताको मन जिते। प्रितमको संगीत रहेको चलचित्र 'लाइफ इन अ मेट्रो'का प्रायः सबै गीतलाई मिठासपूर्ण गीत मानियो।

### उत्कृष्ट दस गीत

| | |
|---|---|
| १. दर्दे डिस्को | ओम शान्ति ओम |
| २. डु यु वाना पार्टनर | पार्टनर |
| ३. बाते है भुलभुलैया | भुलभुलैया |
| ४. सलामे इश्क | सलामे इश्क |
| ५. ओ हमदम | गुरु |
| ६. सजना दिवानी | हनिमुन ट्राभल्स |
| ७. इन दिनो | लाइफ इन अ मेट्रो |
| ८ ओ अजनबी | द ट्रेन |
| ९. हे बेबी | हे बेबी |
| १०. मौजा हि मौजा | जब वी मेट |

### उत्कृष्ट पाँच संगीतकार

१. प्रितमलाइफ : इन अ मेट्रो, भुलभुलैया, जब वी मेट, ढोल, आवारापन, दनदनादन गोल


२. विशाल शेखर : ओम शान्ति ओम, क्यास, तररमपम, हनिमुन ट्राभल्स

३.एआर रहमान : गुरु

४.साजिद-वाजिद : पार्टनर, वेलकम

५.मोन्टी शर्मा : साँवरिया

## अंग्रेजी संगीतको धून



अंग्रेजी गीत संगीतका सूचनामा आधिकारिक मानिएको 'रोलिङ्गस्टोन' संगीत पत्रिकाले हरेक वर्षझैं यो वर्ष पनि वर्षका उत्कृष्ट एक सय अंग्रेजी गीत तथा उत्कृष्ट पचास म्युजिक एल्बमहरूको सूची प्रकाशित गरेको छ। यसका साथै संगीतसम्बन्धी केही इन्टरनेट वेबसाइटले वर्षभरिका राम्रा तथा नराम्रा गीत-संगीतको चर्चा गरेका छन्। 'रोलिङ्गस्टोन' संगीत पत्रिकामा प्रकाशित वर्षका उत्कृष्ट एक सय गीतहमध्ये दसौं स्थानसम्म परेका गीतको सूची यहाँ प्रस्तुत छ :

### उत्कृष्ट दस गीत

| | |
|---|---|
| १.रक ब्वाइज | जे-जेड |
| २.ए फिउ वर्ड्स इन डिफेन्स अफ आवर कन्ट्री | रेन्डी न्युम्यान |
| ३.अम्ब्रेला | रेहाना |
| ४.डिएएनसिइ-डान्स | जस्टिस |
| ५.फोर वाइन्ड्स | ब्राइट आइज |
| ६.दो इज ह्वाट आई गट | लिल वायने |
| ७.रिहाब | एमी वाइनहाउस |
| ८. लङ्ग वाक होम | ब्रुस स्प्रिङ्गस्टिन |
| ९. एमआईए | ब्वाइज |
| १०. इन्टरनेसलन प्लेयर्स एन्थम | युजिके |

### उत्कृष्ट दस एल्बम

| | |
|---|---|
| १. एमआइए | ब्वाइज |
| २. म्याजिक | ब्रुस स्प्रिङ्गस्टिन |
| ३. अमेरिकन ग्याङ्गस्टर | जे-जेड |
| ४. नियोन बाइबल | आर्केड फायर |
| ५. ग्याजुएसन | केन्नयी बेष्ट |
| ६. रेन्बोज | रेडियोहेड |
| ७. साउन्ड अफ सिल्भर | एलसिडी साउन्डसिस्टम |
| ८. अन्डर द ब्याकलाइट | रिलो किले |
| ९. न्यु वेभ | एगनेस्ट मी |
| १०. गागागा | स्पुन |


# हलिउड बच्न सकेन स्क्यान्डलहरूबाट



हलिउड चलचित्र उद्योगका अभिनेता-अभिनेत्रीहरूको जीवनशैली सधैं चर्चाको विषय बन्छ। हलिउडका अभिनेता-अभिनेत्रीहरूको वास्तविक जीवन चलचित्रको कथाभन्दा पनि रोचक हुन्छ। प्रेम, विवाह, विछोड, यौन समागम र सम्बन्ध-विच्छेदका दर्जनौं घटनाले भरिएको जीवनशैली अभिनेता-अभिनेत्री, गायक-गायिका तथा संगीतकारहरूका लागि त्यति सहज देखिँदैन।

वर्ष २००७ मा पनि यस्तै अनौठा र रोचक घटनाका कारण हलिउड चलचित्रजगत्का सेलिब्रेटीहरू मिडियामा छाइरहे। वर्ष २००७ हलिउडका विश्वचर्चित पपस्टार ४५ वर्षीय माइकल ज्याक्सनका लागि सबैभन्दा खराब वर्षका रूपमा बित्यो। माइकल ज्याक्सनलाई पप गीतले जसरी गीत-संगीतको चरमचुलीमा पुऱ्याएको थियो त्यसरी नै अनुहारको पटक-पटक प्लास्टिक सर्जरी गर्ने र बालयौन दुराचार गर्ने घृणित कार्यले उनको ख्यातिलाई रसातलमा पुऱ्यायो। सन् १९९३ मा एकजना १३ वर्षीय बालकसँग बालयौन दुराचार गरेको अभियोगमा उनले १ करोड ५० लाख डलर क्षतिपूर्ति तिर्नुपऱ्यो भने अर्को एकजना १२ वर्षीय बालकलाई यौन दुराचार गरेको अभियोगमा जेल जानुपऱ्यो। उनले यसै वर्ष आफ्नी पत्नी लिसा मेरी प्रेज्लीसँग सम्बन्धविच्छेद गरे भने डेबी रोसँग विवाह पनि गरे। डेबी रोले आफूसँगै दुईजना छोरा पनि माइकल ज्याक्सनका लागि उपहार ल्याएकी छिन्।

त्यस्तै अभिनेत्री एन्जेलिना जोली तथा अभिनेता ब्राडपिटबीच पुनः खटपट सुरु भएको छ। ब्राडपिटकी पूर्वपत्नीलाई उनकी आमाले क्रिसमसको अवसरमा घरमा आउन निम्ता दिएपछि एन्जेलिना जोली र जेनिफर एनिस्टोनबीच द्वन्द्व सुरु भएको छ। ब्राडपिटले पुनः जेनिफरसँग विवाह गर्ने सम्भावना बढेर गएको बताइन्छ।



ब्राडपिटले १३ वर्षअघि जेनिफरसँग विवाह गरेका थिए। जेनिफर अहिले आफ्ना पूर्व श्रीमान् डेभिड अर्किविटेसँग छुट्टिएर बसेकी छिन्। यसैगरी जेसिका सिम्पसन तथा डलासियन बोयफ्रेन्ड टोनी रोमोको सम्बन्धमा दरार उत्पन्न भएको छ। टोनी रोमोले नयाँ प्रेमिका क्यारी अन्डरउडलाई रोजेपछि दुवैले एक-अर्कालाई वास्ता गर्न छाडिदिएका छन्। अर्कोतिर चर्चित नायिका जेसिका एल्बा विवाह नै नगरी गर्भवती भएकी छिन्। गायिका ब्रिट्नी स्पेयरकी बहिनी १६ वर्षको उमेरमै र अविवाहित अवस्थामा गर्भवती हुनपुगेकी छिन्।

बालबालिका तथा किशोरहरूका लागि अत्यन्तै सौम्य चलचित्र निर्माण र हास्य अभिनय गरेर विश्वव्यापी चर्चा, नाम र दाम कमाएका फेटी आर्बुकल (रोस्को) माथि अर्की नायिका भर्जिनिया र्‍यापलाई बलात्कार गरेर मारेको आरोप लाग्यो। बलात्कार मुद्दामा उनलाई अदालतमा उभ्याएर सोधपुछ गरियो तर केही समयपछि नै ४६ वर्षको उमेरमा राति सुतिरहेको अवस्थामा हृदयघातका कारण उनको मृत्यु भयो। त्यस्तै १३ वर्षीया किशोरीसँग अनिच्छापूर्वक र गैरकानुनी रूपमा यौनसम्पर्क गरेकोमा दोषी ठहराई अदालतले ५० वर्षसम्म जेलसजाय सुनाउन सक्ने सम्भावना देखेर चर्चित अभिनेता रोमन पोलान्सकी भागेर फ्रान्स पुगे। अर्की चर्चित नायिका

बाँकी पृष्ठ २१ मा

# डिजेमय ह्याप्पी न्यु इयर





**साप्ताहिक समाचार**

काठमाडौं- काठमाडौं उपत्यकाका 'मस्ट ह्याप्पिङ प्लेसेज' अर्थात् सबैभन्दा रमाइलो हुने स्थानहरूमा वर्षको चार पटक रौनक छाउँछ। विक्रम संवत्‌अनुरूपको नयाँ वर्ष साँझ, इस्वी संवत्‌अनुरूपको 'न्यु इयर इभ', क्रिसमस र तिहार। यी चार अवसरमा यहाँका पब, रेस्टुराँ, क्लब, डिस्को, क्याफे तथा होटलहरूमा साँझ परेपछि नेपालीहरूकै घुइँचो देखिन्छ। खानु र पिउनुलाई मात्र 'मस्ती' मान्ने पुस्ताभन्दा केही कदम अघि बढेर रातभरि 'ह्याङ्गआउट' गर्ने वा डिजेइङको चर्को तालमा आफैंलाई बिर्सिएर लेजर लाइटमा कम्मर मर्काउने 'ट्रान्स र टेक्नो' पुस्ता नै यी अवसरका गतिला ग्राहक हुन्।

सोमबार वर्ष २००७ को अन्तिम साँझको बहानामा रमाइलो मुड बनाएका काठमाडौंका युवापुस्ता यहाँका 'मस्ट ह्याप्पिङ प्लेसेज' भनिएका ठमेल, दरबारमार्ग, पुतलीसडकजस्ता स्थानमा छरिएका थिए। जाडोको सिरेटोबाट बच्न गम्म ज्याकेट लगाएर टाइट जिन्समा सजिएका युवतीहरू पनि पब, रेस्टुराँ, क्लब, डिस्को, क्याफे तथा होटलहरूमा जतातत्तै देखिए। चिनेजानेका कोही भेटिनेबित्तिकै ह्यान्डसेक गरेर होस् वा अँगालोमा बाँधेर होस् 'ह्याप्पी न्यु इयर' भन्न उनीहरू पछि परेनन्। एउटा हातमा वाइन वा ह्विस्कीको गिलास अर्को हातमा चुरोट बोकेका युवती वा युवक जो पनि मज्जा गर्ने मुडमा थिए। लाग्थ्यो– त्यो साँझ उनीहरूबीच कसले सबैभन्दा मज्जा गर्न सक्छ भन्ने प्रतिस्पर्धा चलेको छ। मज्जा गर्नेहरूका लागि विभिन्न स्थानमा रमाइला कार्यक्रम आयोजित गरिएको थियो।

**तारे होटलमा मस्ती**

नयाँ वर्षका बखत काठमाडौंका भव्य तारे होटलहरूमा आयोजना हुने कार्यक्रमको रौनक बेग्लै हुन्छ। यहाँको पहिलो पाँचतारे होटल सोल्टी क्राउन प्लाजामा प्रतिव्यक्ति रु. ६ हजार तिरेर सोमबार साँझ उक्त होटलको मेघा मल्हार हलमा आयोजित 'सूर्य ट्वेन्टीफोर क्यारेट फायर एन्ड आइस'को सबैभन्दा महँगो मस्ती गर्नेहरूले निकै रमाइलो गरे। विभिन्न पश्चिमा मुलुकबाट निम्त्याइएका कामुक नृत्याङ्गनाका नृत्य हेर्दै डिजे रायनको डिजेइङमा नाच्ने र दर्जनौं परिकारसहितको 'बफेट डिनर'को स्वाद लिनेहरू त्यो साँझ सोल्टी परिसरमा भेला भएका थिए। लाजिम्पाटस्थित होटल साङ्ग्रिलामा भने संसार नै भेला भएको थियो, नयाँ वर्ष मनाउन। होटलले यस पटक धूमधाम तयारी गरेको थियो।

आगन्तुकलाई सेलिब्रेटीका रूपमा स्वागत गर्दै युरोपका डान्सरहरू, टर्कीका डिजे, भारतको रक संगीत समूह, भारतका डिजेका साथै आगन्तुकलाई 'डोर प्राइज'का रूपमा लन्डन र बैंकक जाने हवाई टिकट उपलब्ध गराएर उक्त होटलले २००८ लाई धक फुकाएर स्वागत गर्‍यो। होटल याक एन्ड यतिमा हरेक वर्ष आयोजित हुने डान्स पार्टी 'सिनर्स इन हेवन'मा यसपटक मुम्बईका डिजे सुरले रातभरि नयाँ वर्षको सुर छेडे। उक्त होटलस्थित क्यासिनो रोयलमा भने मोडलद्वय बेबी र स्मिताको कोरियोग्राफीमा 'हट फेसन सो' सम्पन्न भयो। साडी, कुर्ता तथा जिन्सकै पहिरन भए पनि उक्त सोलाई सकेसम्म 'ग्ल्यामरस' बनाउने प्रयत्न गरिएको थियो। त्योभन्दा पनि विशेष भारतकी आइटम डान्सर निकिता तथा आइटम गायिका रुचिकाका प्रस्तुतिले क्यासिनोको वातावरणलाई रोमान्टिक तुल्याएको थियो।

**व्यस्त रहे डिजे**

यस्ता अवसरमा डिजेहरू निकै व्यस्त हुन्छन्। यहाँका चर्चित डिजेहरू कुनै न कुनै स्थानमा पार्टीका चराहरूलाई नचाउन व्यस्त भेटिए। डिजे राजु होटल हयात रिजेन्सीको रक्स बारमा विभिन्न कूटनीतिज्ञका साथै विदेशी पाहुनाहरूलाई आफ्नो डिजेइङको तालमा नचाउन सक्रिय रहे। विगत केही महिनादेखि उक्त बारमा डान्स पार्टी आयोजना गरिएको छैन तर नयाँ वर्ष २००८ को स्वागतमा भने बारले नै विशिष्ट पाहुनाहरूलाई निम्त्याएर डान्स पार्टीको आयोजना गरेको थियो। डिजे बिम्यान अन्य डिजेहरू डिजे शिशिर, डिजे एनभिएन, डिजे प्रिन्स तथा दिल्लीका डिजे सिडका साथ होटल मल्लमा आयोजित पार्टी 'एलिभेसन'मा केही बेर झुल्किएपछि ठमेलमा आयोजित 'ठमेल स्ट्रिट फेस्टिभल'मा विभिन्न रिमिक्स गीत घन्काउन पुगिहाल्थे। उनका साथ फेस्टिभलमा डिजे शिशिर, डिजे एनभिएन, डिजे जिम्मी, डिजे सुर, डिजे बिकेलगायत १५ जना डिजेले रातभरि ठमेललाई डिजेमय तुल्याए।

डिजे तेन्जिङ र डिजे रूपेश भने क्लब प्लाटिनममा जर्मन डान्सरहरू जेस्सी र टिनेलाई आफ्ना डिजे मिक्स धुन छर्दै नचाउँदै थिए भने उनीहरूका साथ दर्शकहरू पनि रमाउँदै नाचे। त्यसो त कतिपय रेस्टुराँ तथा होटलहरूमा शान्त तवरबाट नयाँ वर्ष मनाउने वातावरण मिलाइएको थियो। ठमेलस्थित अर्गानिक क्याफेमा शास्त्रीय गायक श्रीकृष्ण गुरुङले संगीतमय वातावरण सिर्जना थिए भने होटल याक एन्ड यतिको सनराइज क्याफेमा फ्युजन गीतारवादक अनिल शाही उपस्थित सबैलाई फ्युजन संगीतको संसारमा पुर्‍याउँदै थिए।

होटल द्वारिकाजमा पनि त्रिवेणी संगीत समूहले नयाँ वर्षको स्वागत मिठासपूर्ण संगीतबाट गर्‍यो। तथापि राजधानीका अन्य 'ह्याप्पिङ प्लेसेज'मा भने डिजेहरूकै डिजेइङमा नाच्दै 'ह्याप्पी न्यु इयर' भन्नेहरूकै जमात धेरै थियो।



# पोखरा तात्यो सडक महोत्सवमा




**शिव शर्मा**

पोखरा- सडकदेखि होटल, रेस्टुराँसम्म खचाखच । लेकसाइड क्षेत्रको तामझाम देखेर सबै दंग परे । पर्यटकको पहिलो रोजाइको क्षेत्र मानिने लेकसाइड यसपटक विछट्टै उल्लासमय बन्न पुग्यो । यो सबैको कारण भने एउटै थियो– यहाँ पाँच दिनसम्म चलेको सडक महोत्सव ।

सडक महोत्सवको रमझममा स्वदेशी तथा विदेशी पर्यटकहरूको उपस्थिति बाक्लो देखियो । अघिल्लो वर्षभन्दा यस पटकको महोत्सवमा पाहुनाहरूको आगमन दोब्बर देखियो । दुलहीझैं सिंगारिएको महोत्सव स्थलमा खुट्टा टेक्ने ठाउँ पाउनसमेत मुस्किल हुन्थ्यो । महोत्सव अवधिभर यो चहलपहलले पर्यटन व्यवसायीहरूलाई उत्साही बनायो । नबनाओस् पनि किन ? सडक महोत्सवले व्यवसायीहरूलाई राहतको महसुस गरायो । होटल तथा रेस्टुराँ व्यवसायीहरू मालामाल भए ।

सडकमै उतारिएका रेस्टुराँहरूलाई महोत्सव अवधिभर एकछिन फुर्सद थिएन । पाहुनाको स्वागत-सत्कारमा लिप्त हुँदा रात काटेको पनि पत्तै भएन, एक रेस्टुरा व्यवसायी भन्दै थिए- महोत्सवको अन्तिम दिन त जाग्राम नै बसियो । अंग्रेजी नयाँ वर्ष तथा पाँचदिने सडक महोत्सवले पोखराका गल्ली-गल्लीमा रहेका होटलहरू पनि बुक भए । कति पाहुनाले त कोठा खोज्दै हैरानी झेल्नुपऱ्यो । यो सबै अंग्रेजी नयाँ वर्ष तथा सडक महोत्सवले गराएको हो, होटल व्यवसायी चित्र अधिकारी भन्दै थिए ।

महोत्सवको चहलपहल हेर्न मुलुकका विभिन्न भागबाट स्वदेशी पर्यटकहरू पनि उल्लेख्य रूपमा यहाँ भित्रिएका थिए । लेकसाइडको फिस्टेल गेटदेखि झन्डै साढे ३ किलोमिटर लामो सडकमा मानिसहरूको घुइँचो देखिन्थ्यो । यो रमिताले विदेशी पर्यटकहरूलाई पनि आनन्दित तुल्याइरहेको थियो । महोत्सवस्थलमा सबैले आ-आफ्नै पारामा मनोरञ्जन गरेका थिए । सडकमै उतारिएका टेबल-कुर्सीमा बसेर आफूलाई मन पर्ने परिकारको स्वाद लुट्दै रमाउनेहरूको झुन्ड बाक्लो थियो । हात समातेर हिंड्ने युगल जोडीहरूको रमितादेखि सडकमै घन्किएका रोदी, मारुनी अनि विविध सांस्कृतिक कार्यक्रमको सनसनीले महोत्सव घमाइलो देखिन्थ्यो ।

खुला सडककै बीचमा विवाहमा नाचिने रत्यौलीको रन्को बेग्लै थियो । महिला नै दुलहा-दुलही बनेर नाचगान गर्दै सडक घन्काएका थिए । यो नौलो शैली देखेर सबै स्वदेशी तथा विदेशी दंग परे । लोप हुन लागेका वस्तुहरूको प्रदर्शनीले पुरानो संस्कृतिको झझल्को दिन्थ्यो । हरेक वर्ष रेवानले सडक महोत्सवमार्फत पर्यटकहरूलाई निम्तो बाँड्न महोत्सव गर्दै आएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठ पनि निकै प्रसन्न देखिन्थे । होइन, यतिका पर्यटकहरू सधैं हुने हो भने पर्यटन व्यवसायीहरूका दिन साँच्चै फिर्ने थिए, -दंग पर्दै श्रेष्ठले भने ।

सडकमै खाने, सडकमै बस्ने अनि सडकमै नाच्ने आनन्द आगन्तुकहरूले लिए । यसपटक पनि महोत्सवको प्रमुख आकर्षण त चितवनबाट ल्याइएको हात्ती नै बन्यो । धेरैलाई हात्तीमा चढ्न पाउँदा चितवन नै पुगेको अनुभव भयो । हात्ती चढ्न बालकदेखि वृद्धसम्मको हानथाप देखियो । अंग्रेजी नयाँ वर्षको गन्तव्य स्थल एवं आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्ने ध्येयले आयोजित महोत्सवमा साढे २ लाख पर्यटक लेकसाइड भित्रिएको आयोजकहरूको दाबी छ ।

महोत्सवमा चितवनका थारूको लट्ठी नाच, धरानका राई-लिम्बूहरूको धान नाच, बन्दीपुरको भुजेल नाच, पोखराको २ सय ५० वर्ष पुरानो भैरव नाच तथा तायमचा आदि विभिन्न जनजातिका नाच प्रदर्शन गरिएका थिए । त्यसैगरी वेटर रेस, टुरिस्ट रेस, डुंगा रेसका साथै ससेज, मम, इटिङ कम्पिटिसन आदि रमाइला इभेन्टहरू समावेश थिए । उता लाइभ कन्सर्टमा चर्चित राष्ट्रिय पप गायक-गायिकाहरू एड्रिन प्रधान, सिनी गुरुङ, कोमल ओली आदिले आफ्ना गीत-संगीत प्रस्तुत गरेका थिए ।

# विश्वास बने बेस्ट डिजाइनर





गत बिहीबार ऱ्याडिसन होटलको नेवाः ढुकु प्रेक्षालयमा बिछ्याइएको ऱ्याम्पमाथि मोडलहरूले प्रस्तुत गरेका पहिरन शैलीहरू चलनचल्तीमा ल्याउन नमिल्ने खालका भए पनि डिजाइनरहरूको कल्पनाशीलता र सिर्जनशीलताको अनुपम उदाहरण बने । आईईसी डिजाइनिङ संस्थाले आफ्नो दसौं वार्षिकोत्सवका अवसरमा आयोजित गरेको उक्त कार्यक्रम डिजाइनर प्रतिस्पर्धाका रूपमा सञ्चालन गरिएको थियो । 'विश्व शान्तिको कामना', 'लागूपदार्थ सेवन नगरौं, गरिबी उन्मूलन गरौं, ग्रीन अर्थ, लोडसेडिङ रोकौं, भिजिट नेपालजस्ता दर्जनौं सन्देशमूलक पहिरन प्रस्तुत भएको उक्त प्रतिस्पर्धामा राजधानी, जनकपुर, वीरगन्ज, बुटवल तथा पोखराका गरी १ सय ७५ जना डिजाइनले आ-आफ्नो सिर्जनालाई १६ जना मोडलमार्फत प्रस्तुत गरेका थिए ।

आममानिसको सोच र कल्पनाभन्दा बाहिरका पृथक् शैलीका फेसनका नमुनाहरू प्रस्तुत, प्रतिस्पर्धामा डिजाइनरहरूले आफ्नो सोचलाई कुखुराको प्वाँख, क्यासेटका रिलहरू, काठका टुक्रा, दूबो, फूलको थुँगा, पराल, डोरी, विभिन्न नेचुरल फाइवर, जुटको बोरा, प्लास्टिक, मकैको खोस्टा, सुन्तला र कागतीको खोल, चुरोट, खैनी, चाउचाउको प्याकेट आदिमार्फत मूत रूप दिएका थिए । १ सय ७५ जना डिजाइनरको प्रशंसनीय परिकल्पनामध्येबाट जनकपुरका डिजाइनर विश्वास सिलवालको सोचले उत्कृष्टताको एवार्ड प्राप्त गऱ्यो । उनले डिजाइन गरेको पहिरन शैलीको सन्देश थियो– संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्म सात राजनैतिक पार्टीको गठबन्धन नटुटोस् ।

सो सन्देश प्रवाह गर्न विश्वासले दौरा-सुरुवाल र टोपीको सहारा लिएका थिए । दौरामा राष्ट्रिय झन्डाको प्रयोग थियो भने टोपीमा नेपालको नक्सा । विभिन्न पत्रपत्रिकाको थरी-थरी कटिङले सुरुवाललाई आकार दिइएको थियो । उक्त पहिरन प्रस्तुत गर्ने मोडलले दुवै हातमा राजनैतिक दलका झन्डा बोकेका थिए र पिठ्युँमा 'पिस फर कन्ट्री'को ब्यानर थियो ।

## सताको स्वर



## योगेन्द्रमणि दाहाल

**तिम्रो साथ कहिल्यै नछुटोस्... कस्तो प्रकारको गीत हो ?**

यो रोमान्टिक स्लो-पप गीत हो। जस्तोसुकै दुःख भए पनि कहिल्यै साथ नछुटोस् भन्ने भावनालाई गीतमा अभिव्यक्त गरिएको छ। गायक दीपेशकिशोर भट्टराईले नयाँ शैलीमा कम्पोजिसन गरेको यो गीतलाई गायक भट्टराईले उत्तिकै मेहनतका साथ गाएका छन्।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो त ?**

यो मेरो दोस्रो गीतिसंग्रहको गीत हो, यही गीतका कारण मलाई पनि धेरैले चिनेका छन्। मैले गीत लेख्दा यो गीत यति धेरै लोकप्रिय हुन्छ जस्तो लागेको थिएन्।

**गीतको लक्षित समूह को हो ?**

यो गीत लेख्दा परिपक्व वर्गलाई लक्षित गरे पनि गीत तयार भैसकेपछि गायकी, संगीत र रचनाका दृष्टिकोणले संगीतलाई राम्रोसँग बुझेका सबैका लागि यो गीत प्रिय बनेको छ।

**गीतको म्युजिक भिडियो कस्तो लाग्यो ?**

गीतको भावनाअनुरूपकै भिडियो बन्यो जस्तो लाग्छ। आलोक नेम्वाङले भिडियो राम्रो बनाउन निकै मेहनत गर्नुभएको छ।

**गीतकारका रूपमा तपाईं यो गीतबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

यो गीतबाट सोचेभन्दा राम्रो प्रतिफल पाएकै कारण अहिले अर्को एल्बमको तयारीमा जुटिसकेको छु। वैशाखसम्ममा बजारमा आउनेछ।

**बाल्यकालका** साथीद्वय पल बस्नेत र प्रहिल श्रेष्ठ विशेष कारणले विदेश पलायन भएका थिए। दुई फरक मुलुकमा पुगेका यी दुई मित्रको भेट वर्षौंपछि स्वदेशमा भयो। गायनका साथै गीत रचना एवं संगीतमा रुचि भएका यी दुईले आफ्नो वर्षौं पुरानो मित्रतालाई एक ढिक्का पार्ने निधो गरेछन्। दुवैको रुचि गीतसंगीतमै भएकाले उनीहरू दुवैको स्वरमा गीत रेकर्ड गरेर एल्बम निकाल्ने भएछन्। फलस्वरूप गत साता साथी गायकद्वय पल र प्रहिलको एल्बम 'पल एन्ड प्रहिल' सार्वजनिक गरियो। संगीतकार दीपक जंगम तथा गायक ओमविक्रम विष्टले संयुक्त रूपमा विमोचन गरेको उक्त एल्बममा नौवटा गीत छन्, जसमध्ये चार-चारवटा गीत क्रमशः पल र प्रहिलको एकल स्वरमा छन् भने एउटा गीत दुवैले सँगै गाएका छन्।

**गीतकार**, गायक तथा संगीतकार लोकनाथ सापकोटाले दोहोरी गीतमार्फत मुलुकका विकृतिविरुद्ध व्यंग्य कसेका छन्। उनको व्यङ्ग्यात्मक दोहोरी एल्बम 'मोबाइलमा मिसकल'मा उनले 'नेपालमा हिन्दी भाषा', 'तिम्रो बानी नजाती', 'ओ सरकार रोजगार दिलाइदेऊ न', 'वसन्ती पञ्चैबाजामा', 'गणतन्त्र जिन्दाबाद' आदि गीतमार्फत व्यंग्य प्रस्तुत गरेका छन्। गायिकाहरू यशोदा कर्माचार्य, जमुना गहतराज, माण्डवी त्रिपाठी तथा लक्ष्मी न्यौपानेका साथ गाएका ती गीतमा उनले पप, र्‍याप, रिमिक्स आदि शैली पनि मिसाएका छन्।

**कतारमा** बसेका नेपालीहरूद्वारा सञ्चालित समाचारमूलक वेबसाइट अलनेपाल न्युज डटकमको मनोरञ्जन विभागको सम्पादकमा गीतकार भूपेन्द्र खड्कालाई नियुक्त गरिएको छ। कतारमा रहेका बकिस पाण्डेद्वारा सञ्चालित उक्त वेबसाइटमा नेपालका साथै विश्वका महत्त्वपूर्ण सबै समाचार प्रकाशित हुने गरेको छ। गीतकार खड्का विगत केही समययता सर्वाधिक व्यस्त गीतकार भएका छन्। पछिल्ला प्रायः एल्बमहरूमा उनले रचेका गीतहरू रहने गरेका छन्। हाल उनी गायिका रेश्मा सुनुवारको गीत 'मै ठूली भैछु रे'बाट चर्चामा छन्। गीतकार खड्का राजधानीमा सञ्चालित क्यापिटल एफएमका संयोजक पनि हुन्।

**गायक** अरुण कार्की यतिखेर निकै खुसी छन्। पाँचौं एल्बम 'उमंग'ले उनलाई विगतका चार एल्बमले नदिएको चर्चा दिएकोमा उनी खुसी भएका हुन्। प्रायः आधुनिक गीत गाउने गायक कार्कीले आफ्नो पछिल्लो एल्बममा मिठासपूर्ण पप गीतहरू गाएका छन्। उनले गाएको गीत 'नराख मनमा कुरा'ले हाल चर्चा पाइरहेको छ। उक्त गीतको म्युजिक भिडियोमा उनले अर्का गायक सुमन श्रेष्ठलाई अभिनय गराएका छन्। एल्बमको पहिलो म्युजिक भिडियोले चर्चा पाएपछि अर्को म्युजिक भिडियो बनाउने तरखर गरिरहेका कार्कीले अर्को एल्बम पनि रेकर्ड गर्न लागेको बताए।

**नेपालका** उच्च पहाडी भेकमा हिमपात सुरु भैसकेको छ। हिमपातपछिको सुन्दर दृश्यलाई म्युजिक भिडियोमा उतार्ने कार्य पनि आरम्भ भएको छ। गायक रोज मोक्तानले भने गत वर्ष दोलखामा भएको हिमपातमा छायांकन गरेको आफ्नो गीतको एउटा म्युजिक भिडियो भने यो हिउँदमा सार्वजनिक गर्दैछन्। 'हिउँ पर्‍यो फुरुरु' बोलको उक्त गीतको म्युजिक भिडियोलगत्तै उनको अर्को गीत 'रातो रातो गाला'को म्युजिक भिडियो पनि सार्वजनिक हुँदैछ। मोक्तानले हालै डिजे तेन्जिङको रिमिक्स एल्बमका लागि पनि केही गीत गाएका छन्।

**झापाली** स्रष्टा कृष्ण भण्डारी 'साइतको टीका' नामक नयाँ गीतिक्यासेट लिएर देखा परेका छन्। संगीतमा 'मास्टर्स' उत्तीर्ण भण्डारीका विभिन्न एल्बम यसअघि नै सार्वजनिक भैसकेका छन्। संगीतकार एवं कञ्चनजंघा एफएमका प्रबन्ध निर्देशक चन्द्र भण्डारीले बिर्तामोडको मेची-महाकाली होटलमा एक समारोहबीच 'साइतको टीका' को लोकार्पण गरे। साइतको टीका लोकपपको सँगालो हो। स्वर र संगीत आफ्नै रहेको भण्डारीको क्यासेट राजधानीको श्रीगणेश म्युजिक सेन्टरले उत्पादन गरेको हो।


**युवा** गायक पदम कन्दङ्वाको एकल गीतिसंग्रह 'अलंकार' झापाको खुदुनाबारीमा विमोचन भएको छ। किराँतहरूको महान् चाड चासोक तङनामको उपलक्ष्यमा आयोजित विशेष कार्यक्रममा किराँत थाक्थुङ चुम्लुङका केन्द्रीय पार्षद् कृष्णकुमार थेवे, संगीतकार हस्त परियार, साहित्यकार रश्मिशेखर, संगीतकार कृष्ण योञ्जन तथा सञ्चारकर्मी पिनाकी कोइरालाले संयुक्त रूपमा उक्त क्यासेटको विमोचन गरेका थिए। क्यासेटमा अर्जुन सापकोटा, निरोज आचार्य, शिव सेढाईं, सुरज विश्वकर्मा, चन्द्र रसाइली, रश्मिशेखर तथा प्रेम चिमरियाका आठवटा गीत छन्, जसमा कन्दङ्वाले स्वर भरेका छन् भने शिवशंकर थापा, हस्त परियार एवं मनोज राईले संगीत दिएका छन्।

**र्‍याप** गायक निर्णय डा. एनएसके अर्थात् निर्णय श्रेष्ठ पछिल्ला वर्षदेखि राष्ट्रका लागि केही गर्ने अभियानमा जुटेका छन्। जमर्को नाम गरेको एक सामाजिक संस्थाका संस्थापक सदस्य निर्णयले आफ्ना गीतसंगीतमार्फत गरिब बालबालिका, रोगी, अनाथ आदिको सेवा गरिरहेका छन्। उक्त संस्थाबाट आयोजना भैरहेको 'मेचीदेखि महाकाली' शीर्षकको कन्सर्ट यात्रामा पटक-पटक गरेर उनले धेरै पटक नेपालको पूर्वदेखि पश्चिम यात्रा गरेका छन्। निर्णयले यसै साता एचआईभी एड्सग्रस्तहरूका लागि एउटा सिडी एल्बम बजारमा ल्याएका छन्। 'हामीसँगै' शीर्षकको उक्त सिडी एल्बममा जम्मा दुईवटा गीत छन्। गायिका माण्डवी त्रिपाठीसँग निर्णयले गाएको गीत 'हामीसँगै' तथा गायिका प्राश्ना शाक्यसँग गाएको गीत 'लेकदेखि बेसी' का साथै सिडी एल्बममा ती गीतका म्युजिक भिडियो पनि समावेश छन्। सिडी एल्बमको कभरलाई 'रिसाइकल पेपर'मा बनाइएको छ। एल्बममा रहेका दुवै गीतमा निर्णयकै शब्द, स्वर तथा संगीत सुन्न पाइन्छ।

**दुबईमा** आफ्ना दाजुसँग रेस्टुराँ सञ्चालन गरी बसेका गायक जोहेब मानन्धर बेलाबखत उता आयोजना गरिने कार्यक्रमको संयोजकका हैसियतले स्वदेश आउने गरेका छन्। केही समयअघि उनले एकल एल्बम 'रिभाइभ' पनि बजारमा ल्याए। जोहेब अब आफ्नै संगीत उत्पादक कम्पनी सञ्चालन गर्ने सुरमा छन्। कम्पनी खोल्ने पूर्वाधार तयार गरिरहेका जोहेबका अनुसार उक्त कम्पनी यही वर्ष आरम्भ हुनसक्छ।

**वर्षौंदेखि** नेपाली रक गीतहरू घन्काउँदै देशविदेशमा चर्चा कमाइरहेको रक समूह 'मुक्ति एण्ड रिभाइवल' फेरि अर्को एक नयाँ एल्बमका साथ संगीतक्षेत्रमा फर्किएको छ। रक तथा ब्लुज संगीतमा पोख्त उक्त समूहले यसैसाता 'देख्दैछु म' शीर्षकमा नयाँ एल्बम सार्वजनिक गरेको छ। 'कलंकीको जाम', 'बुझाइदेऊ' जस्ता सामाजिक समस्याहरूमा गीत गाउने उक्त समूहका गायक मुक्तिले एक अनौपचारिक समारोह आयोजित गरी गत शनिबार एल्बम सार्वजनिक गरेका हुन्। म्युजिक वेभले बजारमा ल्याएको उक्त एल्बम सार्वजनिक गरेपछि उक्त समूह कार्यक्रमका सिलसिलामा स्पेन प्रस्थान गरेको छ।

**लोकगायक** बद्री पंगेनीको नेतृत्वमा सांस्कृतिक कार्यक्रममा सहभागी हुन लमजुङ गैरहेको कलाकारहरूको समूह चढेको बस गत शुक्रबार तनहुँको राम्चेमा दुर्घटनामा परेको छ। दुर्घटनामा १५ जनाभन्दा बढी यात्रु घाइते भएका छन्। यद्यपि घाइते कलाकारहरूको अवस्था भने सामान्य छ।



**पुरानो सम्झना :** गायक उदित, श्रीमती दीपा, आदित्यनारायण तथा निर्देशक दिनेश डी.सी. मुम्बईमा।

### लाइभ शो

पोखरास्थित होटल सांग्रिलामा हरेक साँझ गजल तथा लोकदोहोरी कार्यक्रम हुन थालेको छ। 'द स्पाइस रुट' शीर्षकमा प्याकेजसहित बनाइएको स्पेसल मेनुमा समावेश थकाली, ग्याकोक, डिमसम, मुगलाई तथा तन्दुरी परिकारहरूको स्वाद लिँदै कार्यक्रमको मज्जा लिन पाइने व्यवस्था छ। होटलमा भर्खरै सञ्चालनमा आएको मसाज तथा स्पाको आनन्द लिइसकेपछि कार्यक्रम हेर्दै यहाँ विविध परिकारको स्वाद लिन सकिन्छ।

## नजिकबाट — दिव्य सुब्बा



जन्म मिति : असोज १४ गते
घरमा बोलाउने नाम : दीपु
नामको अर्थ : दिव्य ज्योति, उज्यालो, प्रकाश,
परिचय : गायक
जन्मस्थान : धरान-१०
रुचि : संगीत, साथीभाइसँग घुम्ने, खाना पकाउने,
प्रकाशित एल्बम : प्रथा, परिवर्तन
सांगीतिक गुरु : बाबा केवल सुब्बा, गुरुदेव कामत
नजिकको साथी : गम्भीर राजकर्णिकार, सुरिना डंगोल
मनपर्ने परिकार : साधारण नेपाली खाना
मनपर्ने रंग : नीलो, सुन्तला रंग
मनपर्ने मौसम : जाडो
मनपर्ने खेल : फुटबल, बास्केटबल
मनपर्ने पहिरन : जिन्स पाइन्ट, टिसर्ट,
फुर्सदमा : साथीभाइलाई समय दिन्छु, गीत लेख्छु
मनपर्ने आफ्नो बानी : मलाई कहिल्यै पनि रिस उठ्दैन
पहिलो गीत : सुनसान रातमा
पहिलो एल्बम : प्रथा
पहिलो चर्चित गीत : पश्चाताप
मनपर्ने म्युजिक भिडियो : अग्लिजको आउँदै-जादै
सबैभन्दा बढी माया : आमा
पहिलो बाजा : गितार
पहिलो प्रेम : स्कुलमा हुँदा ८ कक्षाकै साथीसँग
पहिलो चुम्बन : कक्षा ४ र ५ मा साथीलाई नै
पहिलो फोटोसेसन : पहिलो गीति सग्रहका लागि
नराम्रो बानी : म रिसाएँ भने बोल्दिनँ,
गोप्य कुरा : म राम्रो मान्छे पनि हुँ।
जीवन के हो : यो एउटा मौका हो, सदुपयोग गर्नुपर्छ।
भविष्यको योजना : सांगीतिक क्षेत्रमा थप सफलता हासिल गर्ने।

# संगीतबाट समाधान



**साप्ताहिक समाचार**

सल्भ नेपाल– मुलुकका हरेक समस्याको समाधान गर्न सक्रिय युवाहरूको संस्था। कसरी सम्भव छ समाधान ? संस्थाका अध्यक्ष कृष्ण थापा प्रश्न खस्न नपाउँदै जवाफ दिन्छन्- संगीतको माध्यमबाट। शान्ति-सम्झौताप्रतिको प्रतिबद्धताका लागि संगीत। कसले गाउँछ ? उही सबैले सुनेकै नाम दीपक लिम्बू, मौसमी गुरुङ, अविनाश घिसिङ, जेबी टुहुरे, भगवान् भण्डारी आदि। यी गायकको पेसा नै गायन हो, यद्यपि यो पेसालाई सन्देशमा परिवर्तन गर्न सकिने रहेछ। थापा प्रस्ट्याउँछन्- हामीले युवापुस्तालाई आकर्षित गर्न खोजेका हौँ, यसका निम्ति युवाले चिनेका युवा नै परिचालित गरेका छौँ। उनका अनुसार नाटक, दोहोरी आदिका साथै युवा वक्ताका प्रवचन पनि सुनाइन्छ। सल्भले केही समयअघि उपत्यकाव्यापी लोकगीत तथा लोकपप प्रतियोगितात्मक जागरण अभियान सम्पन्न गरिसकेको छ। लगत्तै पुस ६ गतेदेखि माघ १६ गतेसम्म उपत्यकामा एक दर्जन पटक 'बृहत् सांस्कृतिक कन्सर्ट' गरेको छ। तीन स्थानमा एक दर्जन पटक गरिएको उक्त कन्सर्टमा लाखौंको सहभागिता भएको दाबी थापाको छ।

हरेक संघ-संस्थाले आफ्नो कार्यक्रम राजधानीकेन्द्रित गर्छन्, जहाँ तुलनात्मक रूपमा जागरण अभियान कम आवश्यक छ। सल्भ पनि किन राजधानीमै केन्द्रित ? संस्थाका सह-संयोजक सुमन सागरजंग के.सी. प्रस्ट्याउँछन्- यो सुरुवात हो। सल्भ स्थापना भएको दुई वर्ष भयो। तेस्रो वर्षदेखि मोफसलमा निस्कन्छौँ। यो संस्थाले जनआन्दोलनका बेला क्षति कम होस् भनेर विभिन्न कार्यक्रम गरेको छ। उदार स्वयंसेवकहरू आबद्ध सामाजिक संस्था नेपालको छोटकरी नाम नै सल्भ हो। यो संस्थाले ३ सय ७ युवालाई आफ्नो काममा बिनापारिश्रमिक परिचालित गरिरहेको छ।



## ठट्यौली प्रकाशसँग

वैद्यले बिरामीसँग सोधे- 'मैले अघि तपाईंलाई खोकी लाग्यो भनेर जुन दबाई बनाएर दिएको थिएँ, खानुभयो ?'

'मैले दबाई चाखें, फेरि यस्सो विचार गरें अनि दबाईभन्दा खोकी नै ठीक भनेर फ्याँकिदिएँ,' रोगीले उत्तर दिए ।

०००

भिखारीले घरको ढोका ढकढक पाऱ्यो, घरमालिकले ढोका खोले ।

'घरमालिक्नी हुनुहुन्न ?' भिखारीले सोध्यो ।

'किन, के भो ?'

'म भोको छु, मालिक्नीले केही खानेकुरा दिनुहुन्थ्यो...।'

'ऊ त माइत ग'की छ, लेऊ यो राख २० रुपैयाँ, खानेकुरा किनेर खानू ।'

'हजुरको सधैं भलो होस्, तपाईं बूढाबूढीको जोडी सातै जन्मसम्म कायम रहोस् ।'

'के भनिस् ? फिर्ता ले मेरो २० रुपैयाँ । भाग, फेरि यहाँ आइस् भने खुट्टासुट्टा भाँचिदिन्छु ।'

०००

होली आउन दुई-चार दिनअघि एउटा घरमा डाकुले तरबार देखाएर 'भएभरको गरगहना, पैसा निकाल्, नभए मर्छस्' भनेपछि सबै चीज निकाल्दै जाँदा छोरो राजुले होली खेल्न ल्याएको बन्दुकमा बाबुको आँखा परेछ । बाबुले उक्त बन्दुक डाँकुपट्टि तेर्स्याए, बन्दुक सक्कलीजस्तै थियो...सबै डाकुले तरबार भुइँमा फ्याँके, हात माथि उठाएर त्यतिकैमा खाटमुटि लुकिरहेको राजु करायो- 'बुबा, बन्दुक कसरी हान्नुहुन्छ ? रंग-पानी त बन्दुकमा हालेकै छैन ।'

०००

'हजुर, चिया खान दस रुपैयाँ दिनुहोस्,' भिखारीले माग्यो ।

'किन दस रुपैयाँ ? चिया त पाँच रुपैयाँमा आउँछ ।'

'अरे म मात्रै किन चिया खानु ? तपाईंलाई पनि ख्वाउँछु नि यार ।'

०००

एउटा कन्जुसले चर्पीमा ५ को नोट खसायो, फोहोर थियो, टिप्न आँट आएन । पर्सबाट १ सयको नोट निकालेर फेरि त्यही फोहरमा फ्याँक्यो र दुवै नोट हातले झिक्दै मनमनै भन्यो– 'एक सय पाँच रुपैयाँको सवाल छ यार ।'

०००

एक व्यक्ति ट्वाइलेटमा पस्यो, पस्नेबित्तिकै छेउको ट्वाइलेटबाट आवाज आयो- 'को हो ?'

'म ।'

'मेरो ट्वाइलेटमा पानी छैन, तपाईंकोमा छ भने अलिकति दिनुस् न....।'

'यता पनि पानी छैन ।'

'ट्वाइलेट पेपर ?'

'छैन ।'

'कुनै कागज ?'

'छैन ।'

'बिल, चिठ्ठी केही ?'

'छैन, छैन ।'

'त्यसो भए यसो गर्नुस्, यो १ सयको २,२, ५,१० को खुजुरा गरिदिनुस् ।' उक्त व्यक्तिले माथिबाट १ सयको नोट छिराउँदै भनेछ ।

०००

## कविता

### फेरि यसपालि चुनाव हुन्छ रे !



चुनाव-चुनाव भन्दाभन्दै बर्षौं बितिसक्यो
चुनाव गर्न भनी छुट्याएको बजेट रित्तिसक्यो
चुनाव गर्न भनेर छलफल धेरै गर्छन्
समयमा चुनाव गर्न नसकी पर-पर सार्छन्
फेरि यसपालि चुनाव हुन्छ रे !
बोलेर मात्र हुन्न, गरेर देखाउनु
साँच्चै यसपालि चुनाव गराउन नसके
नेताहरूलाई छाड्दैनन् घुँडा नटेकाई, जनताले ।

–आदर्श प्रधान

### पीडा

बाँच्ने रहर सकिसक्यो मर्न सकिनँ
ओइलिएको फूल भएँ झर्न सकिनँ
सँगै मर्छु-बाँच्छु भन्थिन् उनले बाचा भुले पनि
मैले त्यसो गर्न सकिनँ
ओइलिएको फूल भएँ झर्न सकिनँ
बाँच्ने रहर सकिसक्यो मर्न सकिनँ ।

–अरुण गुरुङ

### लोकतन्त्र आयो रे

मध्यरातमा आयो-आयो भन्छन्
लोकतन्त्र आयो रे...
तर मैले अँध्यारोमा देखिनँ
लोकतन्त्र आएपछि
हरेक नेपाली खुसी हुन्छ रे...
तर मैले आफ्नो आँखाको आसुँ पुछ्न सकिनँ
लोकतन्त्र आएपछि
नेपाली स्वतन्त्र पन्छी झैं हुन्छ रे...
तर मैले कैद भएको देख्न सकिनँ
लोकतन्त्र आएपछि
देशमा युद्धविराम हुन्छ रे...
तर मैले गोली रोक्न सकिनँ
लोकतन्त्र आएपछि
लुटपाट कम हुन्छ रे...
तर मैले यस्ता विकृति रोक्न सकिनँ ।

–प्रीति कौर

### विवाह



त्यसै थियौ फूलमाया
संस्कारको झ्यालखानामा
म अहिले
प्राइभेट झ्यालखानामा लैजान आएको
बैंसको गँड्यौलो उनेर
सिन्दुरको बल्छीमा
तिमीलाई पार्न आएको,
सायद त्यसैले होला
बेहुली बनेर
तिमी यसरी रोएकी
लाग्दै छ-
सहिदको वास्तै नगरी
कालो घोडा लिएर
छेउमै तैनाथ छन् जङ्गेहरू
टुँडिखेल खोल्न
र चिच्याउँदै छ टुँडिखेल खुलामञ्च भएर
खोज्दै लोकतन्त्र ।

–भवभिन्न


### कुट कुट्नेजति

चुनावबाट सांसद बन्न उठ उठ्नेजति
सांसद बनी हामीलाई कुट कुट्नेजति
लोभ देखाई भोट माग्नु चुनावमा जित्नलाई
जितेपछि जनतालाई भुट भुट्नेजति
पुग्ने कुरा बोल्ने गर वृद्ध बालकहरू
तिम्रो पेट भरे हुन्छ, लुट लुट्नेजति
भरे खाने अन्न छैन चढ्न खोज्छौ जहाजमा
पार्टी धेरै बनाउन फुट फुट्नेजति ।

–रोजिन पनेरू

## लघुकथा

### धनवीरले लिएको ऋण



आजको बिहानी अरू बिहानीभन्दा भिन्दै किसिमको थियो । मिरमिरे उज्यालो नहुँदै चराचुरुङ्गीहरू आफ्नो आहारा खोज्न निस्किसकेका थिए । आकाशमा कालो बादल मडारिरहेको थियो । आहारा लिन निस्किएका चराचुरुङ्गीहरू आकाशमा उडिरहेका देखिन्थे । त्यही चरा उडिरहेको आकाशमुनिका थुप्रै गाउँहरूमध्येको एउटा सानो गाउँमा धनवीर नाम गरेका एक गरिब बस्थे । उनकी श्रीमतीका साथै छोरी उर्मिला पनि थिइन् जसले भर्खरै एसएलसी उत्तीर्ण गरेकी थिइन् । त्यही गाउँमा केशरलाल नाम गरेको एक धनी व्यक्ति पनि बस्थे उनका पनि श्रीमती एवं रमेश नाम गरेको छोरो थियो ।

प्रथम श्रेणीमा पास भएकीले छोरीलाई सहर पठाउन धनवीर ऋण लिन केशरलालकहाँ पुग्छन् । ऋणको सट्टामा गाई ब्याएपछि बाच्छो दिने सर्तमा कुरा मिलेपछि केशरलालले धनवीरलाई १० हजार रुपैयाँ ऋण दिए ।

बाटोभरि छोरीलाई सरहमा पढ्न पठाई देशको असल नागरिक बनाउने सपना देख्दै उनी घर पुगे । घरको आँगनमा गाउँका सारा मानिस भेला भै उनको खिल्ली उडाइरहेका थिए । सरासर घरभित्र गई हेर्दा श्रीमती रोइरहेकी थिइन् । धनवीर कराउन थाले, किन रोएकी अनि छोरी कता गई ? उनकी श्रीमतीले रुँदै उत्तर दिइन्- केशरलालको छोरा रमेशले आज बिहानै छोरीलाई भगाएर काठमाडौं लगेछ ।

–किसन कार्की

# हात्ती दौडमा झुम्यो सौराहा

**प्रवीण दत्त**





तस्वीर : महेश प्रधान

चितवन– गत साता सौराहाका हात्ती निकै व्यस्त रहे । पर्यटक बोकेर हिँड्ने हात्तीहरू खेलाडी बने । उनीहरूको दिनचर्यामा परिवर्तन आयो । स्टार खेलाडीझैं हात्ती पनि तालिम र अभ्यास लिन व्यस्त थिए । तालिमको उद्देश्य प्रतियोगितामा खेल प्रदर्शन गरेर वर्चस्व कायम गर्दै उपाधि चुम्नु थियो ।

हात्तीलाई माहुतेले स्याहारसुसार गरेका थिए । प्रत्येक वर्ष हात्तीको खेल आयोजित गर्छन्, सौराहाका पर्यटन व्यवसायीहरू । घरपालुवा जनावरहरू, हात्ती, घोडा र गोरुले एक-आपसमै प्रतिस्पर्धा गरे । यी सबै प्रतियोगितामध्ये आकर्षणको केन्द्र बन्यो हात्तीदौड । चार वर्षको फुच्चे हात्तीदेखि तीस वर्षसम्मका हात्तीहरू दौडमा प्रतिस्पर्धा गर्दा त्यहाँको वातावरण रोमाञ्चक बनेको थियो । पोखराबाट आएका विशाल खड्काले पहिलो दिन नै अनुमान गरेका थिए- 'यसपालि पनि जंगबहादुरले उपाधि आफ्नो कब्जामा पार्ला ?' उनले अनुमान गरेको दिन पहिलो चरणको दौड भएको थियो । त्यसमा जंगे प्रथम भयो । त्यो पनि प्रतिस्पर्धीलाई लामो दूरीले उछिन्दै । त्यसपछि पनि उनले अपेक्षा गरेजस्तै भयो । यस पटक पनि प्रतियोगिताको उपाधि चुम्न सफल भयो, थाइल्यान्डको प्रतिनिधित्व गरेको जंगबहादुर हात्ती ।

वन्यजन्तु अवलोकन तथा जंगल सफारीका लागि प्रसिद्ध सौराहाको बाघमारा सामुदायिक वनको मैदान हात्ती दौडका लागि व्यवस्थित तरिकाले सिंगारिएको थियो । मानिसबीच हुने प्रतियोगितामा रम्ने पर्यटकहरू यस पटक छुट्टै किसिमको प्रतियोगिता हेर्न सौराहा ओइरिएका थिए । स्वदेशी एवं विदेशी पर्यटकको ओइरो नै लागेको थियो प्रतियोगिता अवधिभर । आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले पर्यटन नगरी चितवनको सौराहामा गत साता चौथो अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता सम्पन्न भयो । चितवनको पर्यटकीय आकर्षणबाट स्वदेशी तथा विदेशी पर्यटकहरूलाई परिचित गराउनुका साथै नयाँ वर्ष तथा क्रिसमसको अवसरमा यहाँ आएका पर्यटकलाई थप मनोरन्जन दिने उद्येश्यले उक्त दौड प्रतियोगिता आयोजित गरिएको संयोजक हरिभक्त घिमिरले साप्ताहिकलाई बताए ।

हात्तीसहित विभिन्न जातजातिको झाँकी ऱ्यालीबाट प्रतियोगिता आरम्भ गरिएको थियो । प्रतियोगितामा युकेको दुई टिम, अस्ट्रेलिया, साउथ कोरिया, जर्मन, नेदरल्यान्ड, स्लोगाभिया, थाइल्यान्ड तथा रूसका गरी तेस्रो मुलुकले सहभागिता जनाएका छन् । त्यसैगरी घरेलु टिमअन्तर्गत द एक्सप्लोरर नेपाल, एभरेस्ट बियर, वाईवाई चाउचाउ, होटल बाराही, सोल्टी क्राउन प्लाजा, होटल शंकर, सीता एयर, अग्नि एयर तथा यति एयरका गरी ११ टिम प्रतियोगितामा सहभागी भएका थिए ।

काठमाडौं, चितवन, पोखरालगायत अधिराज्यका विभिन्न जिल्लाबाट ओइरिएका पर्यटकहरूले सौराहा उल्लासमय बनेको थियो । हात्तीदौड प्रतियोगितामा ३ सय मिटर दूरी सबैभन्दा छोटो समयमा पार गर्ने हात्ती नै प्रतियोगितामा प्रथम हुन्छ । हात्तीमाथि चढेर दौडाइने खेलमा कुनै टिमका माउते मात्रैले सहभागी जनाएका थिए भने कति टिमका खेलाडीसहित माउते पनि सहभागी थिए ।

लिगकम नकआउटका आधारमा भएको प्रतियोगितामा जंगबहादुरले १ मिनेट ५ सेकन्डमा निर्धारित दूरी पार गरेको थियो । मनकामना केबुलकारकी हिमानीकलीले १ मिनेट ६ सेकेन्डमा निश्चित दूरीमा पुग्न सफल भै दोस्रो तथा काठमाडौं टर्बो चिकनको बहादुरगजले १ मिनेट ११ सेकेन्ड दूरी तयर गरी तेस्रो स्थान हासिल गरे । पवनकली, रूपकली तथा रामगज क्रमशः १ मिनेट १२ सेकेन्ड, १ मिनेट २० सेकेन्ड, १ मिनेट २३ सेकेन्डमा दुरी तय गरी चौथो, पाचौं, छैटौं स्थानमा रहन सफल भए ।

करिब दस हजार दर्शकको उपस्थिति रहेको प्रतियोगितास्थलमा दर्शकले आ-आफ्नो पक्षको खेलाडीलाई उक्साएका थिए । 'विश्वमै सर्वप्रथम नेपालले गरेको प्रतियोगिता गत सालभन्दा निकै राम्रो रह्यो र बिस्तारै यसले राम्रो गर्नेछ,'- प्रथम हात्तीका माहुतेले भने- 'बेला-बेलामा यस्तो खेलको आयोजना हुनुपर्छ, यसले पर्यटनक्षेत्रको मात्र होइन कि सम्पूर्ण क्षेत्रका लागि राम्रो हुन्छ ।'

चार-चारवटा हात्तीको समूह बनाई गराइएको प्रतियोगिताको फाइनलमा ६ वटा हात्तीबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा दर्शक मात्र होइन, हात्ती दौडाउन खेलाडीलाई सहयोग गर्ने माहुतेहरू पनि कम रोमाञ्चित थिएनन् । 'पहिलेदेखि नै अभ्यासरत रहेका कारणले मलाई त्यति अप्ठेरो लागेन, कुशलतापूर्वक प्रर्दशन गरें'- प्रतियोगितामा प्रथम भएको जंगबहादुरका माहुते नासिर अलीले भने- 'गत साल विजेता रहेकाले यस पटक पनि यही हात्तीले जित्ने कुरामा म विश्वस्त थिएँ ।'

थप मनोरन्जनका लागि प्रतियोगिताको दोस्रो दिन विभिन्न सांस्कृतिक कार्यक्रमसहित गाडा दौड, टाङ्गा दौड तथा डुङ्गा दौडको पनि आयोजना गरिएको थियो । राप्ती नदीमा आयोजना गरिएको डुंगादौड प्रतियोगितातर्फ ९ मिनेट ४० सेकेन्डमा निश्चित दूरी पार गरी होमबहादुर कुमालले आफ्नो वर्चस्व कायम गरे भने भरत बोटे र सुकराम बाटेले क्रमशः द्वितीय तथा तृतीय स्थानमा चित्त बुझाए । त्यसैगरी टांगा दौडअन्तर्गत चितवन एडभेन्चर रिसोर्टबाट प्रतिस्पर्धामा भाग लिएर संजय साहको टाँगाले प्रथम स्थान हासिल गऱ्यो । रेन्बो सफारी रिसोर्ट र अर्जुन चौधरी दोस्रो तथा तेस्रो भए । विरलै हुने गोरु गाडा प्रतियोगितामा बाबुराम चौधरी, विक्रम महतो र मदन महतो क्रमशः पहिलो, द्वितीय तथा तृतीय भएका थिए ।

प्रतियोगितामा उद्घाटन हुनुअघि विभिन्न सांस्कृतिक कार्यक्रमसहित झाँकीसहित सौराहा परिक्रमा गरेका थिए । कार्यक्रममा चेपाङ्ग, थारू, मगरलगायतका आ-आफ्नो संस्कृति झल्किने गरी गरेका सांस्कृतिक प्रदर्शनीले थप आकर्षण प्रदान गरेका थिए । मौलिक वेशभूषामा सजिएका थारू युवतीका कारण अझ सौराहा सुन्दर भएको थियो ।

**हात्ती छावाबीच फुटबल प्रतियोगिता**

प्रतियोगिताकै मुख्य आर्कषण मानिएको हात्तीका छावाबीचको फुटबल प्रतियोगिताले दर्शकको उपस्थिति निकै बढाएको थियो । हात्तीबीचको फुटबल प्रतियेगिता चौधरी ग्रुप तथा होटल एसोसियसन नेपालबीच गराइएको थियो । उक्त खेलमा चौधरी ग्रुपले होटल एसोसियसन नेपालको टिमलाई ३-० ले पराजित गऱ्यो । हात्तीबीचको फुटबल प्रतियोगिता फिफा नियमअनुसार खेलाइएको थियो ।

# बुद्धि ठूलो कि बल ? किन ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. देशभक्ति के हो ?
२. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
३. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
४. प्रेममा धोका हुने कारण के हो ?
५. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
६. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
७. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
८. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
९. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
१०. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?



आफ्नो व्यक्तिगत एवं परिवारिक जीवनलाई माया गर्नुभन्दा आफ्नो जन्मभूमिलाई माया गर्नु नै देशभक्ति हो।

**chy_ajay16@yahoo.com**

देशको भलो चिताई कार्य गर्नु नै देशभक्ति हो।

**सविता लिम्बू**

देशलाई काह्य शत्रुबाट जोगाउने, विकासमा अग्रसर गराउने तथा आवश्यक पर्दा देशका लागि सहिद नै बन्न पनि तत्पर हुने एउटा महान् भावना नै देशभक्ति हो।

**अनिल पोखेल**

देशका लागि ज्यान दिन तयार हुनु नै देशभक्ति हो तर अचेल त तोडफोड गर्नु, आन्दोलन गर्नु, मानिस मार्नु, चन्दा असुल्नु आदि नै देशभक्ति भएको छ।

**प्रवीण अल्पप्रेमी** (२०)

देशलाई माया गर्नु, देशका लागि केही गर्नु।

**हडिन्द्र कार्की** (२४)

अरे आजभोलि पनि यस्तो प्रश्न ? अचम्म लाग्यो, तैपनि राम्रो लाग्यो तर यो प्रश्न हामीलाई भन्दा पनि चुनाव गराउँछु भन्ने सात दल हुन् कि आठ दलका नेताहरूसँग सोधे सही जवाफ उतैबाट आउँछ कि राइफल पड्काएर।

**अर्जुनराज पुरी** (२३), **कुश्मा**

मेरो विचारमा देशको हित हुने तथा देश सप्रिने काम देशभक्ति होइन बरु देशलाई राम्रो गर्न सकिँदैन भने बरु नराम्रो नगर्नु, देश नबिगार्नु, जनतालाई दुःख नदिनु नै देशभक्ति हो।

**विनोद खतिवडा**

देशभक्ति त शब्द हो सम्पादक ज्यू, किनकि राष्ट्रको उच्च तहमा रहनेहरूले नै देशभक्ति बुझेजस्तो छैन।

**युवराज न्यौपाने** (२१), **स्याङ्जा**

आधुनिकतामा रम्न सिक्नु, भौतिकतामा जिउन जान्नु, नेपाललाई रक्ताम्य बनाउन खोज्नु वर्तमान देशभक्ति हो भन्ने बुझ्नु।

**चिन्तन बजगाईं, ठमेल**

देशका निम्ति तन, मन तथा धनबाट विचलित नभई पारिवारिक स्वार्थबाट बाहिर आई जन्मभूमिलाई नै स्वर्ग मानी देशको सेवा गर्नु नै देशभक्ति हो।

**मुक्तिराम रेग्मी, स्याङ्जा**

एकाबिहानै पशुपतिमा गएर पूजाआजा गर्नु नै देशभक्ति हो, यसो गर्नु बाहेक यो मुलुकमा के नै उपाय छ र ?

**प्रेम कान्छामगर, पाल्पा**

पाँच पटकसम्म प्रधानमन्त्रीको कुर्सी पाउनु नै देशभक्ति होला, कि कसो सम्पादकज्यू ?

**देवेन्द्र कायस्थ** (१७), **काभ्रे**

देशभक्ति भनेको राष्ट्रप्रेम हो।

**उत्तमकुमार भट्टराई** (१९), **स्याङ्जा**

राष्ट्र र जनताप्रतिको प्रेम र स्वाभिमान, देशप्रति उचित कर्म एवं आफूले बोकेको पहिचान।

**शालिग्राम पत्थर, धादिङ**

आमाको शिर झुक्न नदिने जन्मभूमिको माया गर्ने।

**के. आर. निर्दोष** (१८), **कैलाली**

धत् सम्पादक ज्यू, प्रश्न सोध्न पनि आउँदैन कि क्या हो ? अचेलका युवाहरूलाई देशभक्ति पनि कहीं थाहा हुन्छ ? यो त सहिदहरूसँग गएर सोध्नुहोस् न। हामीसँग त विदेशभक्ति सोध्नुहोस् न, काव्य नै सिर्जना गरेर पठाइदिउँला।

**निर्दोष पोखरेल**

जसले सधैं आफ्नो अमूल्य समय देशका लागि दिँदै आएको छ, सेवा गर्दै आएको छ त्यसैसँग सोध्नुहोस्।

**अञ्जान चपागाईं**

थाहा भएन त सम्पादकज्यू।

**सुरजसिंह, जनकपुर**

बेइमानी गर्नेलाई सजाय नदिलाई राम्रो काम गर्नेलाई सजाय दिलाउनु नै अचेलको देशभक्ति हो।

**एसके कुँवर**

देशप्रतिको बफादारी हो।

**दीपेन्द्र देउवा, डडेलधुरा**

आफ्नो देशको भलो चाहने भक्तिपूर्ण भावना नै देशभक्ति हो। देशभक्ति त मर्दैन नि चुत्थै देश भए भएपनि।

**हर्षल कुशल**

राष्ट्रसेवक कर्मचारी तथा राजनैतिक नेताले जनताको रगत एवं पसिनामा फागु नखेली उनीहरूको भावनाको कदर गर्न सिक्नु हो।

**नवीन कार्की**

देशका लागि आफ्नो ज्यान बलिदान दिन तत्पर एउटा नागरिक नै देशभक्त हो, म जस्तै।

**रुद्रप्रसाद दाहाल** (२०)

देशभक्ति भन्नाले देशको रक्षा वा पूजा गर्ने जनाउँछ तर आजभोलि देशको मात्र भक्त भएर पुग्दैन, देशभक्त भन्दा धन र धेरै माया गर्ने मन भएकी युवतीसँग सुखमय संसार बसाउन पाए उसैको भक्त भएर उसैको पूजा गर्थें त्यस्तो पाउने आफ्नो भाग्य नै छैन।

**जीवन थापा, पनौती**

देशप्रतिको माया अनि श्रद्धा।

**सुजित/मनोज**

देशका लागि जीवन बलिदान दिने निःस्वार्स्थ भावना नै देशभक्ति हो।

**नवीन दाहाल** (१४)

ब्रह्मचारी बस्नु देश भक्ति हो।

**गंगाराम न्यौपाने**

देशभक्ति निःश्वार्थ त्याग र बलिदान हो भन्ने कुरा बिर्सेर आजभोलिका नेताहरूले पैसा कमाउने बाटो हो भन्ने मानेका छन्।

**शशी देवकोटा, सर्लाही**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : हाम्रा एक छोरा र एक छोरी छन्। हामी आफ्नो दाम्पत्य जीवनसँग पूर्ण रूपले सन्तुष्ट छौं। अब हामी स्थायी परिवार नियोजन गर्ने सोचमा छौं, तर कहिलेकाहीं कतै-कतैबाट भ्यासेक्टोमी वा मिनील्यापले यौनचाहना कम गर्छ भन्ने सुनिन्छ। यसमा कति प्रतिशत सत्यता छ ? हामी चाहँदैनौं, यही कारणले हाम्रो सुमधुर दाम्पत्य जीवनमा तुषारापात होस्। कृपया यसको स्पष्ट जवाफ पाउने आशामा छौं।**

**– आर.एस.**

**उत्तर** : सुखमय दाम्पत्य जीवनयापन गरिरहनुभएको कुराले हामीलाई हर्षित बनाएको छ। कुनै पनि व्यक्ति उसको यौन तथा प्रजनन अङ्गमा हुने वा गरिने कुनै पनि कुराप्रति निकै सजग हुन्छन्। त्यसमा पनि यस्तो शल्यक्रियाको कुरा गर्दा चासो-चिन्ता मात्र होइन, एक किसिमको भयले सताउनु स्वाभाविक हो। त्यसमा पनि बन्ध्याकरण गरेर सन्तान जन्माउने कुरा नै रोक्ने कुरा गर्दा यसमा अलि बढी चासो हुने नै भयो। बन्ध्याकरण गर्न लागेका प्रायः सबैलाई तपाईंको मनमा भएका जस्ता प्रश्नले सताउँछ। कति जना यसैको भयले शल्यक्रिया गर्नबाटै पर भाग्छन्।

त्यसैगरी कुनै पनि समाजले व्यक्तिको यौनिकतासँग सम्बन्ध राख्ने कुनै पनि कुरालाई गहिरोसँग हेर्छन्। परिवार नियोजन अर्थात् गर्भनिरोधको अवधारणा संसारमा सुरु भएको यतिका वर्ष बितिसक्दा पनि यो विवादमूक्त हुन नसक्नुको मुख्य कारण सायद यसले व्यक्तिको प्रजनन क्षमतालाई परिवर्तन गर्नु हो। प्रजनन क्षमता परिवर्तन गर्ने कुरा कुनै पनि व्यक्तिका लागि निकै महत्त्वपूर्ण कुरा हो। व्यक्तिको यौनिकतासँग यति धेरै गम्भीर रूपमा सम्बन्धित कुरालाई जति गम्भीरतापूर्वक सेवा दिने निकायबाट हेरिनुपर्ने थियो, सायद त्यसो हुन सकिरहेको छैन। त्यसैले शंका-उपशंकाबीच कति जनाले बन्ध्याकरण नै नगर्ने निर्णय गर्न पुगेको स्थिति पनि छ।

**बन्ध्याकरणमा के गरिन्छ ?**

तपाईंको मूल प्रश्नमा प्रवेश गर्नुअघि पुरुष बन्ध्याकरण तथा महिला बन्ध्याकरण कसरी गरिन्छ भन्ने विषयमा केही चर्चा गर्नु मनासिब ठहर्छ।

नेपाल र धेरैजसो कृषिप्रधान समाजका व्यक्तिहरूमा जनावरको प्रजनन क्षमतालाई कसरी बन्द गर्ने भन्ने कुरा थाहा छ। सायद त्यसैले होला, पुरुषको बन्ध्याकरणलाई पनि खसी पार्ने नै होला भन्ने मानिन्छ। गोरु होस् वा खसीमा अण्डकोषलाई पोषण पुऱ्याउने रक्तनसा होस् वा अन्य स्नायु सबै नै नष्ट गरिन्छ। यसो गर्दा अण्डकोषको विकास नहुने वा त्यसले कार्य-सम्पादन गर्न नसक्ने हुन्छ। कतिपय व्यक्तिले परिवार नियोजनका लागि गरिने पुरुष बन्ध्याकरण भनेको खसी पारिने भन्ने माने पनि वास्तविक कुरा त्यसो होइन।

गर्भ रहनका लागि पुरुषको वीर्यमा भएका शुक्रकीटको मिलन आवश्यक छ। पुरुष बन्ध्याकरण, जुन एक सामान्य शल्यक्रिया हो, जसमा पुरुषमा भएका दुवै शुक्रवाहिनी नलीहरूलाई काटिन्छ, जसले अण्डकोषबाट उत्पादित शुक्रकीट वीर्यमा मिसिएर निस्कन पाउँदैन। शुक्रकीट नभएपछि गर्भ रहने कुरै भएन। पुरुष बन्ध्याकरण गरिँदा त्यसको समीपमा भएका स्नायु तथा रक्तनसालाई कुनै किसिमको चोट नपुगोस् भनेर विशेष ध्यान पुऱ्याइएको हुन्छ। यो शल्यक्रिया गर्दा लिङ्गको स्नायु तथा रक्तनसा वा लिङ्गलाई कुनै चोट वा खराबी पुगेको हुँदैन। त्यसले लिङ्गको उत्तेजना, यौनेच्छाजस्ता कुरामा कुनै किसिमको नकारात्मक असर पर्दैन। गर्भ रहने पीर नभएपछि अझ रमाइलोसँग यौनसम्पर्क राख्न सकिन्छ।

महिला बन्ध्याकरणमा पाठेघरको दुवैतिर भएका डिम्बवाहिनी नलीलाई काटेर बाँधिन्छ, जसले गर्दा पुरुषको शुक्रकीट र डिम्बको मिलन हुन पाउँदैन र गर्भ रहँदैन। यसो गर्दा महिलाको यौनाङ्गलाई कुनै असर पर्दैन। योनि वा भगांकुर वा भनौं योनिक्षेत्रको अन्य अङ्गमा कुनै चोट वा असर परेको हुँदैन। त्यसैगरी महिलाको डिम्बाशयमा पनि कुनै असर पर्दैन र यसले अन्य हार्मोन सामान्य किसिमले नै निकालिरहेको हुन्छ। त्यसैले महिलाले मजाले यौनसम्पर्क राख्न र यौनसुख प्राप्त गर्न वा प्रदान गर्न सक्छन्।

**के गर्ने त ?**


तपाईंले पत्रमा ठेगाना लेख्नुभएको छैन। यद्यपि अहिले नेपालभरि विभिन्न अस्पताल वा जिल्ला क्लिनिक वा प्राथमिक स्वास्थ्यकेन्द्रहरूमा बन्ध्याकरणको सेवा नियमित रूपमा पाइन्छ। त्यसबाहेक परिवार स्वास्थ्य महाशाखाले देशका विभिन्न भागमा परिवार नियोजन शिविर पनि चलाउँछ। श्रीमतीसँग राम्रोसँग सल्लाह गर्नुहोस्– कसले बन्ध्याकरण गराउने भनेर निर्णयमा पुग्नुहोस्। त्यसपछि आफूलाई पायक पर्ने स्थानमा गै श्रीमान्-श्रीमतीमध्ये एक जनाले बन्ध्याकरण गराउनुहोस्। नजिकको स्वास्थकेन्द्र वा जिल्ला स्वास्थ्य कार्यालयमा सम्पर्क राख्नुभयो भने सेवा कुन स्थानमा कहिले उपलब्ध छ भन्ने कुरा विस्तृत रूपमा थाहा पाउन सकिन्छ।

**अन्तमा,**

बन्ध्याकरणले यौनजीवनलाई नकारात्मक असर पार्दैन। यसले व्यक्तिको यौनेच्छा वा यौनसम्पर्क राख्न सक्ने वा यौन सुख प्राप्त गर्न सक्ने क्षमतालाई कुनै असर गर्दैन। यसले त प्रजनन क्षमतालाई मात्र बन्द गरिदिने हो। मनभरि जति नै यौनसम्बन्धी प्रश्न भए पनि धेरैजसो बन्ध्याकरण गराउने व्यक्तिले चिकित्सक वा स्वास्थ्यकर्मीसँग यस विषयमा सोध्न सक्दैनन् र चिकित्सकले पनि केही भन्दैनन्। नेपालमा यस्ता बन्ध्याकरण गरिने शिविरहरूमा सेवा लिने व्यक्तिको चापले तथा व्यवस्थापनको कमजोरीका कारण व्यक्तिगत प्रश्न सोध्ने वा त्यसको जवाफ पाउने अवसर पनि हुँदैन। बन्ध्याकरण गर्नुभन्दा पहिले चिकित्सक वा परामर्शदातासँग स्पष्टसँग यौनसम्बन्धी विषयमा सोध्न वा आवश्यक जानकारी लिन लजाउनु हुँदैन। त्यसैगरी चिकित्सक तथा परामर्शदाताले बन्ध्याकरण गराउन लागेको व्यक्तिलाई यी कुराका बारेमा उपयुक्त जानकारी दिनु अनिवार्य हुन्छ।

## चलचित्र

### कागबेनी




धेरै समय मलेसियामा काम गरी गाउँ फर्किएका कृष्णले आफ्ना बालसखा रमेशलाई भेट्छन्। रमेश र कृष्णले छिमेकी गाउँ भ्रमणमा जाने निधो गर्छन्। उनीहरू गाउँबाट निस्कन्छन्, तर त्यो यात्रा उनीहरूका लागि सहज हुँदैन। रहस्य, रोमान्स र रोमाञ्चले भरिपूर्ण चलचित्र 'कागबेनी' आगामी पुस २७ गतेदेखि राजधानीका केही चलचित्र भवनबाट सार्वजनिक हुँदैछ। म्युजिक भिडियो तथा विज्ञापन निर्माणमा सक्रिय टेलिभिजनकर्मी भूषण दाहालले निर्देशन गरेको यो चलचित्र प्रदर्शनअगावै चर्चामा छ। क्वेस्ट इन्टरटेन्मेन्टले निर्माण गरेको यो चलचित्रमा पप गायक निमा रुम्बाले मुख्य भूमिका निर्वाह गरेका छन्। सौगात मल्ल, दिया मास्के, हनिफ मोहम्मद, पूजा गुरुङ, आशा मगराती, अनुप बराल, पुष्कर गुरुङ, सावित्री शर्मा आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा नायिका मास्केको चुम्बन दृश्यले पनि चर्चा पाइरहेको छ। बहुप्रतिक्षित यो चलचित्र कस्तो बनेको छ भन्ने उत्सुकता धेरैमा छ।

### वन मिस्ड कल




हलिउडमा आज चलचित्र 'वन मिस्ड कल' सार्वजनिक हुँदैछ। मोबाइल सेल फोनले ल्याएको आतंकमा आधारित यो चलचित्रलाई एरिक भ्यालेटले निर्देशन गरेका छन्। सस्पेन्स शैलीमा निर्माण भएको यो चलचित्रमा पात्र बेथ रेमन्ड आफ्ना दुई साथीको रहस्यमय हत्याको साक्षी बनेका कारण डिस्टर्ब हुन पुग्छिन्। मारिनुअघि दुवैको फोनमा रेकर्ड भएको पीडादायी आवाजले उनलाई अझ चिन्तित बनाएको हुन्छ। त्यसमाथि कानुनी अड्चनहरूलाई 'फेस' गर्नुपर्ने समस्या पनि थपिएको हुन्छ। हत्याअघि सेलफोनमा आउने मिस कलले चलचित्रलाई सस्पेन्स बनाउन थप मद्धत गर्छ। श्रृङ्खलाबद्ध ढङ्गले आउने फोनले चलचित्रका सबै पात्रलाई तर्साइरहेको हुन्छ। एटलान्टामा छायाँकन भएको यो चलचित्रमा एडवार्ड बर्न्स, सानिन सोसामोन, एना क्लाउडिया, रे वाइज तथा अजुरा स्काईले अभिनय गरेका छन्।

### शोविज



महेश भट्ट ब्यानरको चलचित्र 'शोबिज' गत साता सार्वजनिक भयो। कम प्रचार गरिएको यो चलचित्रले व्यापार पनि सुस्त गतिमै गरिरहेको छ। केही समयअघि प्रदर्शन गरिएको चलचित्र साँवरिया बक्स अफिसमा जम्न नसकेको देखेर प्रचार नगरिएको चलचित्र 'शोविज' पीत पत्रकारिता गरिरहेका र चलचित्र कलाकारहरूबीचको आपसी सम्बन्ध एवं त्यसले ल्याएको दुष्परिणाममा आधारित छ। चर्चित सेलिब्रेटीहरूको दैनिक जीवनशैलीलाई पाठकसमक्ष ल्याउन सक्रिय पापाराजी पत्रकारहरूको योजनालाई चलचित्र सोविजमा रोमाञ्चक शैलीमा प्रस्तुत गरिएको छ। चलचित्रमा चर्चित नायकको भूमिकामा देखिएका तुषार जलोटा आकर्षक शारीरिक बनावटकी तारा (मृणालिनी शर्मा) नाम गरेकी एक वेश्याको पछि लागेका हुन्छन्। एक दिन तुषार र मृणालिनी कारमा गैरहेका बेला पापराजी पत्रकारले पछ्याउँछन्। पत्रकारसँग बच्ने क्रममा उनीहरू गम्भीर दुर्घटनामा पर्छन्। मृणालिनी कोमामा जान्छिन्। त्यसपछि मिडियामा नायक तुषार वेश्याको साथमा भेटिएको खबर फैलन्छ। राजु खानले निर्देशन गरेको यो चलचित्र मुकेश भट्टले निर्माण गरेका हुन्। ललित पण्डितको संगीत सुन्न पाइने यो चलचित्रको एक गीतमा नेपाली गायक सुगम पोखरेलले संगीत संयोजन गरेका छन्।

# स्टेसन अफ दि नेसन अर्थात् रेडियो राष्ट्रको

अधिराज्यव्यापी प्रसारण विस्तार गरेको कान्तिपुर एफएमले 'स्टेसन अफ दि नेसन, अर्थात् रेडियो राष्ट्रको' लाई आफ्नो मुख्य 'जिङ्गल' बनाएको छ। आज नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलनमा एक कार्यक्रम गर्दै औपचारिक रूपमा कान्तिपुर एफएम मुलुकभरका श्रोतासमक्ष नियमित रूपमा कार्यक्रम प्रसारण गर्ने राष्ट्रिय रेडियोका रूपमा प्रस्तुत हुनेछ। कान्तिपुर एफएम तथा कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिने उक्त कार्यक्रममा हरेक वर्ष आयोजना गरिने वार्षिकोत्सवको कार्यक्रम पनि सुन्न तथा देख्न सकिन्छ। 'यस पटकको वार्षिकोत्सव निर्धारित समयभन्दा केही ढिलो हुन गयो,' एफएमका स्टेसन म्यानेजर प्रभात रिमालले साप्ताहिकसँग भने- 'रेडियोको राष्ट्रव्यापी पहुँचसँगै हामीले यस पटकको कार्यक्रमलाई अन्य वर्षको तुलनामा थप गम्भीर र आकर्षक बनाउनुपर्ने महसुस गर्‍यौं।' १२ वर्षअघि रेडियो नेपालसँग १ सय मेगाहर्जको केही समय खरिद गरेर स्थापना भएको कान्तिपुर एफएमले नौ वर्षअघि आफ्नै फ्रिक्वेन्सी ९६ दशमलव १ मेगाहर्जबाट नियमित प्रसारण आरम्भ गरेको थियो। कान्तिपुर एफएमको वार्षिकोत्सव कार्यक्रममा विभिन्न विधामा अब्बल ठहरिएका स्रष्टाहरूलाई सम्मान गरिनेछ।

यो वर्षदेखि हामीले भरतपुर, वीरगन्ज, पोखरा, नेपालगन्ज, धनगडी तथा भैरहवामा रिले-स्टेसन स्थापना गरेर अधिराज्यभर कान्तिपुर एफएमलाई सुन्न सकिने बनाएका छौं, भन्दै स्टेसन म्यानेजर रिमाल भन्छन्- 'अब कान्तिपुर एफएम मुलुकका सबै नेपालीको भएको छ।'

कान्तिपुर एफएमले आफूले उत्पादन तथा प्रसारण गर्ने सबै कार्यक्रम लोकप्रिय रहेको बताएको छ। राष्ट्रकै मुख्य रेडियो स्टेसनका रूपमा परिचित भैसकेको यो एफएमले सेवाविस्तार गरेका कारण नयाँ स्थानका स्रोताले पनि खुसी व्यक्त गरेको रिमालको भनाइ थियो। समाचारको क्षेत्रमा कान्तिपुर एफएमको कान्तिपुर डायरीदेखि अन्य थुप्रै कार्यक्रम श्रोताबीच लोकप्रिय छन्। कान्तिपुर एफएमले यसै वर्षदेखि सबै रिलेस्टेसनको नाममा पनि डायरी प्रसारण गर्ने योजना बनाएको छ।

आजको वार्षिकोत्सव कार्यक्रमको प्रारम्भमा कान्तिपुर एफएमका सबै




सहकर्मी एकसाथ मञ्चमा देखा पर्नेछन्। अर्केष्ट्राका साथमा कार्यक्रम प्रारम्भ भएको जनाउ दिन उत्कृष्ट कोरियोग्राफी प्रस्तुत गरिनेछ। कार्यक्रमको 'इन्ट्रो' पछि समाचार समूहका पवन तथा महेशले कार्यक्रमलाई सञ्चालन गर्नेछन्। नाइन्टिन सेभेन्टी फोर एडीले आफ्नो गीत प्रस्तुत गरिसकेपछि स्टेसन म्यानेजर तथा आरजे प्रभात रिमाल देखा पर्नेछन्। त्यसपछि कान्तिपुर समूहका अध्यक्ष हेमराज ज्ञवालीले कान्तिपुर एफएमको सेवा विस्तारका सम्बन्धमा आफ्नो भनाइ राख्नेछन्।

वार्षिकोत्सव कार्यक्रममा उत्कृष्ट तीन विज्ञापन एजेन्सी, उत्कृष्ट दस गीतकार, उत्कृष्ट दस म्युजिक डाइरेक्टर, उत्कृष्ट दस आधुनिक गायक-गायिका, उत्कृष्ट दस लोकगीत, उत्कृष्ट दस पप गायक-गायिका तथा उत्कृष्ट दस ब्यान्डको नाम सार्वजनिक गरेर सर्वोत्कृष्ट हुनेहरूलाई सम्मान गरिनेछ। कार्यक्रममा गीतसंगीतको क्षेत्रमा लामो समयदेखि सक्रिय एक सर्जकलाई लाइफटाइम अचिभमेन्ट एवार्ड प्रदान गरिनेछ।

कार्यक्रममा कलाकारहरू कुन्ती मोक्तान, निमा रुम्बा, नलिना चित्रकार, प्राश्ना शाक्य, जुना प्रसाईं, राधी क्षेत्री, आगन्तुक खरेल, रेश्मा सुनुवार, रजनी कायस्थ, हेमन्त शर्मा, राजु परियार, मन्त्र ब्यान्ड, आस्था ब्याण्डका नरेन, दिव्य सुब्बा तथा मिङ्मा शेर्पाले अफ्ना लोकप्रिय गीत प्रस्तुत गर्नेछन्। कार्यक्रममा कान्तिपुर एफएम नियमित सुनेर पुरस्कार हासिल गरेका १८ जना श्रोतालाई पनि सम्मान गरिनेछ। आरजेहरू आशिष, प्रसन, सुमित, शिक्षा, कृताञ्जली, मानभी, नम्रता, सविना, संवृद्धि, रजनी, अनामिका, हेम, प्रतिमा, अम्बिका, प्रज्ञान, प्रज्वल, भूमिका, समीर तथा रेमोनले वार्षिकोत्सव कार्यक्रमलाई सञ्चालन गर्नेछन्।

# हङकङमा हँसाए मनोजले, नचाए मन्त्रले

क्रिसमसको अवसर पारी छब्बीस डिसेम्बरका दिन हङकङमा एकै दिन दुईवटा कार्यक्रम सम्पन्न भए। पहिलो कार्यक्रमको प्रमुख आकर्षण थिए– दार्जीलिङको चर्चित रक सांगीतिक समूह 'मन्त्र', १९७४ ए.डी.का एड्रियन प्रधान तथा दार्जीलिङका गायक कर्मा शेर्पा। अर्को कार्यक्रमको आकर्षण चर्चित हास्यव्यङ्ग्य कलाकार मनोज गजुरेल, खेमराज गुरुङ र स्थानीय 'शास्त्र ब्याण्ड'। गायक खेमराज गुरुङको कार्यक्रम संयोजन तथा 'वर्क्स युनियन' हङकङको आयोजनामा चुनवान टाउन हलमा सम्पन्न कार्यक्रममा चौथो पटक हङकङ आइपुगेका मनोज गजुरेलले माधव नेपालको क्यारिकेचर तथा राजा ज्ञानेन्द्रसँगको संवाद प्रस्तुत गरी पटक-पटक हँसाई प्रायःजसो काममा व्यस्त रहने हङकङका दर्शकहरूको थकान मेटे।



१९७४ ए.डी.का एड्रियन प्रधान तथा गायक कर्मा शेर्पाको प्रस्तुति रहेको उक्त कार्यक्रममा दार्जीलिङवासी नेपालीहरूको उल्लेख्य सहभागिता थियो। मन्त्रले हङकङमा पनि सोही

कार्यक्रम प्रस्तोताले गजुरेललाई स्टेजमा बोलाउने क्रममा दर्शकहरूको स्टेजतिर ध्यानाकर्षण भैरहेको बेला उनी भने दर्शकदीर्घाको पछिल्लो पङ्क्तिबाट माधव नेपालको शैलीमा हिँड्दै स्टेजमा आएका थिए। प्रचण्ड र राजाको क्यारिकेचर हेर्न पाउने आशाले कार्यक्रम हलमा पुगेका कतिपय दर्शक भने गजुरेलले यसपालि यी क्यारिकेचरहरू नगर्ने उद्घोष गरेपछि खिन्न भएका थिए। हङकङमा रहेका स्थानीय कलाकारहरूको सहभागितामा गठन गरिएको 'शास्त्र ब्यान्ड' ले पनि आफ्ना गीत-संगीत प्रस्तुत गर्‍यो। कार्यक्रममा नेपालबाटै आएका युवा गायक डम्बर नेपालीले आफ्नो चर्चित गीत 'आज आकाशमा एउटा तारा देखिन' लगायत चारवटा गीत प्रस्तुत गरे।

सोही दिन 'कञ्चनजघां एसोसियसन' हङकङको आयोजनामा क्वाइ चिङ थिएटरमा 'कञ्चनजंघा नाइट' सम्पन्न भयो। दार्जीलिङको चर्चित रक समूह 'मन्त्र' लगायत



चर्चित गीतलगायत 'वीर गोर्खाली', 'हिमाली नेपाली' गरी एक दर्जन गीत प्रस्तुत गरेका थिए। सोही समूहमा सामेल भैआएका १९७४ ए.डी.का एड्रियन प्रधानले आफ्नो चर्चित गीत 'सम्बोधन तिमीलाई' लगायत १९७४ ए.डी. का केही गीत प्रस्तुत गरे। जी. टेलिभिजनद्वारा आयोजित सांगीतिक कार्यक्रम सारेगामापाको कलकत्ता अडिसनमा सेकेन्ड रनरअप भएका कर्मा शेर्पाको प्रस्तुति पनि आकर्षक रह्यो। एउटा नेपाली र बाँकी हिन्दी चलर्चित्रका गीत गाएका कर्माको स्टेज प्रस्तुतिको दर्शकहरूले खुलेर प्रशंसा गरे।

**–निर्मल श्रेष्ठ, हङकङ**

# सम्भावित शैली २००८ को

मौसम एवं मागअनुसार हरेक वर्ष फेसन शैलीमा केही न केही परिवर्तन एवं परिमार्जन देखा पर्छ। परिवर्तन नै फेसनको एक मात्र नियम भएकाले त्यस्तो परिवर्तन यस पटकको फेसनशैलीमा पनि अनुभव गर्न सकिने कुरा फेसनविद्हरू बताउँछन्। सन् २००८ मा डिजाइनर वेयरतर्फ ट्रेडिसनल लुकतर्फ यसपटक बिड्स, मीनाकारी, मिरर वर्क, कुन्दन रेशम एवं जरीको कढाइको प्रचलन बढ्ने अनुमान गरिन्छ। मोती, स्टोन, दबका तथा सितारा वर्कको आकर्षण पनि उत्तिकै रहन सक्छ।

प्रिन्टेड साडीको स्थानमा कढाइ गरिएका एवं विभिन्न वर्क गरिएका साडीको प्रचलन बढ्न सक्छ। सिक्वेन्स एवं स्वरोस्की वर्कको आकर्षण पुनः बढ्ने देखिन्छ। साडी होस् वा सलबार, सुन वा लेहेंगा– तिनमा मेट गोल्ड, सिक्वेन्सका साथमा थ्रेड वर्कको प्रचलन पनि उत्तिकै रहनेछ। शिल्क सिफन, जर्जेट, क्रेप, साटन, कटन आदि फ्याब्रिकको प्रचलन पनि बढ्न सक्छ। परम्परागत परिधानमा मोटिफ, मुगल, अवध शैलीका नमुनाहरू देख्न पाइनेछ। यसका साथै ट्राइबल इम्ब्रोइडरी, चिकनकारी, क्रोसिया वर्क, प्याच वर्क, डिजिटल प्रिन्ट, लेस एवं मिरर वर्कको प्रयोग पनि उत्तिकै बढ्ने अनुमान फेसनविद्हरू लगाउँछन्।

बितेको वर्षमा झैं सन् २००८ को फेसनशैलीमा पनि कुर्ती, ट्राउजर, पेन्सिल स्कर्ट एवं सर्ट दुपट्टाको बहार कायम रहनेछ। डीप नेकयुक्त लामो स्लिटयुक्त स्लीभलेस ट्रेन्डको प्रभाव बढ्नेछ। पेस्टल शेडस एवं इम्ब्रोइडरीः प्रयोग भएका इन्डो वेस्टर्न स्टाइलको माग बढ्न सक्छ। गाढा रंग, सत्तरीको दशकको रेट्रो टचको प्रयोग पनि उत्तिकै पाइएला। लेदर एवं डेनिमका स्कर्टको आकर्षण पनि बढ्नेछ भने मिनी एवं मिड लेन्स स्कर्टको प्रचलन पनि बढ्नेछ। ट्राउजरका साथमा लगाइने सर्टको कलरको चौडाइ ठूलो हुने, कस्टमाइज्ड बटनको प्रयोग हुने र कन्ट्रास्टकफको फेसन रहने सम्भावना देखिन्छ।

यसपटकको फेसन शैलीमा सिलहुटस र ड्रेपिङ शैलीले प्राथमिकता पाउनेछ। ज्यामिट्रीकल डिजाइनको आकर्षण रहनुका साथै वेस्टर्न लुकमा सत्रौं एवं अठाह्रौं शताब्दीको युरोपियन फेसनशैलीको प्रभाव रहने देखिन्छ। धेरै भोल्युमयुक्त, लुज शैलीका क्याजुयल सर्ट फुलर वेल स्लिप्स स्कर्टको आकर्षण रहने अनुमान गर्छन् फेसनविद्हरू।

२००८ मा जिन्सका साथमा लेदर ज्याकेट, फिटिङ स्कर्टका साथमा स्ट्रेपलेस ब्लाउज, भेल्भेट एवं सिल्कका हल्टर ड्रेसहरू, कटन एवं सिल्कका ट्युनिक फेन्सी लेन्सका साथमा स्ट्रेपी टप, चिकनकारी प्रयोग भएका फ्रिलयुक्त नेट फेजिकको म्याचिङ स्कर्ट, सर्ट ड्रेसका साथमा लेगिङ, जुट सर्त एवं रिबन, क्रोसिया एवं बिड्सयुक्त कोरडोय टवप, चुडिदारका साथमा ट्युनिक, चुडिदार पेन्टका साथमा स्ट्रेपलेस टप, स्कर्टका साथमा नेटेड चोली आदिको मिक्स एन्ड म्याच फ्युजुन शैलीको बहार रहन सक्छ।

# हलिउड बँच्न सकेन स्क्यान्डलहरूबाट

**पृष्ठ ९ बाट जारी**

लाना टर्ननकी छोरी चेरी क्रेनले आफ्नी आमाका पूर्वप्रेमीलाई सुतिरहेको अवस्थामा छुरी घोपेर मारिदिएपछि उनी ठूलो विवादमा फसिन्। त्यस्तै ओस्कार पुरस्कार जितेकी इन्ग्रिड बर्गम्यानको बेदाग चरित्र एकजना विवाहित इटालियन चलचित्र निर्देशक रोबर्टो रोसेलिनीसँग अवैध यौनसम्बन्ध स्थापना गरी गर्भवती भएपछि ध्वस्त हुन पुग्यो।

इन्ग्रिड बर्गम्यानले अभिनय गरेको चलचित्रलाई दर्शकले वहिष्कार गरे। सिनेटमा समेत उनको अनैतिक सम्बन्धका कारण उनको चलचित्र वहिष्कार गर्नुपर्ने आवाज उठ्यो। त्यस्तै अर्का चर्चित हास्यअभिनेता ५७ वर्षीय उडी एलेन आफ्नै पूर्वप्रेमिका मिया फारोकी २१ वर्षीया धर्मपुत्री सुन यी प्रेभिनसँगको प्रेम र अवैध यौनसम्बन्धका कारण चर्चामा आए। अन्ततः उनले सुन यी प्रेभिनसँग नै विवाह गरेका छन्।



अर्का चर्चित अभिनेता पीबी हर्मनमाथि बालबालिकाहरूलाई प्रयोग गरी अश्लील चलचित्र बनाएको आरोप लागेको छ। उनले यो कुकृत्यमा आफ्नो संलग्नता नरहेको बताए पनि जनताले उनलाई घृणा गर्न थालेका छन्। हर्मनले यसअघि पनि कैयौं यस्ता अपराध गरेको आरोप लागेको छ। उता अभिनेत्री उनिया राइडरले बेग्लै खालको अपराधमा सजाय पाइन्। उनले लागूऔषध दुरुपयोग गरेको र बहुमूल्य सामान हिनामिना गरेको अपराधमा १० हजार डलरसहित ४ सय ८० दिनसम्म समाज सेवा गर्नुपर्ने सजाय पाइन्। त्यस्तै हुफ ग्रान्ट आफ्नै सहकर्मी नायिका डिभाइन ब्राउनसँग सनसेट ब्लुभार्ड चलचित्रमा अभिनय गर्दागर्दै अश्लील कार्य गर्न थालेपछि दुवैजना समातिए र १ हजार १ सय ८० डलर जरिवाना तिरेपछि प्रहरीले दुवैजनालाई मुक्त गर्‍यो। अर्की चर्चित नायिका पेरिस हिल्टन एउटा नक्कली अश्लील चलचित्रका कारण बिनासित्तिमा बदनाम भइन्। ब्राट पाकर नामक एकजना मानिसले १६ वर्षीया दुई किशोरीसँग यौनसम्पर्क गरेको भिडियोमा कृत्रिम रूपमा पेरिस हिल्टनको भिडियो दृश्य जोडेपछि उनी ज्यादै ठूलो विवाद र असमञ्जसमा फसिन्। पछि प्रहरीले छापा मारेर अश्लील भिडियो चलचित्रको मूल कपी समातेपछि हिल्टनलाई नक्कली रूपमा प्रयोग गरिएको प्रमाणित भयो। अर्कातिर पेरिस हिल्टन चालक अनुमतिपत्रबिना नै गाडी चलाएकोमा जरिवाना तिर्न बाध्य भइन्।

# नेपाली फुटबल अब कता ?







**अनिल बोगटी**

नेपाली फुटबलको विवाद अन्त्य हुने कुनै संकेत नदेखिंदा पुसको अन्तिम सातामा प्रारम्भ हुनुपर्ने ए डिभिजन लिग अन्यौलमा परेको छ। राष्ट्रिय खेलकुद परिषद् एवं अखिल नेपाल फुटबल संघ एन्फाबीचको टकराव तथा विभिन्न क्लबको अडानका कारण यस पटकको लिग नहुने कुरा लगभग पक्का भएको छ। एन्फाको वार्षिक क्यालेन्डरअनुसार पुस २७ गतेदेखि ए डिभिजन लिग हुनुपर्ने हो तर विवादका कारण बी डिभिजन लिगसमेत गर्न नसकेको एन्फाले तोकिएको मितिमा ए डिभिजन लिग गर्ने अवस्था नरहेको एन्फाकै एक पदाधिकारीले बताए।

परिषद्द्वारा गठित छानबिन समितिको प्रतिवेदन बुझ्दै शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपालले चैत्रभित्र निर्वाचन गर्न निर्देशन दिएपछि तत्काल निर्वाचन गर्नुपर्ने बाध्यताबाट एन्फाले मुक्ति पाएको छ, तर राष्ट्रिय फुटबलको मेरुदण्ड मानिएको लिग सञ्चालन गर्न नसकिने अवस्थामा एन्फा फसेको छ। अझ परिषद्का सदस्यसचिव जीवनराम श्रेष्ठले पुस मसान्तभित्र निर्वाचन नगरे एन्फामाथि हस्तक्षेप गर्ने अभिव्यक्ति दिएपछि विवादप्रति मन्त्रालय र परिषद्को भूमिकाबीच विरोधाभास देखिएको छ।

लामो समयदेखि एन्फाविरुद्ध संघर्षरत क्लबहरूको अडानका कारणसमेत लिग हुने संकेत देखिँदैन। क्लबहरूले एन्फाको निर्वाचन नभएसम्म फुटबल प्रतियोगिता बहिष्कार गर्ने अडान राख्दै आएका छन्। आफ्नो आन्दोलनका कार्यक्रमलाई सशक्त बनाउन केही साताअघि क्लबहरूले नेपाल फुटबल क्लब संघ गठन गरेपछि विवाद अझ गहिरिएको छ। संस्थागत रूपमै एन्फाविरुद्ध अघि बढ्ने उनीहरूको मनसायले एन्फा निर्वाचन नभएसम्म लिग नखेल्ने अडानलाई अझ बलियो बनाएको छ।

व्यावसायिकताको बाटो समातेको फुटबललाई सुचारु गर्दै अहिले देखिएको गतिरोध अन्त्य गर्न तीनैवटा पक्ष लचकतासाथ प्रस्तुत हुनुपर्ने कुराको विकल्प छैन, तर कोही पनि अडान छोड्न तयार देखिँदैन, एक-अर्काका दोष र कमजोरी देखाउने प्रयत्नमा तीनै पक्ष लागिपरेका छन्। यो विवादलाई नजिकबाट नियालिरहेका एक फुटबल जानकारले साप्ताहिकसँग भने- नेपाली फुटबललाई जोगाउने हो भने यी तीनै पक्ष लचकता अपनाउन तयार हुनैपर्छ, तर त्यो सम्भावना देखिदैन।

एन्फालाई तदर्थमा झारेको परिषद् फुटबल विवादका विषयमा प्रस्ट हुन सकेको देखिँदैन। एन्फाको विधान तथा आर्थिक अनियमितताका सम्बन्धमा छानबिन गर्न गठित समितिले बुझाएको प्रतिवेदन गुमराहमा राखेर परिषद्ले विवादलाई अझ जटिल बनाएको छ, न त उसले एन्फालाई निर्वाचन गराउन स्पष्ट रूपमा दबाब दिन सकेको छ। क्लबहरूको मागका सम्बन्धमा समेत एन्फाले मौनता साँधेको देखिन्छ।

त्यसो त एन्फा आफैं विवाद समाधानका लागि तयार भएको कुनै छाँट देख्न सकिएको छैन। क्लबहरूको मागमध्ये लोकतान्त्रिक विधान निर्माणमा जुट्नुबाहेक एन्फाले विवाद अन्त्य गरेर लिग गराउनेतर्फ ध्यान नदिएको प्रस्ट छ। पटक-पटक दर्ताको आह्वान गर्दा १६ मध्ये ७ क्लबले मात्र दर्ता गरेपछि एन्फाले विवाद समाधान हुने दावी गर्दै बी डिभिजन लिग स्थगित गरेको छ। गम्भीर प्रश्न यही उठेको छ, लगातार दोस्रो पटक बी डिभिजन हुन नसकेको स्थितिमा एन्फाले ए डिभिजन लिग कसरी गराउन सक्छ? एन्फाको पटक-पटकको रटाइ एउटै देखिन्छ- वर्तमान कार्यकाल समाप्त नभै गरेको निर्वाचनलाई फिफा र एएफसीले मान्यता दिँदैन। उसको अर्को अडान हो– अहिले निर्वाचन भए निर्वाचित कार्यसमितिमाथि हस्तक्षेप नहुने ग्यारेन्टी नभै निर्वाचनमा जान सकिँदैन।

एन्फामाथि गरिने हस्तक्षेप कुनै हालतमा स्वीकार्य नहोला, तर फिफा र एएफसीलाई सहमत गराई परिषद् र संघर्षरत क्लबसँग समन्वय गरी निर्वाचनको बाटो खोज्नुपर्ने विकल्पबाट अब एन्फा नेतृत्व फुत्कन सक्दैन। होइन भने फुटबल विकासको जस आफैंले मात्र लिन खोज्ने एन्फा नेतृत्व फुटबल धराशायी भएको कुराको भागीदार पनि हुने पक्का छ। विवादको केन्द्र एन्फा अध्यक्ष गणेश थापाको नेतृत्व हो। थापाको राजीनामा मागेर क्लबहरूले आन्दोलन थालेपछि लगातार दुई वर्ष बी डिभिजन गर्न नसक्ने अनि ए डिभिजन लिगसमेत गराउन नसक्ने हो भने नेतृत्वको कमजोरी प्रस्ट देखिनेछ। दोषजति अरूमाथि थोपरेर आफू पानीमाथिको ओभानो बन्न खोजेर एन्फा नेतृत्व पन्छिन मिल्दैन।

सङ्घर्षरत क्लबहरू आफ्नो एजेन्डामा अडिग हुन नसक्नुले पनि यतिवेला विवाद समाधानको बाटो बन्द भएको छ। एकोहोरो कसैको राजीनामा मागेर फुटबल नै खेल्दिनँ भन्नु जायज होइन, तथापि एन्फाको विधान लोकतान्त्रिक गर्नुपर्ने तथा क्लबहरूलाई सुविधा बढाउनुपर्ने जस्ता माग स्वाभाविक देखिन्छन्। ६ पटकको लिग विजेता मनाङ-मर्स्याङदी, आरसिटी अनि संकटा, मछिन्द्र, महावीरजस्ता पुराना क्लबले केही स्वाभाविक माग उठाएर गरेको आन्दोलनलाई बेवास्ता गर्न मिल्दैन। यता, थ्रिस्टार, जावलाखेल, एनआरटी, फ्रेन्ड्स आदि क्लबचाहिँ विवादमा प्रत्यक्ष रूपमा देखिएका छैन, तर समस्या चाहिँ झेलिरहेका छन्। लिगको तयारीमा जुटौं, लिग हुने सम्भावना छैन, तयारी नगरौं खेलाडीलाई भित्र्याउन गरिएको लाखौं रुपियाँ खर्च बर्बाद हुने हो कि भन्ने भय छ।

परिषद्को विरोधाभासपूर्ण भूमिका, एन्फा नेतृत्वको आफ्नै रटान तथा अडम्बरी अनि क्लबहरूको दोधारे मनस्थितिका कारण नेपाली फुटबल धरमराउँदै गएको छ। मारमा खेलाडीहरू परेका छन्, फुटबल नै भनेर लागेका खेलाडीहरू पिल्सिएका छन् यतिबेला तर खेलाडीको भूमिका पनि प्रस्ट हुन सकेको छैन। एकाध पटक नेपाली फुटबललाई नबिगारौं भन्दै परिषद् र मन्त्रालयमा धर्ना र विरोध गर्न पुगे पनि एन्फा नेतृत्व र क्लबलाई दबाब दिने कार्यक्रम गर्न नसक्नुमा खेलाडीहरूको पनि कमजोरी देखिन्छ।


# कारको प्रतीक्षामा कैयौं रात निदाउन सकिनँ

**राजु घिसिङ**

काठमाडौं- सफलता हासिल गर्न लामो समयसम्म निरन्तर मेहनत गर्नुपर्छ। नेपालका सफल फुटबल खेलाडी हरि खड्काको हकमा पनि यो तथ्य लागू भएको छ। १६ वर्षीय खेलाडी जीवनमा उनले नाम र दाम दुवै कमाएका छन्। महेन्द्र पुलिस क्लबलाई गत वर्षको लिग च्याम्पियन बनाउन हरिको भूमिका महत्त्वपूर्ण थियो।

लिगमा उत्कृष्ट प्रदर्शन तथा क्लब र देशका निम्ति गरेको योगदानको कदर गर्दै हरिलाई लिगको समापनमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले करिब २६ लाख रुपैयाँ मूल्य पर्ने टोयोटा यारिस कार पुरस्कार दिने घोषणा गरेको थियो। आठ महिना लामो प्रतीक्षापछि उनले कार हात पारे। कार हात नपर्दाको आठमहिने अवधिमा मनमा अनेक कौतूहलता उत्पन्न हुनु स्वाभाविक हो। हरि भन्छन्- 'यति ठूलो पुरस्कार पाउने हुँदा कारको प्रतीक्षामा कैयौं रात निदाउनै सकिनँ। कार कहिले चढूँ-चढूँ भैरह्यो।' त्यो अवधिमा उनले आफ्नो विगतलाई सम्झिएको बताए। 'सफल फुटबल खेलाडी बन्न सहयोग गर्ने प्रशिक्षक, परिवार, सहयोगीहरू, साथीहरू तथा फुटबलप्रेमीहरू झल्झली आँखामा आइरहे,' -हरिले बताए।





दुई वर्षअघि कार पुरस्कार पाएका उपेन्द्रमान सिंहले कार हात पार्न तीन महिना मात्रै कुरेका थिए। हरिले भने ८ महिना प्रतीक्षा गर्नुपऱ्यो। कार हात पार्नुअघि मोटरसाइकलमा हुइँकिने हरि हिजोआज नीलो रङको आरामदायी कारमा कहिले पत्नी रीना र छोरा हेनरीसँग भेटिन्छन् भने कहिले साथीहरूसँग देखिन्छन्। हरि भन्छन्- 'मजस्तो सामान्य परिवारको ठिटोले कार पुरस्कार पाउनु जीवनकै सर्वाधिक खुसीको क्षण हो।'

अन्तर्राष्ट्रिय प्रतियोगितामा सर्वाधिक १२ गोल गर्ने नेपाली खेलाडीको कीर्तिमान हरिकै नाममा छ। तीनपल्ट नेपाली टिमको नेतृत्व गरेका हरिले अनौपचारिक रूपमा अन्तर्राष्ट्रिय फुटबलबाट बिदा लिइसकेका छन्। बंगलादेशमा सन् २००६ मा सम्पन्न साफ च्याम्पियनसिपमा उनी देशका निम्ति अन्तिमपल्ट मैदान ओर्लिएका थिए। डेब्यू म्याचमै उनले पाकिस्तानविरुद्ध गोल गर्दै सन् १९९५ मा श्रीलंकामा सम्पन्न सार्क ब्रिस्टोल गोल्डकपमा नेपाललाई सेमीफाइनलसम्म डोऱ्याएका थिए। हाल जेभियर इन्टरनेशनल कलेजका फुटबल प्रशिक्षक हरि घरेलु फुटबलमा भने अझै एक-डेढ वर्ष सक्रिय रहने बताउँछन्।

नेपाली फुटबलमा उनी यस्ता खेलाडी हुन् जसले कुनै पनि घरेलु प्रतियोगिता जित्न बाँकी छैन र ती सबै प्रतियोगितामा गोल पनि गरेका छन्। उनले २ वटा सहिद स्मारक लिग उपाधि र करिब ३० भन्दा धेरै नकआउट प्रतियोगिता जितिसकेका छन्। झापाको चन्द्रगढीमा हुर्किएका हरि भन्छन्- 'जर्मन प्रशिक्षक होल्गर ओभरम्यानले १६ वर्षीय हुँदा जर्मनीको फ्र्यांकफर्टमा डेढमहिने प्रशिक्षणमा नपठाएको भए सायद म यो हरि बन्न सक्दिनथें। छिमेकी दाइ गणेश राजभण्डारीको प्रेरणा पनि म कहिल्यै बिर्सन सक्दिनँ।'

सफल खेलाडीपछि सफल पति र पिता बन्ने धुनमा रहेका हरि उपेन्द्रमान र देवनारायण चौधरीसँगै सर्वाधिक धन कमाउने नेपाली फुटबल खेलाडी हुन्। भारत र बंगलादेशमा व्यावसायिक फुटबल खेल्दा उनले मासिक ७५ हजार भारतीय रुपैयाँदेखि २ हजार अमेरिकी डलरसम्म पारिश्रमिक लिएका थिए। 'लोभी नभएकाले कमाएको पैसा बचाउन सकिनँ,'- उनले हाँस्दै भने। उनले पहिलोपल्ट फुटबल खेलेको पारिश्रमिक २०४७-०४८ सालमा भारतको सिलीगुढीमा खेल्दा भा.रु.७ रुपैयाँ हात पारेका थिएँ। हरि भन्छन्- 'त्यो बेला नाम र देशका निम्ति खेल्न पाए पुग्थ्यो।'

| | |
|---|---|
| नाम | हरि खड्का |
| बोलाउने नाम | भान्जा |
| स्वदेशी क्लब : | मनाङ-मर्स्याङदी क्लब, न्युरोड टिम, महेन्द्र पुलिस क्लब |
| विदेशी क्लब : | भारतको मोहन बगान, महिन्द्र एन्ड महिन्द्रा, मोहम्मडन स्पोर्टिङ बंगलादेशका मोहम्मडन, ब्रदर्स युनियन, चित्तगोङ अवानी |
| उपाधि : | २ वटा सहिद स्मारक लिग, ३० वटाभन्दा धेरै नकआउट उपाधि |
| अन्तराष्ट्रिय खेल : | ४९ |
| अन्तर्राष्ट्रिय गोल : | १२ |
| बलियो पक्ष : | कुल फिनिसिङ, स्पिड र ड्रिब्लिङ स्किल |
| सुखद क्षण : | कार पुरस्कार |
| दुखद क्षण : | आठौं साफको फाइनलमा बेहोरेको हार |
| मन पर्ने खेलाडी : | वसन्त थापा, जुमनु राई, थिएरी हेनरी |
| मन पर्ने टिम : | महेन्द्र पुलिस क्लब, म्यानचेस्टर युनाइटेड, इङ्ल्यान्ड |
| मन पर्ने प्रशिक्षक : | विराटकृष्ण श्रेष्ठ, जोसे माउरिन्हो |





## समूह विभाजन

| | |
|---|---|
| समूह ए- | पाकिस्तान, जिम्बाबे, न्युजिल्यान्ड र मलेसिया |
| समूह बी- | भारत, वेस्टइन्डिज, दक्षिण अफ्रिका र पपुवान्युगिनी |
| समूह सी- | अस्ट्रेलीया, श्रीलंका, नेपाल र नामिबिया |
| समूह डी- | इङ्ग्ल्यान्ड, बंगलादेश, बर्मुडा र आयरल्यान्ड |

# यु-१९ विश्वकपको तयारी सुरु

नेपालले दुई महिनापछि हुने यु-१९ विश्वकप क्रिकेट प्रतियोगिताको तयारी सुरु गरेको छ। गत अगस्ट महिनामा मलेसियाको किनारा ओभलमा भएको यु-१९ एसिया कपको फाइनलमा अफगानिस्तानलाई पराजित गर्दै नेपालले विश्वकपमा प्रवेश पाएको हो। लगातर पाचौं पटक यु-१९ विश्वकप प्रतियोगितामा सहभागी हुन लागेको नेपाली टिम यसअघि एकपटक प्लेट च्याम्पियन, एकपटक प्लेट रनर अप, एकपटक प्लेट च्याम्पियनसिपको सेमिफाइनल तथा एक पटक दोस्रो चरणको यात्रा तय गरिसकेको छ।

यस पटक नेपालको समूह विगतको भन्दा धेरै कठिन भएको बताइएको छ। फेब्रुअरीको तेस्रो साता सुरु हुने प्रतियोगिताको पहिलो चरणमा नेपालले कठिन प्रतिद्वन्द्वी अस्ट्रेलिया र श्रीलंका मात्र होइन, इमर्जिङ नेसन्समै उत्कृष्ट मानिएको नामिबियाको सामना गर्नेछ। विगतमा न्युजिल्यान्ड, दक्षिण अफ्रिका, पाकिस्तान र बंगलादेशलाई पराजित गरिसकेको नेपालले यस पटक पहिलो चरणमा ती कुनै पनि प्रतिद्वन्द्वीको सामना गर्नुपर्नेछैन। जाइन्ट किलरको पुरानो छविलाई अघि बढाउने क्रममा नेपालले यस पटक अस्ट्रेलिया र श्रीलंकासँग भिड्ने अवसर पाएको छ। यदि यीमध्ये कुनै एक खेलमा सफलता हात पारे नेपालको दोस्रो चरणको यात्रा मात्र सहज बन्दैन, कुनै पनि प्रतिद्वन्द्वीका लागि डरलाग्दो टिमका रूपमा आफ्नो परिचय पनि बनाउनेछ।

प्रत्येक दिन दुई पटक प्रशिक्षणमा व्यस्त नेपाली टिमको हकमा यस पटक मलेसिया आफू अनकूल भूमि पनि भएको छ। एसियाली विजेता बनेदेखिको अनुभवसमेत विश्वकपमा उपयोगी सावित हुन सक्ने विश्वास नेपाली क्रिकेट अधीकारीहरूको छ। 'यो प्रतियोगितामा हामीले अनपेक्षित सफलता पाउन सक्छौं। यस क्रममा मलेसियाको क्रिकेट मैदान पनि हाम्रा लागि सहयोगी सावित हुनेछ।' नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष उपेन्द्र भट्टराईले साप्ताहिकसँगको कुराकानीमा बताए। दैनिक चार घन्टा प्रशिक्षण गरिरहेको नेपाली टोली अझ निखार ल्याउनकै लागि जनवरी महिनाको दोस्रो साता प्रशिक्षणका लागि बंगलादेश जाने भएको छ। दुई साता लामो यो प्रशिक्षणमा नेपालले त्यहाँका घरेलु टिमसँग अभ्यास खेल खेल्नेछ।

अस्ट्रेलिया र श्रीलंका त नेपालका लागि कठिन प्रतिद्वन्द्वी हुँदै हुन्। साथै सियन सिल्भरजस्ता प्रभावकारी ब्याट्सम्यानले सुसज्जित नामिबिया पनि कमजोर आँक्न मिल्ने टिम होइन। सिल्भरकै सानदार प्रदर्शनमा नामिबियाले अफ्रिकी च्याम्पियनसिपमा केन्यालाई मात दिँदै विश्वकपमा टिकट पाएको थियो।

उत्कृष्ट अलराउन्डर पारस खड्काको नेतृत्वमा रहेको नेपाली टिममा राज श्रेष्ठ र अभय राणा अन्य महत्त्वपूर्ण खेलाडीका रूपमा रहनेछन्। प्रारम्भिक बलर अमृत भट्टराई र विकेट किपर ब्याट्सम्यान महेश क्षेत्री पनि नेपाली टिमका प्रमुख खेलाडी हुनेछन्। पहिलो पटक टिममा १५ खेलाडी समावेश गर्ने नयाँ परिपाटी यही प्रतियोगिताबाट सुरु हुने भएको छ। १९ जनालाई प्रशिक्षण गराइरहेको नेपालले अन्तिम १५ खेलाडीको नामावली अर्को महिना मात्र तयार गर्नेछ।

**विगतको यु-१९ विश्वकप**

नेपालले पहिलो पटक सन् २००० मा इङ्ल्यान्डमा भएको विश्वकपमा सहभागिता जनाएको थियो। भाग्यको सहारामा दोस्रो चरणको यात्रा तय गर्ने क्रममा नेपालले वर्षाको सहयोगमा बलिया प्रतिद्वन्द्वी पाकिस्तान र दक्षिण अफ्रिकासँग अंक बाँडेको थियो भने केन्यालाई पराजित गरेको थियो।

सन् २००२ मा नेपालले प्लेट रनर अप बनेको थियो। पहिलो चरणमा पाकिस्तानलाई पराजित गरे पनि नेटरनरेटका आधारमा बाहिरिएको नेपाली टोलीले प्लेट च्याम्पियनसिपमा अर्को टेस्ट राष्ट्र बंगलादेशलाई पराजित गरेको थियो। सन् २००४ मा कमजोर प्रदर्शन गरेको नेपाल प्लेट च्याम्पियनसिपको सेमिफाइनलमै सीमित भयो। सन् २००६ को प्रतियोगिताको अर्को संस्करण नेपालका लागि महत्त्वपूर्ण सावित भयो। जहाँ नेपालले प्लेट च्याम्पियनसिपको उपाधि जित्ने क्रममा बलिया प्रतिद्वन्द्वी न्युजिल्यान्ड र दक्षिण अफ्रिकालाई पराजित गरेको थियो।

**मनोज घिमिरे**

# पोखरामा राष्ट्रिय तेक्वान्दो



तस्बिर : प्रेम नेपाली

**शिव शर्मा**

पोखरा- पोखरा रंगशालामा सम्पन्न आठौं राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको पुरुषतर्फको उपाधि त्रिभुवन आर्मी क्लब तथा महिलातर्फ राष्ट्रिय टिम बी महिलातर्फको टिम इभेन्टको उपाधि रक्षा गरेका छन्। प्रतियोगितामा नेपाल प्रहरीले ४ स्वर्ण जितेको छ भने नेपाली सेनाले ३ स्वर्णसँगै ३ रजत हात पारेको छ। त्यस्तै राष्ट्रिय टिम ए र बीले पनि ३-३ स्वर्ण पदक हासिल गरे। खेलमा महिलातर्फ राष्ट्रिय टिम बीकी नितु श्रेष्ठ तथा पुरुषमा पश्चिमाञ्चलका खेमराज पुन उत्कृष्ट खेलाडी घोषित भएका थिए।

प्रतियोगिताअन्तर्गत पुरुषतर्फको फिन वेटमा राष्ट्रिय टिम 'ए' का पुष्प थापामगरले मध्यमाञ्चलका सुरेन्द्रकुमार शाहीलाई हराएर स्वर्ण पदक कब्जा गरे भने वेन्टम बेटमा नेपाल प्रहरीका कुमार मानन्धरले सुदूर पश्चिमका प्रकाश डगौरालाई अंकका आधारमा पराजित गरी चौथो स्वर्ण ल्याए।

महिला फ्लाई वेटतर्फ राष्ट्रिय टिम 'ए' की पदमा गुरुङले राष्ट्रिय टिम 'बी' की नितु श्रेष्ठसँग कडा भिडन्त गर्दै स्वर्ण जितिन्। तीन राउन्डसम्म बराबरीमा रहेको प्रतिस्पर्धालाई उनले चौथो राउन्डमा जम्मा एक अंकले पाखा लगाइन्।

त्यस्तै फिन वेटमा यानकुमारी चौलागाईंले पूर्वाञ्चलकी रीतु मादेनलाई हराएर टिमका लागि थप एक स्वर्ण जोडिन्। प्रतियोगितामा महिलातर्फ ४२ तथा पुरुषतर्फ ५५ गरी ९७ जना खेलाडीले १४ इभेन्टमा प्रतिस्पर्धा गरेका थिए। नेपाली सेना, नेपाल प्रहरी, राष्ट्रिय टिम ए, राष्ट्रिय टिम बी, पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल गरी नौ टिमको सहभागिता थियो।

कार्यक्रमको समापनमा कास्की जिल्ला तेक्वान्दो संघले तेक्वान्दो खेलको विकासमा योगदान पु-याएकोमा पाँच जना खेलाडीलाई सम्मान गरिएको थियो। समारोहमा सन २००८ बेजिङमा हुने ओलम्पिकमा तेक्वान्दोमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडी दीपक विष्ट, प्रशिक्षक गोविन्द विष्ट, कोरियन प्रशिक्षक क्याङह्योक जोङ, महिला खेलाडी संगीना वैद्य तथा प्रशिक्षक रविकुमार श्रेष्ठ सम्मानित भएका हुन्।

# सुरु भयो आहा गोल्डकप

पोखरा- पुसको चिसो मौसमलाई यति बेला पोखरा रंगशालामा आहा गोल्डकप फुटबल प्रतियोगिताले तताउँदैछ। अबको दुई साता पोखरा फुटबलको कुम्भ मेलाजस्तै हुनेछ।

सहारा क्लबको आयोजनामा यसपटक पोखरा रंगशालामा पुस १७ देखि सञ्चालन भएको प्रतियोगिताको छैटौं संस्करण हो।

प्रतियोगितामा उपाधिका लागि नेपाल, बंगलादेश, भारत तथा बेलायत गरी ४ देशका १२ वटा क्लबले उपाधिका लागि भिडिरहेका छन्, जसमा नेपालका तीन विभागीय टिम नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल सशस्त्र प्रहरी क्लब, धरान फुटबल क्लब, सुनसरी, रूपन्देही ११, नबिल थ्रिस्टार, एनआरटी क्लब, फ्रेन्ड्स क्लब छन् भने पहिलो पटक भारतको कोलकाताबाट पिरलेस फुटबल क्लब तथा बंगलादेशको डिगान्टा पोसारी क्लबले पहिलो पटक सहभागिता जनाएका छन्। दुई पटकसम्म आहा गोल्डकपको उपाधि चुमेको मनाङ-मर्स्याङ्दी क्लबले यसपटक प्रतियोगितामा सहभागिता जनाएको छैन। यो क्लब पोखरेलीहरूको रोजाइको फुटबल क्लबका रूपमा रहँदै आएको छ।

हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा भैरहेको प्रतियोगिता सम्पन गर्न कुल ३० लाख ८५ हजार खर्च लाग्ने जानकारी आयोजकहरूले दिएका छन्। प्रतियोगितामा आहा कप उचाल्ने विजेता टिमलाई नगद १ लाखका साथमा शिल्ड, मेडल तथा प्रमाणपत्र, उपविजेता टिमलाई ५० हजार नगद, शिल्ड, मेडल तथा प्रमाणपत्रको व्यवस्था गरिएको छ।

प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई आहा म्यान अफ दि म्याच प्रदान गरिनेछ भने सर्वाधिक गोलकर्तालाई १५ हजार राशिको पुरस्कारको व्यवस्था गरिएको छ। यस पटक उत्कृष्ट खेलाडीलाई मोटरसाइकल दिने चाँजोपाँजो क्लबले जुटाएको छ। मोटरसाइकलको प्रायोजन मोरङ अटो वर्क्स तथा सहारा युकेले गरेका छन्।

२०५८ सालदेखि क्याराभान गोल्डकपबाट सहारा क्लबले फुटबल प्रतियोगिता सुरु गरेको हो। यसरी आयोजना भएको पहिलो क्याराभान गोल्डकपमा नेपाल पुलिस क्लब, २०५९ मा आयोजित आहा गोल्ड कपमा नेपाल पुलिस क्लब, द्वितीय तथा तृतीय आहा कपमा मनाङ-मर्स्याङ्दी क्लब, चौथो आहा कपमा अफ्रिकन युनाइटेड क्लब एवं पाँचौं आहा गोल्डको उपाधि नबिल थ्रिस्टारले जितिसकेका छन्।

## विराटनगरमा नयाँ वर्ष



विराटनगर- गएको सोमबार राति विराटनगरमा धेरै मानिस जागै रहे। पुरानो वर्ष २००७ लाई बिदा गर्न यसरी मध्यरातसम्म मानिस जागा बसे। मध्यरातको १२ बजे नयाँ वर्षलाई स्वागत गर्दै आपसमा 'ह्याप्पी न्यू इयर' भनेर उनीहरूले सद्भाव बाँडेका थिए। नेपाली नयाँ वर्षजत्तिकै विदेशी नयाँ वर्ष मनाउन विराटनगरका हरेक होटलहरूले रमाइलो कार्यक्रम आयोजित गरेका थिए। होटल सगरमाथा पार्टी प्यालेसमा स्मृति ब्यान्डको लाइभ सो हेर्न मानिसहरूको ठूलो जमघट थियो।

सधैंझैं गजल सञ्चालन गरिएको होटल मुनले भने नयाँ वर्ष स्पेसलमा सहभागी धेरै भएकाले ग्राहकहरूलाई बाहिर निकाल्नुपरेको थियो। खासगरी युवा तथा भारतीय ग्राहकले भरिएको मुनमा एउटै टिकटमा खान एवं पिउन पाउने व्यवस्था मिलाएको थियो। तारे होटल जेनियलमा पनि रमाइलो गर्न उत्तिकै मानिस भेला भएका थिए। एउटै व्यक्तिले रातभर रमाइलो गर्दै विराटनगरका सम्पूर्ण होटलसमेत चहारेका थिए। केही मानिसले रत्ना होटलको शान्त वातावरणमा रमाइलो गरेका थिए। पोकेमन पार्क, प्याराडाइज होटल, नमस्कार, इस्टर्न स्टार, सेरेपन्जावजस्ता होटलहरू नयाँ वर्षको रमाइलोमा रम्नेहरूले भरिएको थियो।



## नयाँ वर्षको नयाँ रौनक

नयाँ वर्ष २००८ लाई स्वागत गर्ने क्रममा गत सोमबार होटल साङ्ग्रिलाले लोकप्रिय फेसन टेलिभिजन च्यानल एफटिभीका मोडलहरूलाई काठमाडौंमा प्रस्तुत गऱ्यो। फ्रेन्च डान्सर क्युओट, भारतीय रक-ब्यान्ड ह्वाइट डोभकी शिल्पा भारती तथा टर्कीकी डिजे इगल्सले उत्तेजक पहिरनका साथ आफ्नो प्रस्तुति दिएका थिए। उत्कृष्ट गीत र आकर्षक नृत्य प्रदर्शन गरिएको उक्त कार्यक्रमलाई एफटिभीले पनि प्रसारण गर्ने भएको छ। अंग्रेजी कलाकारका साथमा अंग्रेजी वर्षलाई स्वागत गर्न पुगेका नेपालीहरू कार्यक्रमको नयाँ शैलीमा आफूलाई आत्मसात् गर्नमा अभ्यस्त देखिए।

## कलेज एम्बेसडर प्रवेश र आस्था

विकास र स्थायित्वका लागि शान्ति र शिक्षाको आवश्यकतालाई उजागर गर्दै 'द कलेज एम्बेसडर २००७ प्रतिस्पर्धा सम्पन्न भएको छ। गत बिहीबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा ग्रीन आर्टस मिडियाद्वारा आयोजित प्रतियोगितामा राजधानीका १४ वटा विभिन्न कलेजमा अध्ययनरत १३ जना छात्रा र ९ जना छात्रको सहभागिता थियो।

काव्य, द सोल अफ फेसनद्वारा





तयार पारिएका विभिन्न नेकलाइनयुक्त पीच कलको स्लिभलेस इभिनिङ गाउनमा सजिएका महिला प्रतिस्पर्धी तथा कालो सुट र सेतो सर्ट पहिरिएका पुरुष प्रतिस्पर्धीहरूको परिचयात्मक चरणबाट प्रारम्भ भएको उक्त प्रतियोगिता बेस्ट ड्रेस राउन्ड, उत्कृष्ट १२ तथा उत्कृष्ट ६ को चरण हुँदै विजेता छनौट गरी सम्पन्न भएको थियो। अनिला श्रेष्ठको कोरियोग्राफीमा सम्पन्न यो प्रतियोगितात्मक कार्यक्रमलाई लसता जोशी, निर्णय श्रेष्ठ, प्राश्ना शाक्य, सविना कार्की तथा सुमन श्रेष्ठका गीतले संगीतमय बनाएको थियो भने सीबीएम कलेज तथा अर्बिट इन्टरनेसनल कलेजका विद्यार्थीहरूको नृत्य पनि आकर्षक थियो।

व्यक्तिको जीवनमा ज्ञान, धन र बुद्धिमध्ये सबैभन्दा बढी महत्त्वपूर्ण के हो भन्ने निर्णायक प्रश्नको सटीक जवाफ दिँदै अन्ततः युनाइटेड एकेडेमीका प्रवेश छेत्री तथा जेभिएर एकेडेमीकी आस्था पौडेलले 'द कलेज एम्बेसडर २००७' को शीर्ष उपाधि हात पारे। उपाधि विजेतालाई मिस नेपाल शीताष्मा चन्दले ट्रफी तथा प्रमाणपत्र प्रदान गरेकी थिइन्। अन्य उपाधितर्फ राज श्रेष्ठ र श्वेता श्रेष्ठ मिस्टर एन्ड मिस फोटोजेनिक, स्मिता श्रेष्ठ चार्मिङ पर्सनालिटी र दिवस श्रेष्ठ बेस्ट पर्सनालिटी घोषित भए। सहभागी सबै प्रतियोगीमध्येबाट सुजन शाक्य फ्रेन्डसिप, निमेश मल्ल साउन्ड हेल्थ, क्रिशा बज्राचार्य बेस्ट पर्फमेन्स, पेमा शेर्पा मस्ट डिसिप्लिन, अर्चना थापा बेस्ट ड्रेस तथा युनिशा सुब्बा बेस्ट ट्यालेन्ट छनौट भए।

## पोखरामा जम्यो डान्स पार्टी

पोखरा– रात रंगीन बनिरहेको थियो। अंग्रेजी नयाँ वर्षको स्वागत गर्न मनोरञ्जनपारखीहरू आतुर देखिन्थे। कोही घुमघाम तथा खानपिनमा मस्त थिए तर खाने र मोजमस्तीको कुरा बेग्लै भयो। नयाँ वर्षलाई स्वागत गर्न अधिकांश पारखीहरू क्लब प्याराडी-सोमा खचाखच थिए। डान्स पार्टी साँझदेखि नै भनिए पनि रातिको आठ बजेमात्र सुरु हुने तर्खरमा थियो। हूलका हूल युवा-युवतीहरूको झुन्डले क्लब परिसर रन्किन पुग्यो। मदिराले मात्तिएकाहरूले आफू नाचेको समेत भेउ पाइरहेका थिएनन्। उन्मादमा शरीर फ्याँकेर नाचिरहेका युवा-युवतीहरूले रातलाई रंगीन तुल्याउन तत्पर देखिन्थे।

नयाँ वर्षको उमंगमय डान्सको मज्जा लुट्न यस पटक स्थानीय मात्र होइन, राजधानीबाट नयाँ वर्ष मनाउन आएका युवा-युवतीहरू पनि त्यत्तिकै मात्रामा सहभागी भयो। प्रत्येक वर्ष अंग्रेजी नयाँ वर्षलाई निम्तो दिँदै क्लब

तस्बिर : दीपक ठकुरी



प्याराडी-सोले न्यु एयर स्पेसल डान्सपार्टी गर्दै आएको छ। आहा गोल्डकपको पूर्वसन्ध्यामा प्रतियोगितामा भाग लिन राजधानीबाट आएका चर्चित फुटबलका हस्तीहरू पनि कम्मर मर्काउँदै डान्समा मस्त भए। नाच्ने क्रम रातको दुई बजेसम्म निरन्तर चलेको थियो।

## सानाको मेलामा ठूलाको रमाइलो

काठमाडौं- बिहीबारदेखि आइतबारसम्म त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा रहेको डाइरेक्सन नेपालको प्रदर्शनी हलमा स-साना बालबालिकाहरू मात्र होइनन् उनका अभिभावकहरूको पनि निकै भीड थियो। बालबालिकाको शारीरिक तथा मानसिक विकासका साथै अन्य रोचक सामग्रीहरूको पचासभन्दा बढी स्टलको प्रदर्शनी 'चिल्ड्रेन एक्स्पो' ले बालबालिकाका साथै ठूलाहरूलाई पनि रमाइलो गरायो।

जाडो मौसममा हरेक वर्ष विद्यालयहरूमा जाडोको बिदा हुने गरेको छ। पहिले 'मीन पचास' भनेर पचास दिन हुने यस्ताखाले बिदालाई पढाइको चापले गर्दा विद्यालयहरूले घटाउन थालेपछि अचेलका बालबालिका यसलाई 'विन्टर भ्याकेसन' का रूपमा बुझ्छन्। यसैबेला विभिन्न संस्थाहरूले 'विन्टर क्याम्प' को आयोजना गर्छन्। एक्स्पोमा पनि त्यस्ता क्याम्पहरूका आयोजक संस्थाहरूका स्टलमा अभिभावकहरूको चाप बढेको थियो। त्यसैगरी नेपालमै उत्पादन गरिएका एवं विदेशबाट आयातित काठका खेलौना, प्लास्टिक तथा रबरका खेलौनाका साथै कलासँग सम्बन्धित उत्पादनहरू बालबालिका एवं अभिभावकका लागि जिज्ञासाका वस्तु भएका थिए। अनुहारमा विभिन्न कार्टुन आकृति बनाउने, पानी फोका उडाउनमा कोही बालबालिका मस्त देखिन्थे भने कोही विभिन्न पुस्तक तथा सिडीहरू खरिद गर्न आफ्ना अभिभावकहरूलाई कजाइरहेका थिए। बालबालिकाका लागि योग, क्रिकेट, ब्याडमिन्टनको बेसिक कोर्ष गराउने संस्थाहरू पनि त्यहाँ ग्राहक बटुल्दै थिए।



एक्स्पोमा डेन्टल क्याम्प, आर्ट कम्पिटिसन, फेन्सी ड्रेस सो, म्याजिक सो, ड्रामा तथा बालमनोविज्ञान एवं संगीतका सेमिनार समेत आयोजना गरिएको थियो। डाइरेक्सन नेपाल एक्जिबिसन एन्ड कन्भेन्सन सेन्टरको आयोजनामा सम्पन्न उक्त एक्स्पोमा झण्डै २५ हजार बालबालिका तथा अभिभावकले भ्रमण गरेको डाइरेक्सन नेपालका निर्देशक दीपक थापाले साप्ताहिकलाई बताए।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।